भैरव दु:खान्त | ट्रान्सजेन्डर अञ्जलीको तहल्का

आइतबार • १६ माघ २०७३ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

ढुकुटीमा धक्का

प्रवासको कमाइ सुन तस्करीमा

मोहन वैद्यको 'जनयुद्ध'

नेपाली जीन भारतमा अवैध पैठारी

ADMISSION OPEN

MCA

Masters of Computer Application (2 years)

Eligibility :

BCA,BIT,BE Computer,BIM, Bsc(CSIT),Bsc(IT), BCIS or equivalence.

PGDCA

Post Graduate Diploma in Computer Application (1 year)

MAMCJ

Masters of Arts in Mass Communication and Journalism (2 years)

Eligibility :

PGDCA/MAMCJ: Bachelor in any stream (BA,BBS,B.ED,BBA,BSC)

Last Date of Form Submission 12th Magh 2073

Last Date of Form Submission with Late Fee 16rh Magh 2073

HOTLINE for MAMCJ: 9860352876, HOTLINE for MCA & PGDCA: 9803247195

Affiliated to Purbanchal University

KANTIPUR CITY COLLEGE SINCE 2000

Putalisadak, Kathmandu, Nepal
PO Box: 12837, Ph: 4437093, 4430239
E-mail: admission@kcc.edu.np
Web: www.kcc.edu.np

HI-TECH CEMENT

ने.गु.४९

हरेक निर्माण मजबुतीको प्रमाण

हाई-टेक ओ.पि.सि. सिमेन्ट

बदलिंदो निर्माण प्रविधिसंगै सिमेन्ट छनोट प्रकृयाबारे पनि गहिरेर सोच्नुपर्ने स्थितिको सृजना भएको छ । त्यसैले रोजौं गुणस्तरीय **HI-TECH ओ.पि.सि.** सिमेन्ट जसले आफ्नो मजबुत एवं अदम्य साहसद्धारा तपाईंको हरेक निर्माणलाई गुणस्तरीयताको प्रमाणस्वरुप प्रस्तुत गर्दछ ।

A QUALITY PRODUCT OF
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल

Corporate Office:
Ambe Complex, 6th floor, Teku, Kathmandu, Nepal
Ph: 977-1-4225027, 4212642: Fax: 977-1-4257737
Email: ambecementktm@gmail.com

Made in Nepal
O.P.C.
SUPER FINE

ISO 9001:2008 CERTIFIED COMPANY

NO. 1
COOL
OIL IN THE WORLD
हिमानी
नवरत्न
तेल
तनाव, टाउको दुखाई,
थकान अनि अनिद्रा हटाउँछ
आराम दिन्छ
चिसो
चिसो
COOL
COOL
नवरत्न
तेल
नवरत्न
तेल
यसमा छ :
लताकस्तुरी, नगरमोठा,
जापा पुष्पा, भिङ्गराज, शैलजा,
कसिर काकोली, करचुर,
अमला र कुन्च

आइतबार, १६ माघ २०७३ (वर्ष १७, अंक २४)
NEPAL National Weekly, 29 Jan 2017 (Vol. 17, No.24)
नेपाल
www.nepal.ekantipur.com



सुन तस्करीले ढुकुटीमा धक्का

आवरण ३०

१८ संवाद
'ओलीको राष्ट्रवाद आस्था वा आदर्श होइन'
- राधाकृष्ण मैनाली

२० स्वास्थ्य
नेपाली जीनमाथि गम्भीर खेलवाड

२७ राजनीति
फेरि 'जनयुद्ध' !



३८ इतिहास
भैरव दुःखान्त

जाडो छल्न औल ... १४
दृष्टिकोण : तुलानारायण साह ... १५
भ्रष्टाचार मुद्दामा चलखेल ... २४
दिल्ली सम्झौताविरुद्ध रामप्रसाद राई ... ४५

५४ झल्याकझुलुक
आइटममा सीमित

४२ मोडलिङ
ल्याक्मे फेसन विकमा ट्रान्सजेन्डर

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), सहरमा (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल
साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने
कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ९ माघ २०७३, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

पर्दा खसेपछिको नाटक

संसद्द्वारा निलम्बित अख्तियार प्रमुख लोकमानसिंह कार्कीको योग्यता र उनलाई नियुक्त गर्दाको निर्णय प्रक्रियालाई लिएर सर्वोच्च अदालतको फैसलाको पेटबोली दमदार लाग्यो *(टाउकामै प्रहार, ९ माघ)*। तर, यसै विषयमा संसद्मा विचाराधीन महाभियोग प्रस्तावबारे सांसदहरूको रबैया भने बुझिनसक्नु छ। जब पूर्वअख्तियार प्रमुख झिटीगुन्टा बोकेर विदेशतर्फ लागे, संसदीय समितिले उनीमाथिको महाभियोग प्रस्ताव ब्यूँताएको नाटक मञ्चन गरेको छ। यो त पर्दा खसेपछिको नाटकजस्तो भएन र ?

● सीताराम भट्टराई
चाबहिल, काठमाडौँ

- लोकमानसिंह कार्कीको नियुक्ति बदर गर्ने अदालतको पछिल्लो आदेशसँगै उनलाई नियुक्ति दिने संवैधानिक परिषद्का पदाधिकारी र नियुक्ति दिलाउन भूमिका निर्वाह गर्ने राजनीतिक नेताहरूकै योग्यता, नैतिकता र नियतमाथि प्रश्न उठेको छ। शाहीकालीन मुख्यसचिव, जनआन्दोलनका प्रमुख दमनकारीमध्येका एक, पटकपटक भ्रष्टाचार र सुन तस्करीसम्बन्धी प्रकरणमा मुछिएका र लोकसेवा आयोगको स्वतन्त्र प्रतिस्पर्धाको सामना पनि गर्नु नपरेका कार्कीलाई गणतन्त्रकालीन शासन व्यवस्थामा स्वस्थता कायम गराउने निकायको प्रमुख बनाइनुजत्तिको दुर्भाग्य अरू के होला ? यस्तो कुकर्ममा गणतन्त्रका प्रमुख पैरवीकर्ता दलका नेताहरूले एकमतले सहमति जनाउनु तर कारबाहीबाट उन्मुक्ति दिँदा पनि त्यसै गरी एकमत हुनु मुलुक गणतन्त्रमा प्रवेश गरेको र हामी गणतन्त्रात्मक मुलुकका नागरिक हौँ भन्न पनि लाज लागेर आयो।

● मिलन सुब्बा
पाटनढोका, ललितपुर

परिवर्तनको संकेत

मुलुक गणतन्त्रात्मक भए पनि कुनै परिवर्तन भएन भन्नेहरूलाई लोकसेवा आयोगको भूमिका विस्तारसम्बन्धी समाचार गजबको झापडजस्तो लाग्यो *(गए पहुँच र पैसाका दिन, ९ माघ)*। लोकसेवा आयोगको कार्यक्षेत्र विस्तार गरेर सेना, प्रहरी, सरकारी स्वामित्वका संस्थान तथा संगठित संस्थामा उसको उपस्थिति बढाउँदा परिवर्तन देखिने गरी नै सार्वजनिक भएको छ। अब त चिनजान, पैसा र पहुँचका आधारमा जागिर खानेहरूका दिन गएजस्तो छ। यस्तो परिवर्तन मुलुकका लागि वास्तवमा इज्जत र प्रतिष्ठाकै कुरा हो।

● शिवराम यादव
चन्द्रनिगाहपुर, रौतहट

- यो त लोभ्याउने कुरा मात्रै हो। किनभने, वास्तविकता अर्कै छ। अहिले पनि हाम्राकै दिन छन्। जसको ठाउँमा मान्छे छन्, उसलाई न पढाइ चाहिन्छ, न त उमेरले रोक्छ। आममानिसका लागि सरकारी जागिर त अझै पनि आकाशकै फलजस्तो छ। पहुँचवालाले अहिले पनि सरकारी जागिर पाएकै छन् र खाएकै छन्। न उनीहरूले लोकसेवा आयोग पास गर्नुपर्छ, न त अन्तर्वार्ता नै उत्तीर्ण गर्नुपर्छ। भित्रभित्र आफ्ना मान्छे घुसाएकै हुन्छन्। पहिले करारमा आफ्ना घुसाउँछन् र बिस्तारै स्थायी गराउँछन्। यो प्रवृत्ति हट्यो भनेर ढुक्क नहुँदा पनि हुन्छ। भन्न र लागू गर्नमा धेरै फरक छ भनेको यही हो।

● मेरिना लामा बोहरा
महेन्द्रनगर, कञ्चनपुर

- न कुनै क्रिएटिभिटी छ, न त कुनै नौलोपन। बस्, रट्टामार सिस्टम र आरक्षणबाट जागिर खायो ! न कुनै कामप्रतिको लगाव, न त जनताको सेवा गर्ने चाहना नै। जसरी पनि कमाऊ, कमाऊ र कमाऊ। भविष्यको मात्रै चिन्ता, वर्तमानको बेहाल। यस्तै हो निजामती सेवाको हाल।

● कृष्ण चौधरी
सहरानपुर, बर्दिया

नयाँ सोचको आवश्यकता

विरोधी विचारधारालाई अनावश्यक संज्ञा दिई हुर्मत लिने र आफ्नो र आफू समर्थकको प्रभुत्व कायम राख्ने परम्पराका कारण नै कहिले गाथगादी ताक्ने समूह, कहिले अराष्ट्रिय तत्त्व, कहिले दरबारिया, प्रतिक्रियावादी अनि आतंकवादीसँगसँगै पेचिलो समयमा लम्पसारवादको नयाँ रूप

आएको छ (*बीपीले देखेको जातिवाद र मधेसवादको जरो, ९ माघ*)। यी जुनसुकै नाम पनि वास्तविकतासँग धेरै टाढा रहेको सत्य हो।

हस्त गुरुङको समसामयिक लेखले संकेत गरेको कुरा यही हो। कथित पञ्चायतकालीन राष्ट्रवादले नै अन्तर्राष्ट्रिय प्रभाव बढाएको हो। त्यसअगाडि भीमदेव पन्तको हत्या, सरोज कोइरालाको सीमापारि भएको हत्याका कुराहरूका आधारमा नै बीपीले हत्या शृंखलाको सुरुवात भएको उल्लेख गरेका थिए। त्यसै गरी ऋषिकेश शाहजस्ता सुरुका राजावादी अनि कथित मानव अधिकारकर्मीको विदेशी एजेन्डाको मधेस र जातिवादको गोलचक्करमा मुलुक फेसेको हो। जसका कारण लामो समयको कथित जनयुद्ध र साम्प्रदायिक सद्भाव भड्काउने खेलमा हामी सारा नेपाली चाहे जुनसुकै वादका हौँ, फसेकै छौँ। बीपीको दूरदृष्टिले नै उहिले राजनेता बनाएको हो। तैपनि, त्यो भनाइलाई प्रकाशमा लिई आउन नसक्नु उनको पनि कमजोरी हो।

निरपेक्ष रूपमा भन्नुपर्दा प्रत्येक राजनीतिक दल र नेतृत्वसँगै कथित दबाब समूह पनि विदेशीको गोटी बन्न पुगेको कुरो मार्मिक छ। राष्ट्रवाद कसैलाई गाली गरेर भन्दा पनि कसैले देखेको बाटोमा लाग्दा जोगाउन सकिन्छ। अब गाली गरेर होइन, सबैलाई सकारात्मक सोचको विकास गर्न लागौँ। नयाँ सोचको विकास गर्न लागिपरौँ। नेपाली हामी रहौँला कहाँ नेपाल नै नरहे!

● **संसारचन्द्र न्यौपाने**
भरतपुर-९, चितवन

विविधताको वरदान

नेपाली भाषाका तहगत विविधतालाई मज्जाले केलाइएको रहेछ (*'मर्जी होस्'ले बित्यास, ९ माघ*)। दीप लामिछानेका अनुसार सम्बोधनका मौसुफ, हजुर, हुकुम होस्, मर्जी होस्, खाइबक्सियोस्, खाइसियोजस्ता सम्बोधन

व्यक्तिका स्वैच्छिक हुन्। तर, *नेपाल* पत्रिकालगायत सबैजसोले तपाईं सम्बोधन हटाएर तिमी मात्र चलाएको देख्दा पछि गएर नेपाली भाषा पनि अंग्रेजीको 'यू'जस्तै एकै सम्बोधनमा सीमित होला कि ? विविधतालाई हाम्रो भाषाको वरदान ठान्ने कि अभिषाप ?

● **रेश्मा शाक्य**
काभ्रेपलाञ्चोक

(**सच्याइएको** : गतांकको विवेक पौडेलको आलेख 'नाभि हराएको कस्तूरी'मा 'इतिहासकार लुडविग स्टीलर (जो अमेरिकी नागरिक थिए र पछि नेपाली भए)का शब्दमा' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

- प्रधान सम्पादक)

विदेशबाट

'क्षेत्रीय विकासका लागि चीन'

नेपाल विद्युत् प्राधिकरणले चीनको थ्री गर्जेज कर्पोरेसनसँग पश्चिम सेती जलविद्युत् परियोजनाका लागि १.६ अर्ब अमेरिकी डलरको प्रारम्भिक सम्झौता बहुचर्चित संयुक्त लगानीको कोसेढुंगा भएको छ । ७ सय ५० मेगावाट क्षमताको यस परियोजनाले नेपालको ऊर्जा संकटसँग जुध्ने र नेपालको अर्थतन्त्र सुधार्ने चिनियाँ पत्रिका *ग्लोबल टाइम्सले* लेखेको छ । सन् २०१४ मा पहिलोपटक चीनले प्रत्यक्ष वैदेशिक लगानीमा भारतलाई उछिनेको थियो भने सन् २०१५/१६ मा कुल वैदेशिक लगानीमा ४२ प्रतिशत हिस्सा ओगटेको थियो ।

५ माघमा पत्रिकाले यस्ता ठूला परियोजनाका लागि प्रविधि, उपकरण र लागतका दृष्टिले भारतीयभन्दा बढी प्रतिस्पर्धी रहेको बताएको छ । उसले भारतीय कम्पनीहरू चीनले गरिरहेको लगानीबाट आत्तिनुभन्दा दुवैले नेपालको जलविद्युत् क्षमतालाई अवसरका रूपमा लिनुपर्ने बताएको छ ।

'भारतले चीनको यस्ता कदमलाई दक्षिण एसियामा आफ्नो प्रभाव कमजोर पार्ने रणनीतिका रूपमा बुझ्ने मानसिकता त्याग्नुपर्छ,' सोङ सेङ्सीले लेखेका छन्, 'बरू, क्षेत्रीय आर्थिक विकासका लागि गम्भीर रूपमा काम गर्नु जरूरी छ ।' ◆



सुर-बेसुर

"नेपालको उत्तरी छिमेकमा चीन छ भन्ने कुरा भारतले बुझिदिनुपर्छ । भारत पश्चिमा विचारबाट प्रभावित भएको पनि अर्को यथार्थ हामीले बुझ्नुपर्छ । त्यसकारण उनीहरूमा साँघुरो मानसिकता छ, यसबाट उनीहरू बदलिनुपर्छ ।"

हुआङ योई
चिनियाँ विज्ञ
नयाँ पत्रिका

तस्बिरमा इतिहास



चौतारोमा राहत : सन् १९३४ मा प्रधानमन्त्री जुद्धशमशेर राणा महाभूकम्प पीडितका लागि राहत घोषणा गर्दै ।

सोझै

साताका चर्चित

तेरिया मगर

भारतीय टेलिभिजन सो 'डान्स इन्डिया डान्स' जितेकी मगरले फेरि 'झलक दिखला जा'को ताज जितेकाले ।

वेदबहादुर सुनुवार

खेलाडी

'रन फर रिकभरी' नारासहित आयोजित ६५ किलोमिटर दूरीको अल्ट्रा ट्रेल रनमा विजेता भएकाले ।

तथ्यचित्र



कम्युनिस्ट को ?

देशमा 'भोकैभोका' छन्, 'भोकै' बस्न सक्नेचाहिं डा गोविन्द केसी एक्लै देखिन्छन् । डेढ सय दिनसम्म भोकै बसेर भोकाहरूलाई राम्रै सबक सिकाएका रहेछन् क्यारे, भोकाहरू यसपालि डा केसीकै जन्मथलो रामेछापको माकादुम पुगेछन् र निःशुल्क स्वास्थ्य शिविरको नाटक मञ्चन गरेछन् । गाउँले र आफन्तसामु डाक्टरलाई सत्तोसराप गरेछन् ।

एमाले नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ (जेएन) खनाल भोकै बस्न सक्दैनन् भन्ने दुनियाँले जानेकै छ । उनले भोकाहरूको पक्ष लिनु कुन अनौठो भयो र ? बकेछन्, 'तपाईहरू नै भन्नूस्, यति दुर्गम गाउँमा शिविर राखेर सेवा पुर्‍याउने मनमोहन अस्पताल ठीक कि उसलाई रोक्ने डाक्टर ठीक ?'

साँच्चै कम्युनिस्टहरूलाई कखरा पढाएका छन् डा केसीले । ए भोका महोदय ! एकपटक देखावटी निःशुल्क शिविर राख्ने ठीक कि सधैं निःशुल्क बनाउन चाहने ठीक ? स्वास्थ्य र शिक्षा निजी क्षेत्रलाई दिनुपर्छ भन्ने कम्युनिस्ट कि स्वास्थ्य र शिक्षा सरकारकै जिम्मा हो भन्ने कम्युनिस्ट ?

■ **लाल कुमाल**

संसदीय मिलेमतो समिति

लोकमानसिंह कार्की पदमा हुन्जेल महाभियोग प्रस्ताव अघि बढाइएन । जब अदालतले नियुक्ति नै बदर गरिदियो अनि माननीयहरू एकाएक ताते । कानुनविद्हरूको राय लिए । संसद् सचिवालयका जागिरे कानुनविद्ले नपुगेर सिंहदरबारभरि खोजे । खोज्दाखोज्दै रामशाह पथसम्म पुगे । कार्कीलाई पोकोपन्तुरो बोकेर सिमाना काट्न पर्याप्त तयारीको मौका दिए । जब कार्की विदेश चलान भए अनि बनाइयो महाभियोग उपसमिति । पहिला अभियुक्तलाई उम्काउने अनि छानबिनको तयारी गर्ने । यसभन्दा मिलेमतोको उम्दा उदाहरण संसारको कुनै कानुनी प्रणालीमा होला ?

पञ्चायतको राष्ट्रिय नारा थियो, 'मिलीजुली बसौं, बाँडीचुँडी खाऔं ।' समयक्रममा मिल्नेहरू चिल्न थाल्छन् । चिल्दाचिल्दै फेरि मिल्न थाल्छन् । नयाँनयाँ स्वार्थले घेरिँदै जाँदा भूमिका फेरिँदै जान्छ । संक्रमणकालीन सहमतीय प्रणालीमा पञ्चायतकालीन मिलीजुलीको उन्नत प्रयोग भयो । अब गणतन्त्रकालीन संसदीय मिलेमतो समिति हेर्नूस्, पञ्चायतको त्यो विरासतलाई नयाँ उचाइमा पुर्‍याउँदै छ । हेर्दै जानूस्, केही दिनमा निर्णय आउनेछ, महान् पदमा आसीनहरूलाई पो महाभियोग लगाइन्छ । पदविहीनलाई केको महाभियोग ? विचरा कार्कीजीले सफाइ पाउने ठहर्छ ।

■ **रुन्चे राईंलो**

राजा आऊ, भोज खाऊ

सच्चा गणतन्त्रवादी नेता त पूर्वराजा ज्ञानेन्द्र शाह पो देखिए ! सडकमा 'राजा आऊ देश बचाऊ'को नारा लागिरहँदा पनि पूर्वराजा ज्ञानेन्द्र राष्ट्रपति विद्यादेवी भण्डारीकी कान्छी छोरीको विवाहमा सरिक भइदिए ।

हिजोसम्म बुरूकबुरूक उफ्रँदै आफूलाई गणतन्त्रवादी फलाक्नेहरूले राजा वीरेन्द्रले कायम गरेको पाँच विकास क्षेत्र नै सही भनिरहेका बेला पूर्वराजा प्रथम महिला राष्ट्रपतिको निम्तो स्वीकारेर शीतल निवास गए । ठाडो शिरमा पूर्वराजालाई देखेर नेताहरू 'दुम दबाके' भागेछन् । उनको शीतल निवास प्रवेशसँगै राप्रपाको राजतन्त्र पुनःस्थापनाको ऐजन ऐजन नारा भने स्यालको सिङजस्तो हुन पुगेको छ । महाधिवेशन नजिकिएको राप्रपाको अबको नारा के होला त ? सायद यस्तो होला, 'राजा आऊ, भोज खाऊ ।'

■ **दैव ज्ञानी**

नानीविरोधी स्वस्थानी

घरघरमा स्वस्थानी पढ्ने चलनकै कारण नारीहरू अहिलेसम्म हेपिएका हेपियै छन् । स्वस्थानीले कति यातना दिएको छ भने तमाम नारीहरूलाई चिसोमा नुहाउन, सालीनदी टेकाउन र भोकभोकै बस्न बाध्य पारेको छ । स्वस्थानीकै कारण अहिले पनि सातवर्षे गोमा र ७० वर्षे शिव शर्माबीचको बालिका-विवाह/बलात्कार चल्दो छ । पति, पति नभए छोरा र

छोरा नभए मीतछोरा, मीतछोरा पनि नभए गंगामा... छोरी/बुहारीको पालो ?

जब जब पौष शुक्ल पूर्णिमा आउँछ, चाणक्य यस्ता नानीवाद त कति पढ्छ, पढ्छ । चाणक्य स्वस्थानीलाई 'फ्यान्टासी' ठान्छ, मिथ ठान्छ, पढेर-सुनेर रमाउँछ तर विश्वास गर्दैन । तर, नानीवादमा विश्वास गर्नेले मिथलाई मिथकै रूपमा बुझ्न छोडेर इतिहासजसरी व्याख्या गरेको देखेर चाणक्य छक्कै पर्छ ।

स्वस्थानीले नै नानीहरूलाई दास बनायो भन्नेलाई चाणक्यको प्रश्न छ, हाम्रो समाजमा किताब (स्वस्थानी)को यत्रो प्रभाव पर्ने भए नकारात्मक प्रभाव मात्र किन पऱ्यो ? सकारात्मक प्रभाव पनि त पर्नुपर्ने ! नैतिक शिक्षा र उपदेश हामीकहांजति अन्त कहां भट्याइयो/पढाइयो होला र !

■ चाणक्य नेपाली

झटारो | **■ लक्ष्मण गाम्नागे**

भूत

सानो हुँदा भूतसँग साह्रै डर लाग्थ्यो । आमा-हजुरआमाहरूले भूतको हवाला दिएर हामी केटाकेटीलाई ठेगानमा राख्नुहुन्थ्यो । गाउँघरमा भूतप्रेतका कथा खुब सुनिन्थ्यो । भूतले तर्साउने, बिरामी पार्ने, दुःख दिने भएकाले या त तिनलाई अक्षताले मन्छाउने नभए अन्डा वा कुखुरै चढाएर पन्छाउने गरिन्थ्यो । लोकल भूत अलि सजिलै तर्सिन्थ्यो तर खोलापारिको भूतलाई धामी-झाँक्रीहरूले ढ्यांग्रो ठटाएर, भुंग्रोमाथि नाचेर, बिरामीलाई कुचो वा सिस्नुले हानेर वा तातो पन्युले डामेर तर्साउने, भगाउने प्रयास गरिन्थ्यो । खास गरी गरिब, दुःखी र निमुखाहरूलाई भूतप्रेतले बढी दुःख दिन्थे ।

अर्को डरलाग्दो कुरा के पनि सुनिन्थ्यो भने गाउँघरका सामन्त वा शक्तिशाली व्यक्तिहरूले त्यस्ता भूतप्रेत र मसानलाई पालेरै राखेका हुन्छन् । तिनीहरूबाट अनेक काम सम्पन्न गराउने र रिस उठेका मानिसविरुद्ध खन्याउने काम पनि गर्छन् । तिनले मसान जगाएर सयौं रोपनी जग्गामा एकै रातमा धान रोपाउँथे, एकै रातमा कटाउँथे रे !

ठूलो हुँदै गएपछि भूतप्रेतका ती कथा काल्पनिक रहेछन् भन्ने लाग्न थाल्यो । भूतप्रति विश्वास हराउँदै गयो र युवाकालभरि भूतप्रेतको डर पनि लागेन । तर, जसै भूतपूर्व युवा हुँदै गइयो र आफ्ना वरिपरि अनेक डरलाग्दा, अभूतपूर्व र रहस्यमय घटनाहरू सुन्न-देख्न थालियो तब फेरि भूतको अस्तित्वमाथि विश्वास लाग्न थाल्यो । सामन्तहरूले भूत पाल्थे भनेको पनि हो रहेछ जस्तो लाग्यो । शक्तिशाली मानिसहरू वा शक्तिशाली राष्ट्रहरूले भूत पाल्दा रहेछन् । गरिब र कमजोर छरछिमेकीहरूलाई आफ्नो काबुमा राखिरहन तिनीहरूले भूतप्रेत खन्याइदिने पनि गर्दा रहेछन् । भूत हुँदो नै रहेछ ।

मलाई अचेल सिंगै राज्यशक्ति लाग्दा पनि रहस्य पत्ता लगाउन नसकिने अनेकौं घटना भूतले नै गराएको हुनुपर्छ भन्ने लाग्छ । मदन भण्डारीको हत्या, दरबार हत्याकाण्डलगायत घटनाहरू त पुराना भए, यो लोकतन्त्रमा अख्तियारको प्रमुखमा लोकमानसिंह कार्की नियुक्त होलान् भनेर कसले कल्पना गरेको थियो र ! नियुक्ति हुने बेला सिंगो राज्य नै उनको खिलाफमा थियो । तर, राज्यशक्तिकै घाँटी अँठ्याएर मध्यरातमा लोकमानको नियुक्तिपत्रमा ल्याप्चे लगाउन बाध्य गराउने शक्ति भूतबाहेक के थियो त ?

देशी-विदेशी भूतप्रेतहरू सिंहदरबार, बालुवाटार, शीतल निवास, संसद् भवन, पार्टी कार्यालयहरू, भन्सार, विमानस्थल जतासुकै निर्बाध भित्र-बाहिर गरिरहँदा रहेछन् । भुइँचालाजस्ता, हेर्दा नदेखिने तर उलटपुलट गराइरहने । विचार गर्नोस् त नेपाललाई सधैं अस्थिर, अविकसित र परजीवी बनाइरहन सधैं खेलिरहने शक्ति के हो ? हाम्रो देशमा ६/६ महिनामा सरकार कसले फेरिरहन्छ ? नेताहरूको आत्मालाई केले भड्काइरहन्छ ? नेताहरूलाई एकआपसमा सधैं झगडा लगाइरहने, मिल्न लागे कि भड्काइहाल्ने शक्ति के हो ? हाम्रो विमानस्थलबाट क्विन्टलका क्विन्टल सुन भित्र-बाहिर गरिरहँदा प्रहरी, भन्सार र अध्यागमनमा काम गर्ने राष्ट्रसेवकहरूका आँखा कसले झ्याप्पै पारेर छोपिदिन्छ ? सुन ओसार्ने साहूहरूलाई कसले लुकाउँछ ? यी सबै प्रश्नको उत्तर भूतमै गएर ठोकिन्छ । भूत पक्कै छ ।

मलाई लाग्छ, हाम्रो देशमा नहुनुपर्ने जे भइरहेको छ भूतले गराइरहेको छ, हुनुपर्ने जे हुँदैन, भूतले हुन दिइरहेको छैन । त्यसैले यो भूतलाई भुतभुते खन्याएर नलखेटेसम्म भूतले गाँजेको देश र भुताहा घरमा बस्ने हामी नागरिकको स्वास्थ्य यस्तै पिलन्धरे रहिरहने कुरामा कुनै शंका छैन । सबै सचेत भया !


kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
LEADERSHIP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Is leadership just about performing or is it about motivation, inspiration and guidance? What does it take to become a leader?
Find all you need to know about Leadership.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST

ANS-16



राजाका अगाडि जनताका समस्या

राणाकालमा श्री ३ महाराजहरूको परिवर्तनसँगै मुलुकको वस्तुस्थिति बुझ्न प्रशासनिक निकायका अधिकारीका अतिरिक्त समाजका प्रतिष्ठित र गिनेचुनेका व्यक्तिलाई राजधानी बोलाएर जानकारी लिने परम्परा थियो । यो परम्पराले ००७ सालको परिवर्तनपछि पनि निरन्तरता पायो ।

प्रजातन्त्र बहालीपछि निर्माण भएको राणा, कांग्रेस र राजाको त्रिपक्षीय संयुक्त सरकार गृहमन्त्री बीपी कोइरालाको राजीनामासँगै विघटन भयो । मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको एकल सरकार बन्यो । त्यसको करिब ६ महिनापछि अर्थात् जेठ २००९ को कुरा हो । म बडाहाकिमका रूपमा दाङबाट सरुवा भएर त्यतिबेलाको शिवराज-तौलिहवा जिल्ला (हालको कपिलवस्तु) पुगेँ ।

त्यसपछि सिंहदरबारमा ३२ जिल्लाकै बडाहाकिमहरूको भेला बोलाइएको थियो । त्यो भेला सिंहदरबारको बैठक कक्षमा हुँदै थियो । कक्षको दाहिनेतिर राजा त्रिभुवन र अर्थमन्त्री सुवर्णशमशेर राणा, गृह र खाद्यमन्त्री सूर्यप्रसाद उपाध्याय, रक्षामन्त्री जनरल केशरशमशेर जबरा र जंगल उपमन्त्री धर्मरत्न यमी बसेका थिए भने देब्रेतर्फ प्रशासनिक क्षेत्रका उपल्लो तहका व्यक्तिहरू । हाम्रा लागि त्यसको ठीक तलपट्टि चार लहरमा कुर्सीको व्यवस्था थियो ।

खास गरी राजा त्रिभुवन मुलुकको राजनीतिक परिस्थिति, नेपाली कांग्रेसभित्रको आन्तरिक झगडाका कारण सरकार अस्थिर बनिरहेको र मातृका सरकार पनि विघटनको सँघारमा पुगेकाले चिन्तित देखिन्थे । भेलामा उनले दिएको मन्तव्यबाटै त्यो बुझ्न सकिन्थ्यो । उनले मुलुकको तत्कालीन राजनीतिक अवस्थाका साथै प्रशासनिक क्षेत्रका बारेमा केही कुरा राखेपछि पाँच मिनेटभन्दा बढी समय नलिईकन आफ्ना कुरा राख्न हामीलाई निर्देशन दिए ।

धेरैजसो बडाहाकिमले राजा त्रिभुवनको स्वदेश फिर्तीसँगै मुलुकमा उन्नति नै उन्नति भएको, जनता साराले अमनचैन र शान्तिको महसुस गरेको र राजाको जयजयकार नै गरिरहेको भनाइ राखे । थोरै मात्र बडाहाकिमले विषयकेन्द्रित भएर विचार व्यक्त गरेका थिए । आफ्नो बोल्ने पालो आउँदा मैले दुई मिनेटमै आफ्नो भनाइ सकेँ, 'जनताको पेट भोको छ, बाली रोक्का छ । आँखामा आँसु छ, खाना पाएका छैनन्, मानिसहरूको भागाभाग छ ।'

मैले मोही समस्याले ग्रस्त भएका किसानहरूको पक्षमा यो कुरा उठाएको थिएँ । मोही समस्याले तौलिहवामा जमिनदार र किसानका बीचमा ठूलो संघर्षको अवस्था थियो । मैले बुँदागत रूपमा वस्तुस्थितिबारे जानकारी गराएपछि बैठकमा सन्नाटा छायो । मेरो कुरा सुनेपछि राजाले गृह तथा खाद्यमन्त्रीतर्फ नजर फर्काउँदा उनले अर्थ मन्त्रालयलाई रकम निकासाका निम्ति लेखी पठाएको बताए । त्यसपछि राजाले अर्थमन्त्रीतर्फ नजर लगाए । उनले पनि गृहमन्त्रीकै भाषामा जवाफ दिए । त्यसपछि पुनः मलाई नै सोधनी भयो । मैले भनेँ, 'अस्तिसम्म त पुगेको थिएन । हिजो पुगेको भए मलाई थाहा भएन । हिजो मात्रै जिल्ला छाडेर यता आएको हुँ ।'

बडाहाकिमको भेलामा आउनुपूर्व नै मैले जिल्लाका समस्या अवगत गराउँदै सम्बन्धित मन्त्रालयलाई विभिन्न निवेदन लेखी पठाएको थिएँ, जसको लामो समयसम्म पनि सुनुवाइ भएको थिएन । सायद त्यही रोषका कारण पनि मेरो प्रस्तुति कडा भएको हुन सक्छ ।

बेलुका त्यस्तै ६ बजेतिर बैठक समाप्त भएपछि हामीलाई बस्ने व्यवस्था मिलाइएको त्रिपुरेश्वरस्थित गेस्टहाउस पुगेँ । रातभरि मनमा कुरा खेलिरह्यो, आखिर राजाका अगाडि मानिसहरू समस्या राख्न किन हिचकिचाउँछन् ? समस्या त तौलिहवामा मात्र थिएन । दोस्रो दिन बिहानै दुई जना रिसल्ला घोडा लिएर गेस्टहाउस आइपुगे । बाहिरैबाट मेरो नाम लिएर बोलाए । राजा त्रिभुवनका एडीसी जनरल योगविक्रम राणाको पत्र लिएर आएका रहेछन्, जसमा 'दिउँसो १२ बजे राजा त्रिभुवनद्वारा दर्शनभेटका निम्ति बोलाइबक्सेको' उल्लेख थियो ।

दरबार पुगेर एडीसी राणालाई भेटेँ । उनले सीधै भने, 'अब तपाईंको भाग्य खुल्यो । राजाले दर्शनभेटका निम्ति यतिबेला बोलाएपछि पक्कै केही बक्स हुन्छ ।' हुन पनि राजासँग करिब आधा घन्टा कुराकानी भयो । उनले आफ्ना कुरा संक्षेपमा राखे तर मलाई भने बोल्न हौस्याइरहे । राजासँगको त्यही भेट मेरो दरबार प्रवेशको मुख्य कडी हुन पुग्यो । त्यसपछि मोफसल फर्किनु नै परेन । दरबार सक्रिय रहन्जेल कुनै न कुनै भूमिकामा रहेर सेवा गर्ने मौका पाएँ ।

मैले तौलिहवाबासीको समस्या उठाइदिएकाले पछि त्यो समस्याको समाधान पनि गरिदियो सरकारले । त्यही काम गरेबापत त्यहाँका जनताले मेरा नाममा निम्न माध्यमिक विद्यालय नै स्थापना गरे, जो अद्यापि अनिरुद्धप्रसाद निम्न माध्यमिक विद्यालयका नामले सञ्चालित छ । तौलिहवाका जनताले मेरो सम्झना त्यस रूपले गरेको देख्दा मन भरिएर आउँछ । मैले उनीहरूका निम्ति गरेको भन्दा उनीहरूले मेरा निम्ति उच्चस्तरको सम्मान दिएका छन् ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

तस्बिर : अर्जुन शाह

जाडो छल्न औल झर्ने क्रममा पाण्डुसेनमा पेमा गुरुङ

जाडो छल्न औल

उच्च हिमाली भेगमा बस्नेको ओरालो यात्रा, ओरालोमा पेसा

अर्जुन शाह/मार्तडी

बाजुराको पाण्डुसेनकी पेमा योङ्जा गुरुङ चिसो छल्न र भेडाच्यांग्राको चरिचरनका लागि अछाममा छिन् । उच्च हिमाली भेगमा हिउँदमा बस्न मुस्किल छ । अत्यधिक चिसो र हिमपातसमेत हुने भएकाले भेडाच्यांग्रा चरिचरनको समस्याले धेरै परिवार औल झरेका छन् यतिबेला ।

बाजुराका मार्तडी, पाण्डुसेन, कोल्टी, कोटीला, बाँधु र बिच्छ्याँ गरी ६ गाविसमा हिमाली जनजाति समुदायको बसोवास छ । यो समुदायका अधिकांश परिवार मंसिर-पुस महिनामा गाउँघर छाड्छन् । गर्मी चढेपछि चैत-वैशाखमा घर फर्किन्छन् । पेमा भन्छिन्, “हिउँदमा हाम्रा गाउँघर सुनसान हुन्छन् ।”

घर छाड्नुअघि गाउँघर हेरचाह गर्न एक-दुई परिवारका बूढापाका मात्रै गाउँ बसाल्ने सबैको सरसल्लाह हुन्छ । घर बस्ने र औल झर्नेहरू एकसाथ बसेर मीठो-मसिनो खाएर भोलिपल्ट चार-पाँच महिनाका लागि छुट्टिन्छन् । अभिभावक हिँडेपछि उनीहरूका स्कुले केटाकेटी एक्लै घर बस्ने कुरै भएन । बाबुआमासँगै बालबच्चा समेत हिँड्छन् । जाडो छल्न औल झर्ने हिमाली जनजातिका बालबालिकाहरू हिउँदे अवधिको ६ महिना पढाइबाट वञ्चित हुन्छन् ।

पाण्डुसेनका पासाङ थापा (भोटे)को परिवार गत वर्षझैं यसपालि पनि औल झरेको छ । पासाङको परिवारले आफ्ना तीन बच्चासहित भेडाच्यांग्रा लिएर घर छोडेपछि स्थानीय सिद्धेश्वरी प्राथमिक विद्यालयमा कक्षा ४ मा पढ्दै आएकी छोरी डोल्माको पनि विद्यालय छुटेको छ । “घर-जहानै बसाइँ सरेपछि छोरीलाई मात्रै कसको भरमा गाउँमा राख्नु ?” थापा भन्छन्, “मनले नचाहेर पनि बालबच्चाको स्कुल छुटाउनैपर्ने बाध्यता हुन्छ ।”

भेडाच्यांग्रा पालनलगायत परम्परागत व्यापार-व्यवसाय मुख्य पेसा भएका बाजुरालगायत हुम्ला र मुगुमा बसोवास भएका हिमाली भेगका बासिन्दाको जीवन चिसोमा साह्रै कष्टकर हुन्छ । “भोटे भनेर धेरैले हेप्छन्, धम्क्याउँछन्, भेडाच्यांग्रा चोरी गर्छन्,” थापा भन्छन्, “चरिचरनका नाममा बर्सेनि धान्नै नसक्ने रकम जरिवाना गर्छन् ।”

पाण्डुसेनको अंगउपानीका श्रीलाल विष्टलाई पाँच वर्षअघिसम्म पनि पुर्खौंदेखि चल्दै आएको भेडाच्यांग्रा पालनलगायतका परम्परागत व्यवसाय संकटमा पर्लान् भन्ने कल्पनै थिएन । तर, अहिले श्रीलालको परिवार पुर्ख्यौली पेसाबाट लगभग विस्थापनको अवस्थामा छ । “अब पसल व्यवसाय लगायतलाई आयआर्जनको माध्यम बनाउने सोचेका छौं,” श्रीलाल भन्छन् । अहिले ग्रामीण क्षेत्रमा समेत सडक विस्तार हुँदै गएको र सदरमुकाम मार्तडीसम्म यातायात सुविधामा पहुँच विस्तार हुन थालेपछि आफूहरूको परम्परागत पेसामा धक्का लागेको श्रीलाल बताउँछन् । ◆

तुलानारायण साह



मधेस विद्रोहका दस वर्ष

अलोकप्रिय नेतृत्वको कब्जामा

मधेस विद्रोहको दस वर्ष पूरा भएको छ । माघ ०६३ मा पहिलो पटक मधेसमा ठूलो जनआन्दोलन भएको थियो । मधेसी जनअधिकार फोरम खासै चिनिएको संगठन थिएन, न त त्यसका नेता उपेन्द्र यादव नै चिर-परिचित नाम थियो, नेपाली राजनीतिमा । तर, त्यही फोरमको आह्वानमा विशाल आन्दोलन भएको थियो । धेरैले त्यसलाई मधेस विद्रोह भन्छन् ।

आन्दोलनमा कुनै खास योजनाबद्ध कार्यक्रमहरू हुँदैनथे । कुनै व्यवस्थित परिचालन पद्धति पनि थिएन तर हरेक दिन जनसहभागिता बढ्दो थियो । यस्तो क्रम तीन सातासम्म चल्यो । अन्तिम साता तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सम्बोधन आयो । सम्बोधनमा खासै केही उल्लेख्य कुरा थिएन । आन्दोलन रोकिएन । साता नबित्दै उनको अर्को सम्बोधन आयो । त्यसमा पटक-पटक मधेस र मधेसी जनताजस्ता शब्द उल्लेख थिए । त्यो सम्बोधनमा नेपाल अब संघीयतामा जाने, निर्वाचन प्रणालीलाई संशोधन गरी समावेशी प्रतिनिधित्वको व्यवस्था मिलाइने र राज्यका निकायहरूलाई समावेशी बनाइनेजस्ता दूरगामी प्रभावका वाचाहरू थिए । प्रधानमन्त्रीको त्यो सम्बोधनपछि कसैसँग कुनै औपचारिक वार्ता वा सहमति नभएरै आन्दोलन रोकिएको थियो ।

त्यसपछिका दिनमा नेपाली राजनीतिमा अनेकौं उतार-चढाव भयो । मधेसीहरूकै आन्दोलनका कारण पटक-पटक संविधानसभाको निर्वाचन स्थगित भयो । मधेसमा फेरि अर्को आन्दोलन भयो । निर्वाचन प्रणालीमा व्यापक हेरफेर गरिएपछि अन्ततः संविधानसभाको निर्वाचन सम्भव भयो ।

पहिलो संविधानसभा निकै रंगीचंगी थियो । मधेसी, जनजाति, दलित, महिलाहरूको प्रतिनिधित्वमा व्यापक सुधार भएको थियो । कसैले नचिताएको राष्ट्रपति र उपराष्ट्रपति पदमा मधेसीहरू पुगेका थिए । चार वर्षसम्म सत्ता सञ्चालनको साँचो मधेसीहरूको हातमा थियो । दुर्भाग्यवश ! पहिलो संविधानसभाबाट संविधान बन्न सकेन । दोस्रो संविधानसभाको निर्वाचनले शक्ति समीकरण फेरियो । नेपाली राजनीतिको पछिल्लो कालखण्डका आन्दोलनकारी शक्तिहरू (माओवादी र मधेसी दल)को उपस्थिति कमजोर हुन पुग्यो । दोस्रो संविधानसभाले एक थान संविधान त ल्यायो तर त्यसको कार्यान्वयन हुन सकेको छैन । त्यो संविधानको विरोधमा लगभग ६ महिनासम्म मधेसमा आन्दोलन भइरह्यो ।

> बहुदलीय प्रजातन्त्रको एक दशकको अभ्यासले मधेसी समाजमा पनि स्वतन्त्रताको आभास त दिलायो । तर, राज्यको आफूहरूसँगको व्यवहार र राज्यमा पहुँचलाई हेर्दा पञ्चायतभन्दा खासै फरक महसुस गर्न सकेनन् ।

यतिबेला पहिलो मधेस आन्दोलन/विद्रोहको एक दशक पूरा भएको विश्लेषण भइरहँदा निर्वाचनको राजनीतिमा मधेस कमजोर देखिए पनि आन्दोलनको राजनीतिमा बलियो नै छ । संविधानसभाभित्रको ९२ प्रतिशतको बहुमतले पारित संविधान सडक आन्दोलनको डरले कार्यान्वयन हुन सकिरहेको छैन । आजको मितिमा नेपाली राजनीति अलमलिएजस्तो लाग्दै छ । यति नै बेला मधेसी राजनीतिमा पृथकतावादी धार दिन-प्रतिदिन बलियो हुँदै गएको छ ।

विद्रोह : किन र कसरी ?

०६३ मा मधेस विद्रोहको मुख्य कारण लहानमा भएको रमेश महतोको हत्यालाई मानिन्छ । त्यो अत्यन्त क्षणिक कारण थियो । त्यो एउटा निहुँका रूपमा मात्र देखिएको हो । मूल कारण मधेसी समाजमा नेपाली राज्यप्रतिको आक्रोश थियो र त्यो पोख्ने पुस्ता तयार भएपछि विद्रोह भएको थियो । रमेश महतो एक प्रतिनिधि पात्रका रूपमा देखिएका मात्र थिए ।

पञ्चायतकालभरि धेरैजसो मधेसी आज्ञाकारी मतदाताका रूपमा पञ्चायतका समर्थक थिए । थोरबहुत जो पञ्चायतसँग विमति राख्थे, तिनीहरू नेपाली कांग्रेसका कार्यकर्ताका रूपमा संघर्षको राजनीतिमा होमिएका थिए । वामपन्थी राजनीतिमा अपवादै मधेसीको संलग्नता थियो । आममधेसीहरूको नेपाली राज्य र पहाडी समुदायसँगको सम्बन्ध अत्यन्त क्षणिक हुन्थ्यो । स्थानीय अड्डा-अदालतबाहेक धेरै ठाउँ थिएन । काठमाडौं आवतजावत पनि पातलो थियो । पहाडी समाज र नेपाली राज्यको नीति, नियम र व्यवहारबारे मधेसीहरूको मनमा त्यतिबेला पनि गुनासो थियो । तर, पञ्चायतविरुद्धको संघर्षलाई मुक्तिको बाटोका रूपमा हेर्थे र सन्तोष मानेर चुप लाग्थे ।

०४६ मा प्रजातन्त्र आयो । बहुदलीय प्रजातन्त्रको एक दशकको अभ्यासले मधेसी समाजमा पनि स्वतन्त्रताको आभास त दिलायो । तर, राज्यको आफूहरूसँगको व्यवहार र राज्यमा पहुँचलाई हेर्दा पञ्चायतभन्दा खासै फरक महसुस गर्न सकेनन् । त्यस अवधिमा मधेसीहरूको काठमाडौंलगायत पहाडी क्षेत्रसँगको

सत्संग बाक्लिसकेको थियो । आमरूपमा शिक्षा र स्वास्थ्यका लागि दक्षिण सीमापारि जाने मधेसी समाजको प्रवृत्तिमा परिवर्तन आउन थालेको थियो । शिक्षा र स्वास्थ्यका लागि मधेसीहरूको काठमाडौँसँगको सामीप्य बढ्दै गयो । दिनानुदिन शिक्षाको अवस्थामा परिवर्तन भयो । यी र यस्ता कारणले राजनीतिक चेतनाको स्तर पनि बढ्दै थियो ।

मधेसमा कांग्रेस वा कम्युनिस्ट भए पनि काठमाडौँ वा पहाडमा सबैको एउटै पहिचान हुन्थ्यो, मधेसी । आमरूपमा पहाडी समाजले त्यही परिचय दिएको थियो, मधेसी अनुहारलाई । राज्यको व्यवहार पनि उस्तै, सामाजिक व्यवहार पनि उस्तै देखेर मधेसी समाजमा आक्रोश बढ्दै थियो । त्यही आक्रोशवाहक पुस्ताको प्रतिनिधि अनुहार थिए, रमेश महतो । मधेसमा रमेश महतो र तिनको भाइ पुस्ताको जति जति जनसंख्या बढ्दै छ, नेपाली राज्यप्रतिको आक्रोश पनि त्यति नै बढिरहेको छ । यही कारण हो कि गएको दस वर्षमा मधेसमा तीनवटा ठूलठूला आन्दोलन भए । समाज अहिले पनि आन्दोलित नै छ । मध्यमार्गी धार कमजोर हुँदै गएको देखेर त्यही पुस्ताको आकर्षण सीके राउततर्फ बढिरहेको छ । मधेस विद्रोह हुनुका पछाडि यो एउटा महत्त्वपूर्ण मनोवैज्ञानिक पाटो थियो ।

प्रजातन्त्रको पहिलो कालखण्ड (२०१० साल)तिर वेदानन्द झाले सुरु गरेको मधेस राजनीति पञ्चायतकालभरि फस्टाउन सकेको थिएन । ०४६ पछि पुनः नेपाल सद्भावना पार्टीले त्यसलाई निरन्तरता दिने प्रयास गर्‍यो । माओवादी 'जनयुद्ध'ले रणनीतिक हिसाबले मधेसका मुद्दा उठाएपछि मधेसी समाजलाई नयाँ प्रकारले आन्दोलित हुन सघाएकै हो । अन्तरिम संविधानको विरोध गरेर मधेसी जनअधिकार फोरमलगायत नेपाली राजनीतिमा मधेसको हस्तक्षेपकारी उपस्थिति देखाउन सफल भएका हुन् । मधेसी राजनीतिको यो खण्डको प्रारम्भ ०६३ को मधेस विद्रोहदेखि नै सुरु भएको हो ।

प्राप्ति र अप्राप्ति

मधेस विद्रोहअघि मधेस र मधेसी शब्द राज्यद्वारा अघोषित रूपमा प्रतिबन्धित जस्तो थियो भने सामाजिक रूपमा उपहासको विषय थियो । कतिपय मधेसी स्वयंका लागि पनि यो शब्द परहेजको विषय थियो । तर, ०६३ को विद्रोहले मधेसी शब्दलाई मधेसीहरूका लागि गौरवको विषय बनाइदियो । यसले सामाजिक सम्बन्ध फेरिन गयो । उपहासका लागि यो शब्द प्रयोग गर्नेहरू सचेत हुन थाले । हीनताबोध गर्नेहरू गौरव गर्न थाले । गएको दस वर्षमा यो क्रम निरन्तर बढ्दो छ । आगामी दिनमा पनि यसको प्रभाव घट्ने होइन, बढ्दै जाने हो ।

विद्रोहका क्रममा प्रधानमन्त्रीका सम्बोधन र त्यसपछि संविधानका संशोधनहरूले मधेस र मधेसी शब्दलाई संवैधानिक रूपमै ग्रहण गर्‍यो । त्यसलाई मधेसी समुदायको पहिचानको संवैधानिक ग्यारेन्टीका रूपमा अर्थ्याइन्छ ।

०६४ को मधेस आन्दोलनले चाहिँ नेपालको निर्वाचन प्रणालीमा संशोधन भयो, परिणाम स्वरूप संविधानसभामा मधेसीहरूको प्रतिनिधित्वमा वृद्धि भयो । त्यसयताको राजनीतिमा अनेकौँ प्रतिकूलताका बाबजुद मधेसी दलहरू एक बलियो राजनीतिक शक्तिका रूपमा स्थापित छन् । सदनमा संख्या तलमाथि भए पनि सडकमा उपस्थिति बलियै छ । ०६४ मा मधेसवादी-माओवादी संयुक्त सरकार रहेका बेला निजामती सेवामा आरक्षणको सुरुआत भएको थियो । त्यसैले मधेस विद्रोह मधेसी समुदायको आधारभूत मागहरू (पहिचान, प्रतिनिधित्व र पहुँच)लाई सम्बोधन गर्नुका साथै मधेसीहरू यो देशमा केवल करदाता र मतदाता मात्रै होइन, शासन र प्रशासनमा पनि हिस्सेदारी खोजेको कुरालाई स्थापित गराउन सफल भयो ।

एक दशकको मधेसी आन्दोलन र राजनीतिलाई नियाल्दा के देखिन्छ भने मधेसी समाजको धरातलीय इच्छालाई न त मधेसका दलहरू, न त ठूला दलहरू वा राज्यपक्षले नै बुझेको छ । पहिला राज्य र ठूला दलहरूको प्रसंग लिऊँ । मधेसको समस्यालाई राज्य पक्षले केवल शान्ति सुरक्षाको विषयका रूपमा हेरेको छ । त्यसकारण

"मधेसी दलहरूले मधेसी समस्यालाई केवल राजनीतिक समस्या मात्र मान्छन् । उनीहरू मधेसको आर्थिक, सामाजिक, सांस्कृतिक र विकाससँग जोडिएका समस्याहरूबारे केही पनि बोल्दै बोल्दैनन् ।"

उसले त्यहाँ हुने हरेक आन्दोलनलाई बल प्रयोगमार्फत दबाउने प्रयास गर्छ । त्यसैमा सामाधान देख्ने राज्यको यो चस्मा कुनै नयाँ होइन । सामान्यतया कुनै पनि राज्यले कुनै पनि आन्दोलनलाई लगभग यही प्रकारले हेर्ने गर्छ । त्यसैले राज्यलाई मात्र दोष दिनु उचित हुँदैन । महत्त्वपूर्ण यो हो कि राज्य सञ्चालन गर्ने राजनीतिले मधेस समस्यालाई कसरी हेर्छ ? राज्य सञ्चालन गर्ने वा त्यहाँ वर्चस्व कायम गरेको शक्तिले कुनै पनि आन्दोलनलाई जसरी हेर्छ, राज्यपक्ष त्यसै अनुरूप चल्ने न हो । त्यसकारण राज्यको संरचना र सञ्चालनमा प्रभावशाली भूमिका भएका तीन ठूला दल कांग्रेस, एमाले र माओवादीले मधेसका समस्यालाई कसरी हेर्छन् भन्ने हो ।

नेपाली कांग्रेस र नेकपा एमालेले मधेसी समस्यालाई विशुद्ध

रूपमा सामाजिक, सांस्कृतिक, आर्थिक र विकासको समस्याका रूपमा लिने रहेछन्। ती पार्टीका विभिन्न दस्तावेजले त्यही देखाउँछ। यी दलले मधेसी समस्यालाई राजनीतिक रूपमा हेरेकै छैन। त्यही कारण हो कि ती पार्टीका सरकार रहेका बेला मधेसी समस्याको सम्पूर्ण समाधान मधेसमा बजेट विनियोजन, विकासका नयाँ-नयाँ प्याकेजको घोषणा, बोक्सी र दाइजो प्रथा न्यूनीकरण कार्यक्रमको तर्जुमामा देख्छ।

माओवादीले मधेसी समस्यालाई राजनीतिक समस्याका साथै अन्य समस्याका रूपमा पनि लिन्छ। दस्तावेजमा यस्तो उल्लेख भए पनि नेताहरूको बोली, व्यवहार र नियतमा अनेकौं खालका अस्पष्टता बेला-बेलामा प्रकट भइरहेकै छन्। आफूहरू कमजोर रहेका कारण मधेस समस्या एक्लैले समाधान गर्न नसक्ने पनि माओवादीहरूको भनाइ रहिआएको छ।

मधेसी समस्यालाई हेर्ने दृष्टिकोणमा एकरूपता गराउन नसक्नु कतै न कतै मधेस आन्दोलनको कमजोर पक्ष रह्यो। एक दशकभित्र मधेसमा यत्रा ठूलठूला आन्दोलन भइरहँदा पनि कांग्रेस, एमाले, माओवादी र मधेसवादी दलहरूमा मधेसी समस्यालाई हेर्ने दृष्टिकोणमा किन एकरूपता आउन सकेन ?

मधेसी दलहरूले मधेसी समस्यालाई केवल राजनीतिक समस्या मात्र मान्छन्। उनीहरू मधेसको आर्थिक, सामाजिक, सांस्कृतिक र विकाससँग जोडिएका समस्याहरूबारे केही पनि बोल्दै बोल्दैनन्।

त्यसैले विद्रोहको एक दशकसम्ममा मधेसी समस्यालाई हेर्ने दृष्टिकोणमा एकरूपता गराउन नसक्नु कतै न कतै मधेस आन्दोलनको कमजोर पक्ष रह्यो। एक दशकभित्र मधेसमा यत्रा ठूलठूला आन्दोलन भइरहँदा पनि कांग्रेस, एमाले, माओवादी र मधेसवादी दलहरूमा मधेसी समस्यालाई हेर्ने दृष्टिकोणमा किन एकरूपता आउन सकेन ? यो समस्या त समाधान भइसक्नुपर्थ्यो। यसमा जे कारण र जो कारक रहे पनि समग्रमा मधेस आन्दोलनको यो एउटा कमजोर पक्ष नै हो।

नेतृत्वको संकट

मधेसको सर्वाधिक कमजोर पक्ष भनेको नेतृत्वको संकट हो। ०६३ को विद्रोह र ०६४ को निर्वाचनको परिणामको तुलनात्मक विश्लेषण गर्दा केही तथ्य र त्रुटि स्पष्ट हुन्छन्। जस्तो : ०६३ को आन्दोलन पूर्णरूपेण नयाँ संगठन मधेसी जनअधिकार फोरमको नेतृत्वमा भएको थियो। त्यसका नेता उपेन्द्र यादव त्यतिबेला तुलनात्मक रूपमा नयाँ अनुहार थिए। आन्दोलनमा मारिएका सहिदहरूको सूचीको विश्लेषण गर्दा दुइटा कुरा स्पष्ट हुन्छ। एउटा, आन्दोलनमा युवा पुस्ता र नयाँ अनुहारको जबर्जस्त सहभागिता थियो। अर्को, मधेसी समुदायमा पनि दलित, मुसलमान, थारुलगायतको मजबुत सहभागिता थियो।

लगत्तै ०६४ को निर्वाचनमा पनि मधेसी दलहरूबाट जो-जो जिते, अपवादबाहेक सबै नयाँ अनुहार थिए। खास गरी ती ठाउँबाट, जहाँ आन्दोलन भएको थियो। उदाहरणका लागि विराटनगरबाट उपेन्द्र यादव, जयराम यादव, सप्तरीबाट महेश यादव, सिरहाबाट विजय यादव, राजकिशोर यादव, लक्ष्मण मेहता, धनुषाबाट सञ्जय साह, महोत्तरीबाट रामकुमार शर्मा, कौशल यादव, रौतहटबाट बबन सिंह, बाराबाट प्रमोद गुप्ता, जितेन्द्र सोनल, पर्साबाट करिमा बेगम, नवलपरासीबाट रामबच्चन अहिर, रुपन्देहीबाट ओमप्रकाश गुल्जारी, कपिलवस्तुवाट अभिषेक प्रताप शाह, बाँकेबाट सर्वदेव ओझाजस्ता अनुहारले केवल मधेस आन्दोलनको भरमा चुनाव जितेका थिए। तर, महन्थ ठाकुर, विजय गच्छदार, जेपी गुप्ता, मृगेन्द्र यादव, रेणु यादव, शरत्सिंह भण्डारी, जितेन्द्र देव, राजेन्द्र महतो, महेन्द्र यादव, लक्ष्मणलाल कर्ण, हृदयश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ललगायतका परिचित अनुहारमध्ये कतिपय हारेका थिए भने कतिपय अत्यन्त थोरै मतले जितेका थिए। जितेका मध्ये पनि धेरैले त्यस ठाउँबाट जितेका थिएनन्, जहाँ ०६३ र ०६४ मा जबर्जस्त आन्दोलन भएको थियो। जित्नेहरू प्रायः सहरबजारभन्दा दूरदराजबाट वा समानुपातिकबाट संविधानसभामा पुगेका थिए।

यो विवरण उल्लेख गर्नुका पछाडि कुनै दुराशय वा कसैप्रति कुनै आग्रह नभएर केवल एउटा विश्लेषण गर्न खोजिएको हो कि मधेस आन्दोलनमा नेतृत्व स्थापित हुन वा नयाँ नेता पाउनमा कहाँनिर चूक भयो ? जहाँ आन्दोलन भएका थिए, त्यहाँका मानिसहरूले बिलकुल नयाँ अनुहारलाई नेता बनाउन खोजेको देखियो। जो मधेसमा पुराना अनुहार थिए, तिनलाई मधेसीले खासै रुचाएको देखिएन। तर, ०६४ देखि हालसम्मको मधेसी राजनीति हेर्ने हो भने त्यही स्थापित अनुहारहरूको कब्जामै छ। नयाँ अनुहारमा उपेन्द्र यादवबाहेक कुनै पनि नेता स्थापित हुन सकेका छैनन्। उपेन्द्र यादवलाई पनि अनेकौं पटक अनेकौं प्रकारका षड्यन्त्र र विभाजनबाट गुज्रिनुपरेको थियो। यसले आन्दोलनबाट पर्याप्त संख्यामा नेतृत्व स्थापित हुन नसकेको र बलियो दल पनि बन्न नसकेको पुष्टि हुन्छ।

यस अवधिमा मधेसी समाजले अनेकौं पटक आन्दोलन गरिरहँदा सामाजिक र राजनीतिक सम्बन्ध बदल्नमा केही उपलब्धि हासिल गरे पनि दल र नेता पाउने प्रश्नमा खासै उपलब्धि भएन। मधेस आन्दोलनको यो एउटा कमजोर पक्ष हो। यसैले गर्दा नै समग्र मधेसी एजेन्डा सम्बोधन हुन नसकेको र संघर्षको दिन लम्बिँदै गएको हो। ◆

'ओलीको राष्ट्रवाद आ

राजा ज्ञानेन्द्रको पहिलो 'कू' (१८ असोज ०५९) हुनुमा राजनीतिक दलहरूलाई दोष लगाएपछि नेकपा एमाले स्थायी समितिबाट निकालिए, **राधाकृष्ण मैनाली** । त्यसपछि शाही सरकारमा मन्त्री हुँदै गणतन्त्र स्थापनापछि माओवादीमा प्रवेश गरे । पछि माओवादी पनि छाडे र एमाले छिरे । स्थायी समितिमा पुनःस्थापना नगरिए पार्टीमा नफर्किने भनिरहेका मैनालीलाई अध्यक्ष केपी शर्मा ओलीले दुई वर्षअघि केन्द्रीय सदस्यका रूपमा पार्टी प्रवेश गराएका थिए । तिनै मैनालीसँग **सीताराम बराल**को संवाद :

अझै स्थायी समिति सदस्य बन्नुभएन, माग छाडेर किन एमाले फर्कनुभएको ?

अध्यक्ष भइसकेपछि केपी ओली आफैँ मेरो घरमा आए । कर गरे, 'पार्टीको नेता तिमी, मेरै नेता पनि तिमी । तिमी बाहिर, मचाहिँ एमालेको अध्यक्ष भएर बस्दा त्यति राम्रो सन्देश जान्न ।' त्यस दिन म केही बोलिनँ । केही दिनपछि आफ्नै घरमा बोलाए । त्यही कुरा दोहोऱ्याए । मैले त अलिक पछि निर्णय गर्छु भनेको हो । उनी कराए, 'पछि के निर्णय गर्छौ ? अहिले केन्द्रीय समितिमा आऊ, पछि स्थायी समितिमा ल्याइहाल्छु नि !'

उनको 'बडिल्याङ्ग्वेज' हेर्दा मलाई लाग्यो, पछि स्थायी समितिमा कसो नलैजालान् त ! तर, दुई वर्ष बितिसक्यो, लैजाँदैनन् । बीचमा एक-दुईपटक सम्झाएँ पनि । मेरै बारेमा बिहान-बेलुकी कुराकानी गर्न जाऊँ, त्यो पनि भएन । त्यसैले मैले अलिक असहज महसुस गरेको छु ।

भेटघाटका बेला केही कुरा हुँदैन ?

देखावटी कुरामा साह्रै सिपालु मान्छे हुन् उनी । आफूलाई बाहिर राम्रो देखाउन गर्नुपर्ने व्यवहारमा कुनै कञ्जुस्याइँ गर्दैनन् । मलाई पनि त्यसै गर्छन्, देख्नासाथ बोलाएर छेउमै राख्छन्, मीठो गफ गर्छन् । तर, दिलदेखि नै जिम्मेवारी दिने कुरामा चाहिँ त्यस्तो देखिएनन् ।

माधव नेपालले रोकेर पो हो कि त ?

हो कि त भनेर माधवसँग पनि कुरा गरेँ । उनले 'हिजो पार्टीबाट हटाएको जिम्मेवारी लिने तर स्थायी समितिमा ल्याउन मैले रोकेको होइन' भने । उनले यतिसम्मै भने कि 'यदि ओलीले प्रस्ताव ल्याए र मैले रोकेँ भने, मेरो मुखमा थुकिदिए हुन्छ ।' माधवजीका तर्फबाट स्थायी समितिमा मलाई लैजान रोकावट हुन्न भनेर ओलीसँग भनेको पनि हुँ । तैपनि, भएको छैन ।

कहिले राजाकहाँ, कहिले माओवादीमा गएको मान्छेलाई किन स्थायी समितिमा ल्याउने भनेर पनि त हुन सक्छ, होइन ?

राजनीतिमा कहिले सही काम गरिन्छ, कहिले गलत । सबैको हुन्छ यस्तो । मैले के सही गरेँ, के गलत गरेँ भन्ने कुरा हजारचोटि भनिसकेँ हुँला । म एमाले खोज्दै गएको होइन । एमाले मलाई खोज्दै आएको हो । यदि राजा र माओवादीकहाँ गएको भनेर जिम्मेवारी नदिएका हुन् भने मलाई एमालेमा नबोलाएको भए हुन्थ्यो ।

त्यति वरिष्ठ नेता, किन पछि परियो भनेर सोच्नुभएको छ ?

मनमा जे लागे पनि बाहिर 'रिजर्व' बस्ने, भित्रभित्रै चाहिँ टिम बनाएर दाउपेच खेल्ने कुरा रहेछ राजनीति । तर, मैले बुझेको राजनीति भनेको लागेको कुरा भन्ने हो, जानेको कुरा गरिहाल्ने हो । यस्तो स्वभावको मान्छेलाई राजनीति गर्न सजिलो हुँदो रहेनछ । सबैले झुक्याउँदा मात्र रहेछन्, छक्याउँदा मात्र रहेछन् ।

किन होला त ?

अरूले राम्रो भनून् कि नराम्रो, लागेको कुरा भन्ने बानीका कारण धेरै मित्र मसँग चिढिए । नाफानोक्सान हेरेर बोल्ने बानीको विकास गर्न सकिनँ मैले । त्यस्तो हिसाबकिताब गर्ने मित्रहरू माथि पुगे ।

तपाईं दाजु-भाइ (सीपी मैनाली)बीचको फुटले गर्दा पनि हो कि ?

एकले अर्कोलाई तानेर हामी नेता भएका होइनौँ । आ-आफ्नो सोचाइ



तस्बिर : भास्कर ओझा

स्था वा आदर्श होइन'

र पृष्ठभूमिका साथ हामी राजनीतिमा अघि बढेका हौँ । त्यसैले दाजुभाइ फुटेकैले यस्तो भइयो भन्ने लाग्दैन ।

सीपीसँग किन तपाईंको कहिल्यै मतो मिल्दैन ?

उनको र मेरो स्वभाव नै फरक छ । उनी राजनीतिमा हिसाबकिताव गर्न जान्दछन्, कमर्सियल स्वभावका छन् । मलाई त्यस्तो हिसाबकिताब गर्न आउँदैन ।

ओलीचाहिँ कत्तिको हिसाबकिताब गर्नुहुन्छ ?

भन्न त उनलाई कतिपयले राजनेता पनि भनेका छन् । तर, मेरो दृष्टिमा उनी राजनीतिक नेता होइनन्, राजनीतिक खेलाडी हुन् । नाफा-नोक्सान हेर्छन् । कताबाट किक हान्दा गोल गर्न सकिन्छ, उनको ध्याउन्न यसैमा छ ।

त्यसो भए ओलीको राष्ट्रवाद आस्था हो कि खेल हो त ?

कस्तो अप्ठ्यारो प्रश्न ! नबोलौँ, मनमा लाग्या कुरा पऱ्यो । भनौँ, पार्टीका अध्यक्षका बारेमा बोल्नुपर्ने भो !

राजनीतिक खेलाडीका रूपमा उनले राष्ट्रवादका कुरा गरिरहेका छन् । नत्र, महाकाली सन्धिमा पानीको बाँडफाँटमा नेपाल ठगिँदा उनको राष्ट्रवाद कहाँ गएको थियो ? त्यो सन्धिताका उनले राष्ट्रवादलाई कसरी बुझेका थिए ? अहिले कसरी बुझिरहेका छन् ? त्यसैले ओलीका लागि राष्ट्रवाद राजनीतिक खेल हो, आस्था वा आदर्शको विषय होइन ।

ओलीलाई चतुर नेता भन्छन्, यस्तो हुनुभएको कहिलेदेखि हो ?

पहिले त यस्ता खेलाडी होइनन् उनी । दासढुंगा काण्डपछाडि र महाकाली सन्धिको आसपासदेखि हो, उनी खेलाडी बन्न थालेको । त्यसयता उनी कहिले राष्ट्रवाद बिर्सन्छन्, कहिले राष्ट्रवादी बनिदिन्छन् । के बोल्दा फाइदा हुन्छ, त्यही गर्दै छन् ।

> **दासढुंगा काण्डपछाडि र महाकाली सन्धिको आसपासदेखि हो, केपी ओली खेलाडी बन्न थालेको । त्यसयता उनी कहिले राष्ट्रवाद बिर्सन्छन्, कहिले राष्ट्रवादी बनिदिन्छन् । के बोल्दा फाइदा हुन्छ, त्यही गर्दै छन् ।**

अहिलेको राजनीतिक घटनाक्रम कस्तो लागिरहेको छ ?

राजनीतिले राष्ट्रलाई माथि उठाउनुपर्ने हो । तर, कांग्रेस, एमाले, माओवादी तीनै पार्टीको राजनीतिले राष्ट्रलाई संकटमा पारेको छ । हिजो पो दरबार हाउगुजी थियो । भित्र जतिसुकै खोक्रो भए पनि त्यही हाउगुजीले राष्ट्र टिकेको थियो । अहिले 'पार्टीहरू अजङ्गका छन्' भन्ने त्यस्तै हाउगुजी हुनुपर्ने तर छैन ।

पार्टीहरू कस्ता छन् भने बाहिर हेर्दा सुन्निएका, भित्रचाहिँ अन्तर्संघर्षले धोद्रिएका । सबै नेता पखालिएका । कुनै नेताको प्रशंसामा कसैले बोल्दैन । बोले पनि जनताले पत्याउँदैनन् । पार्टी र नेताहरू यो स्थितिमा पुग्नु भनेको देशमा संकट सिर्जना भइसकेको छ भन्ने संकेत हो ।

राजतन्त्र फर्केला त त्यसो भए ?

जादुगरी खेल नै चल्यो भने अर्कै कुरा । नत्र राजतन्त्र फर्किन सम्भव छैन । जतिसुकै जे भने पनि राजतन्त्र भनेको परम्परागत खालको व्यक्तिवादी संस्था हो । यदि राजा ज्ञानेन्द्र 'पपुलर' थिए भने राजतन्त्र हट्दै हट्दैन थियो । अहिले ज्ञानेन्द्र मात्र होइन, पूर्वराजपरिवारका अरू सदस्य पनि पपुलर छैनन् । त्यसैले राजतन्त्र फर्केलाजस्तो मलाई लाग्दैन ।

के होला त त्यसो भए ?

हालै मात्र अवकाश पाएका सेनाका केही जनरलसँग मेरो भेटघाट भयो । उनीहरू पनि राजनीतिक अवस्थाबाट निराश देखिए । ओजनदार व्यक्तित्व राष्ट्रपतिको जिम्मेवारीमा आउन नसकेकामा पनि गुनासो रहेछ उनीहरूको । राजनीतिक आरोह-अवरोह नबेहोरेकाहरू राष्ट्रपति भएका छन् । ३०/३५ वर्षको अनुभव भएका सेनाका अधिकृतहरूले विश्वास र भर गर्न सक्ने मान्छे परमाधिपति पाउन सकेको छैन ।

राजतन्त्र समाप्त भएर मुलुकलाई हानि भयो भन्न खोज्नुभएको ?

त्यस्तो पनि होइन । म त खुसी नै थिएँ राजतन्त्र जाँदा । राजाहरूमा एउटा आदर्श होला भन्ने लाग्थ्यो । नजिकबाट हेर्दा त्यस्तो होइन रहेछ । राजाहरू पनि नेताजस्तै आफ्नै मात्र स्वार्थ हेर्ने प्राणी रहेछन् । त्यस्तो संस्था गयो, नेताहरू पनि अब फिर्छन् होला जस्तो लागेको थियो । तर, हाम्रो दुर्भाग्य !

कुन बाटो तय गर्ला त राजनीतिले ?

तीन ठूला दल मिले भने ठीकै ठाउँमा जान्छ । मधेसीसमेत मिले भने त झन् राम्रो हुन्छ । तर, उनीहरू किन मिल्दैनन् भने उनीहरूको साँचो उनीहरूको हातमा छैन । हुन त तीन ठूला दलको साँचो पनि उनीहरूको हातमा छैन । अर्कैको साँचो आफ्नो खल्तीमा लुकाएर हिँडिरहेका छन् उनीहरू ।

जे होस्, तीन ठूला दल मिले भने कम्तीमा संविधानचाहिँ कार्यान्वयन हुन्छ । तर, संविधान कार्यान्वयन नहुँदा पनि म खुसी नै हुन्छु । किनभने, संविधान कार्यान्वयन नहुँदा कम्तीमा संघीयता र धर्मनिरपेक्षताको क्यान्सरबाट मुलुकले मुक्ति पाउँछ । राजनीति त्यही दिशातिर गइरहेको छ ।

तपाईंको विचार राप्रपासँग पो मिल्दो रहेछ त ?

कति ठाउँ चहारी हिँड्नु मैले यो उमेरमा ! त्यसैले विचार जोसँग मिले पनि बस्नचाहिँ एमालेमै बस्छु । नातागोता सबै एमालेमा छन्, हात मिलाउने साथीहरू पनि यहीँ छन् । म जहाँ पुगे पनि एक्लै जाने हो । अरूहरू मसँग जाँदैनन् । तर, एमालेमा बसिया'छ, केही काम गर्नु पनि पऱ्या'छैन । रमिता हेऱ्या'छु, बस्या'छु । यसभन्दा आनन्द अरू केमा हुन्छ ?

अनि, समकक्षी राजनीतिक साथीहरूबीच कत्तिको चियापान हुन्छ ?

उनीहरू बोलाउँदैनन् । नबोलाएपछि आफूले पनि किन बोलाउने भन्ने लाग्छ । मित्रहरूले के बुझेका छन् भने कुरा चियाको होइन, 'पावर'को हो । मसँग 'पावर' हुँदो हो त उनीहरू चिया खाने निहुँमा आइरहेका हुन्थे ।

'हिजो राजाको सरकारमा गएको' भनेर अहिले खिसी गर्ने साथीहरू राजाको मन्त्री छँदा मकहाँ धाउँथे । अहिलेको एमाले पोलिटब्युरोका आधाभन्दा बढी सदस्य आउँथे मकहाँ । मीठा कुरा गर्थे, काम पट्याएर जान्थे । स्थिति कस्तो छ भने उनीहरू मलाई भेट्न आउँथे भन्दा कसैले पनि पत्याउँदैन । यस्तो अवस्था छ, अहिले मेरो । ◆

नेपाली जीनको अवैध पैठारी

प्रयोगशाला परीक्षणका नाममा जथाभावी स्याम्पल पठाउने गैरकानुनी कारोबार

बाबुराम विश्वकर्मा

बिरामीको स्वास्थ्य जाँच गर्न भनेर काठमाडौँको पानीपोखरीमा खोलिएको थाइरोकेअर नामक संस्थासँग स्वास्थ्य परीक्षण गर्न नभई नहुने आफ्नै प्रयोगशाला (ल्याब) छैन । तैपनि, उसले हरेक दिन करिब ५० जनाको स्वास्थ्य नमुना (होल स्याम्पल) संकलन गर्छ। नमुना संकलनको काम काठमाडौँमा मात्र सीमित छैन, देशैभरिबाट प्रतिनिधिमार्फत संकलन हुन्छ । स्थापनाको डेढ वर्षमै यसले मुलुकका ८० स्थानका पोलिक्लिनिकलाई एजेन्ट बनाएको छ, नमुना संकलन गरेर काठमाडौँ पठाउन ।

यस संस्थाले एजेन्ट र आफूले जम्मा गरेको नमुना भारतको मुम्बई र दिल्ली पठाएर परीक्षण गराउँछ । ५ माघमा सधैँझैँ बिरामीको नमुना जम्मा गरेर दिल्ली पठाउन कर्मचारीहरू व्यस्त थिए । थाइरोकेअरका मार्केटिङ म्यानेजर विशाल नेपाल भन्छन्, “मध्याह्न १२ बजेअघि नै कुरियरलाई संकलित नमुना नदिए जहाजै छुट्ने खतरा हुन्छ र समयमा रिपोर्ट आउँदैन ।” यसरी विदेश पठाइने नमुनासँगै ठूलो धनराशि त विदेशिएको छ नै, नेपाली बिरामीको स्वास्थ्यसम्बन्धी सम्पूर्ण विवरण (होल स्याम्पल) भारतीय प्रयोगशालाको नियन्त्रणमा पुगेको छ ।

टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका अनुसार थाइरोकेअर, डा लालप्याथ ल्याब, एसआरएल, अनक्वोस्ट, कोर डाइग्नोस्टिक र रिलायबल डाइग्नोस्टिक सेन्टरचाहिँ देशभरिबाट संकलन गरिएका स्वास्थ्य स्याम्पल भारत पठाउने मुख्य एजेन्टमा पर्छन् । तिनले देशभरिका पोलिक्लिनिक, अस्पताल तथा स्वास्थ्य संस्था र आफ्ना संकलन केन्द्रबाट संकलित नमुना भेला पारेर भारतस्थित आ-आफ्ना सम्पर्कका ल्याबमा पठाउने गरेका छन् ।

यो कारोबार नेपालमा फैलाउन अरू पनि ल्याबहरू संगठित रूपमा लागेका छन् । यसै मेसोमा भारतकै डा लालप्याथ ल्याबले नेपालमा आफ्नो सञ्जाल फैलाइसकेको छ, जसको काम हो नेपाली बिरामीको नमुना संकलन गर्ने र भारतमा रहेको आफ्नो प्रयोगशालामा पठाउने । यहाँ बिरामीको रगत तान्नेबाहेक आफ्नो गतिलो ल्याब नभएको लालप्याथ ल्याबले महाराजगन्ज, चाबहिल, भरतपुर, पोखरा र जनकपुरमा आफ्नै संकलन केन्द्र खोलेर नमुना संकलन गर्छ, त्यसबापत केन्द्रले कमिसन पाउँछन् ।

यहाँका बिरामीको स्वास्थ्य नमुना संकलन गरी भारत पठाउन सुरु गर्नेमा सबैभन्दा पुरानो ल्याबमा पर्छ, महाराजगन्जको एसआरएल ल्याब । यसले सुरुमा काठमाडौँमा आफ्नो प्रयोगशाला नभएकाले संकलित नमुना भारत पठाएर परीक्षण गर्ने गरेको थियो भने अहिले आफ्नै ल्याब स्थापना गरेको छ ।

स्वास्थ्य जाँचका नाममा बिरामीको ढाड भाँचिने गरी रकम असुलेर बिरामीका नमुना भारत पैठारी गर्दाको सबैभन्दा खतरनाक पक्ष हो, ती नमुना र नतिजा भारतीय प्रयोगशालाको सम्पूर्ण नियन्त्रणमा हुनु । स्वास्थ्य परीक्षण र रिपोर्टको गोपनीयता चिकित्सा विज्ञानमा संवेदनशील मानिन्छ । तर, नेपालबाट निर्बाध भारत गएका स्वास्थ्य नमुना के कसरी राखिएका छन् वा कुन-कुन काममा प्रयोग गरिएका छन् भन्नेतर्फ कसैले ध्यान दिएको छैन । नेपाली

चक्कर कमिसनको

भारतीय ल्याबहरूले आफूकहाँ नमुना पठाइदिने नेपाली ल्याबलाई कमिसन दिन्छन् भने नेपाली ल्याबले स्वास्थ्य नमुना संकलन गर्ने पोलिक्लिनिकलाई । पोलिक्लिनिकले प्रेस्क्रिप्सन लेख्ने चिकित्सकलाई कमिसन दिन्छन् । पाइलैपिच्छे कमिसनको खेल हुँदा नेपालमै हुने स्वास्थ्य जाँचका नमुना अनियन्त्रित रूपमा भारत पुग्ने गरेका छन् । एक ल्याब सञ्चालकका भनाइमा नेपाली बिरामीको सामान्य रोग पत्ता लगाउनसमेत स्वास्थ्य नमुना भारत पठाउँदा ल्याबहरूले ४० प्रतिशतसम्म कमिसन पाउँछन् ।

विज्ञहरूका अनुसार क्यान्सरका सबै परीक्षण नेपालमै सम्भव भइसकेको छ । क्यान्सरको सेल परीक्षण गर्न अत्यधिक महँगो मानिने फ्लोसाइटोमेट्री प्रविधिमा आधारित मेसिनसमेत भरतपुर क्यान्सर अस्पतालले ल्याइसकेको छ, जसको लागत नै करिब तीन करोड रुपियाँ पर्छ । माइक्रो बाइलोजी, ब्याक्टेरिया टेस्ट, बायोकेमेस्ट्री, हिमाटोलोजी, हिस्टोप्याथोलोजी, सेरोलोजी, इमुनोलोजी आदि अधिकांश जाँचहरू यहीँ सम्भव रहेको डीनए विशेषज्ञ दिवेश बज्राचार्य बताउँछन् । तर, भारतीय ल्याबका नेपाली एजेन्टहरूले मधुमेह, स्तन तथा अन्य क्यान्सर, थाइराइडको प्रोफाइल टेस्ट, भिटामिन डी, ट्युमर मार्करको लेबल, हर्मोनको लेबल, इन्फेक्सन, हेपाटाइटिस सी आदि जस्ता सामान्यभन्दा सामान्य परीक्षणका लागि समेत भारत लैजाने गरेका छन् ।

नेपाली नमुना भारत पठाउनुमा ल्याबको मात्र दोषचाहिँ छैन, भारतमा राम्रो परीक्षण हुन्छ भन्ने बिरामीहरूको आममनोविज्ञानले पनि यो कारोबार फस्टाउन मद्दत गरेको छ । स्याम्पल भारत लगेर परीक्षण गर्ने भनेपछि जति पैसा तिर्न पनि तयार हुने बिरामीका कारण ल्याबहरूले फाइदा उठाउन पाएका हुन् । त्यस्तै नेपाली बिरामीको स्वास्थ्य स्याम्पल भारतीय प्रयोगशालामा पठाउने खेलमा चिकित्सक, पोलिक्लिनिक, काठमाडौँमा क्रियाशील भारतीय ल्याब र भारतका ल्याबबीच फैलिएको कमिसनको जालोले मुख्य भूमिका खेलेको छ ।

यसरी स्वास्थ्य परीक्षणका नाममा आर्थिक कारोबार थोरै छैन । निजी स्तरमा खुलेका ल्याबहरूले मात्र वर्षमा करिब १५ अर्ब रुपियाँभन्दा बढीको कारोबार गर्ने गरेको अनुमान छ । यो रकममध्ये स्वास्थ्य परीक्षणका लागि नेपाली प्रयोगशाला र तिनका एजेन्टमार्फत करिब तीन अर्ब रुपियाँभन्दा बढी भारत जाने गरेको अनुमान छ । “स्वास्थ्य परीक्षणका लागि बर्सेनि भारत जाने गरेको रकमले नेपालमै विश्वस्तरको ल्याब खोल्न सकिन्छ,” थापाथलीस्थित एक ल्याबका सञ्चालक मृगेन्द्रमान लाभाजु भन्छन्, “बिरामी र देशको माया कसैलाई छैन, स्वास्थ्य परीक्षणका नाममा भएको ब्रह्मलुट कहिले रोकिएला ?”

भारतमा दोब्बर महँगो

परीक्षण	नेपाल	भारत
ब्रेस्ट क्यान्सर (ईआर र पीआर)	३,५००	५,०००
थाइराइडको प्रोफाइल टेस्ट	८००	१,३००
हेपाटाइटिस सीको भाइरल लोड	५,५००	१३,०००
ट्युमर मार्कर (अल्फाफिटो प्रोटिन)	१,२००	२,०००
हेपाटाइटिस सीको जिनोटाइपिङ	१५,५००	२६,०००

(अंक रुपियाँमा)

स्रोतः काठमाडौँबाट भारत स्याम्पल पठाउने ल्याबहरू र नेपालका प्रयोगशालाहरू

एजेन्ट र बिरामीले प्रयोगशाला प्रतिवेदन प्राप्त गरेपछि आफ्नो सरोकार सकिएको ठान्छन् । तर, आफ्नो व्यक्तिगत विवरणसहित भारत पुगेको नमुना कहाँ, कसरी, कसले प्रयोग वा अध्ययन गरेको छ ? भारतीय ल्याबबाहेक नेपाली एजेन्टहरूलाई पनि थाहा छैन । यसबारे जिज्ञासा राख्दा स्वास्थ्य मन्त्रालयका प्रवक्ता भोगेन्द्रराज डोटेल आफैँ आश्चर्यचकित भए । उनको प्रतिक्रिया थियो, “ओहो यो त गम्भीर सन्दर्भ हो ।”

रगत र मानव तन्तुका नमुनाबाट मान्छेको सम्पूर्ण वंशानुगत अध्ययन गर्न सकिन्छ र यस्तो अध्ययनका लागि नेपाली नमुनाहरूको माग बढ्दै गएको छ । नेपालीहरूको स्वास्थ्यसम्बन्धी नमुनाको सुरक्षा कति गहन छ भन्ने बुझ्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले १० माघ ०७२ मा गरेको एउटा निर्णय पर्याप्त छ । परिषद्ले नेपालबाट जेनेटिक लगायतका कुनै पनि अनुसन्धान गर्न नेपालीहरूको स्वास्थ्यसम्बन्धी नमुना (होल स्याम्पल) विदेश लैजान नपाउने निर्णय गरेको छ । त्यसअघिसम्म विभिन्न अध्ययनका लागि नेपाली जीन संसारभरि पुग्थ्यो । परिषद्का सदस्य सचिव डा खेम कार्कीका अनुसार नेपाली जीन निर्बाध रूपमा विदेश लाने र आफूखुसी अनुसन्धान तथा परीक्षण गर्नु असाध्यै खतरनाक भएकाले रोकिएको हो । डा कार्की भन्छन्, “संसारका कुनै पनि देशको जीन अर्को देशमा कुनै पनि नाममा लैजान पाइन्न । त्यसैले हामीले अनुसन्धानका नाममा नेपाली जीन पैठारी हुने क्रममा रोक लगाएका हौँ । तर, परीक्षणका नाममा भारत गइरहेकै छ ।”

नेपाली जीवजन्तुको जीन संरक्षणका सन्दर्भमा वन मन्त्रालयले ०६० मै नेपालमा अनुसन्धान तथा परीक्षण असम्भव भएको खण्डमा मात्र कुनै जन्तु र पंक्षीको रगत एवं भुत्ला अनुसन्धान तथा परीक्षणका लागि विदेश लैजान सकिने निर्णय गरेको छ । तर, त्यसका लागि सरकारको पूर्वस्वीकृत लिनुपर्ने, विदेशमा लगिएको पशुपंक्षीको जीनको परीक्षण तथा अनुसन्धानको नतिजाको हकाधिकार नेपालको समेत हुने सर्त पनि वन मन्त्रालयले निर्धारण गरेको छ । तर, मानव स्वास्थ्य परीक्षणका नाममा बर्सेनि भारत पैठारी हुने मानव जीनबारे स्वास्थ्य

‘कमिसनबाहेक केही होइन’

डा गीता शाक्य, प्रमुख, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु

नेपालमा खुलेका सबै ल्याब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा दर्ता हुनुपर्ने नियम छ। तर, भारत स्याम्पल पठाउने केही ल्याब यहाँ दर्ता नै छैनन्। दर्ता हुनुपर्छ भन्दा दिल्लीबाटै डेलिगेसन आउँछ, कि त हामीलाई झुक्याइन्छ। भारतमा हुने सबै स्वास्थ्य परीक्षण नेपालमा सम्भव भइसकेको छ तर सानातिना रोगको परीक्षणका लागि पनि भारत पठाउनु दुर्भाग्य हो। नेपालमा महँगो पर्ने र भारतमा परीक्षणका लागि पठाउनुपर्ने नमुना नगण्य होला। भारतमा उपलब्ध सबै प्रविधि नेपालमै आइसकेको छ। अहिले स्वास्थ्य परीक्षणका नाममा भारतमा जुन स्याम्पल पठाइन्छ, त्यसको कारण कमिसनबाहेक केही होइन। त्यसै गरी त्यहाँ पठाइएका हाम्रा स्याम्पल अन्य प्रयोजनमा उपयोग गरिएको छैन भनेर ढुक्क हुने आधार पनि छैन।

स्वास्थ्य परीक्षणका नाममा भारत स्याम्पल पठाएर जथाभावी गर्ने प्रयोगशालाहरूलाई अनुगमन, नियमन तथा कारबाही गर्न हामीसँग अधिकार छैन। अहिले ल्याबहरूले जे गरे पनि टुलुटुलु हेरेर बस्नुपर्ने अवस्था छ। अधिकारै नभएकाले हामीले कारबाही पनि गर्न नमिल्ने, कारबाही गर्न खोजे ल्याबले हामीलाई नटेर्ने अवस्था छ। प्रयोगशालाको समग्र समस्या र विकृति समाधान गर्ने गरी छुट्टै ऐन ल्याउनुपर्छ, जसले नेपालमा हुने परीक्षणहरू विदेश पठाउन प्रतिबन्ध लगाओस् र भारत पठाइएका नेपाली जीनको सुरक्षा लगायतका संवेदनशील मुद्दालाई पनि सम्बोधन गर्न सकोस्।

मन्त्रालयले कुनै नीतिगत तथा कानुनी व्यवस्था गरेको छैन। वार्षिक करिब एक लाखभन्दा बढी नेपाली नमुना (होल स्याम्पल) विभिन्न माध्यमबाट भारतीय प्रयोगशाला पुऱ्याइएको अनुमान यस क्षेत्रका विज्ञहरूको छ।

स्वास्थ्य परीक्षणका नाममा ल्याबहरूले भारत पैठारी गरेका नेपाली जीन भारतीय प्रयोगशालाहरूले आफ्नो डाटा बैंकमा राखेका छन्। दृष्टान्तका लागि एसआरएल ल्याबले आफ्नो वेबसाइटमा परीक्षणका लागि त्यहाँ पठाइएका स्वास्थ्यसम्बन्धी रिपोर्ट आफ्नो डाटा बैंकमा सुरक्षित रहेको उल्लेख गर्दै कसैले थप अध्ययनका लागि माग गरेमा उपलब्ध गराउन सकिने उल्लेख गरेको छ। प्याथोलोजिस्ट डा गिरिष्मा श्रेष्ठ भन्छिन्, “बिरामीको पूर्वस्वीकृतिबिना कुनै पनि नमुना र रिपोर्ट अरू कुनै प्रयोजनका लागि प्रयोग गर्न मिल्दैन। तर, देशबाहिर गएका नमुना र रिपोर्ट सदुपयोग वा दुरुपयोग के हुन्छ, कसले भन्न सक्छ र ?”

यस्तो संवेदनशील विषयमा पनि कुनै नियमन र कानुनी कारबाहीको व्यवस्था मुलुकमा छैन। सरकारी निरीहता कतिसम्म छ भने निजी क्षेत्रबाट खुलेका सबै ल्याबलाई अहिलेसम्म आफ्नो दायरमा समेत ल्याउन सकेको छैन स्वास्थ्य मन्त्रालयले। मन्त्रालयको यही कमजोरीले गर्दा स्वास्थ्य परीक्षणका नाममा जथाभावी खुलेका ल्याबहरूको मनोमानी बढ्दै गएको छ। थाइरोकेअरलाई नै उदाहरण मान्ने हो भने पनि अहिलेसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र जिल्ला जनस्वास्थ्य कार्यालयमा यो संस्था दर्ता भएको छैन। कानुनतः कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएपछि सरकारी मापदण्ड अनुसार नेपालमा खुल्ने हरेक प्रयोगशाला जिल्ला जनस्वास्थ्य कार्यालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा दर्ता हुनुपर्छ।

सही स्वास्थ्य परीक्षणले बिरामीको रोगको अवस्था, उपचार विधि, उपचारपछिको बिरामीको अवस्थाजस्ता अति महत्त्वपूर्ण कुराहरू निर्धारण हुन्छन्। सही स्वास्थ्य परीक्षणले मात्र सही उपचार सम्भव हुन्छ। “प्रयोगशालाले गलत रिपोर्ट दिएमा बिरामीको ज्यानै जोखिममा पर्छ, त्यसैले चिकित्सा विज्ञानमा स्वास्थ्य परीक्षणलाई जीवन र मृत्युको मानक मानिएको छ,” डीएनए विशेषज्ञ दिवेश कर्माचार्य भन्छन्। यति महत्त्वपूर्ण क्षेत्रलाई पूरै हेलचक्र्याइँ र बेवास्ता मात्र गरिएको छैन, नाफाखोर कम्पनीका एजेन्टहरूको जिम्मामा छोडिएको छ। हुँदाहुँदा कति नमुना भारत गए, ती कहाँ कसरी परीक्षण भए र रिपोर्ट कसरी तयार भयो भन्नेबारे कसैले खोजीसमेत गरेको छैन। मन्त्रालयका प्रवक्ता डोटेल भन्छन्, “जथाभावी गर्ने ल्याबहरूलाई कारबाही गर्न र अहिले देखिएका विकृति रोक्न हामी छुट्टै ऐनको मस्यौदाको तयारीमा जुटेका छौं। ल्याब टेस्टका नाममा भएको बेथिति कहालीलाग्दो छ। जनस्वास्थ्यसम्बन्धी ऐन ल्याएर मात्र अहिले भएका गैरकानुनी र अवैध काम रोक्न सकिन्छ।” ◆

KMG
KANTIPUR MEDIA GROUP

Radio
Kantipur
रेडियो राष्ट्रको

**We are
Radio Kantipur,
Radio Rastrako**

Transforming ourselves to flourish
the bond connected from heart to heart.
We have become the change to embellish every
new relationship. Now, we'd like to strengthen our
bond, embracing the changing time and circumstances.

किन हतारियो विशेष अदालत ?

पुराना भ्रष्टाचार मुद्दा जहाँका तहीँ, ल्हारक्याल लामालाई चाहिँ सफाइ दिन हतारो

यी हुन् फैसलाका लागि परिपक्व भइसकेका र ल्हारक्याल लामाको मुद्दाभन्दा पुराना मुद्दा

घूससम्बन्धी

दर्ता मिति	अभियुक्त
०७१/०२/२९	वेणीमाधव भट्टराईसमेत
०७१/४/२३	रोशनकुमार कठायत
०७१/५/२	रामदत्त भट्टसमेत २
०७१/५/१८	शम्भुप्रसाद चालिसे
०७१/८/१७	मेघनाथ चौलागाईं
०७१/११/१९	तीर्थबहादुर बस्नेत
०७१/१२/२४	उमेशकुमार यादव
०७२/३/८	लालसिंह ऐरी
०७२/३/११	रामजीप्रसाद बरालसमेत
०७२/४/१२	गोविन्दप्रसाद बरालसमेत २
०७२/४/२४	देवराज पोखरेल
०७२/५/१५	ईश्वरीप्रसाद ढकाल
०७२/५/१८	रामबाबु साह
०७२/९/१९	शरदकुमार श्रेष्ठ
०७२/९/२९	जितबहादुर केसी
०७२/१०/१२	चन्द्रेश्वर महतोसमेत
०७२/११/३	नवीनकुमार पोखरेल
०७२/११/१८	लालमणि पाण्डे
०७२/११/१८	दयानिधि ज्ञवालीसमेत
०७२/११/२०	तुलाराम भण्डारी
०७२/१२/४	मुकुन्दराज पाण्डे
०७२/१२/१७	प्रेमबहादुर थापा
०७२/१२/१९	गौरीमाया घिमिरे
०७२/१२/२३	उत्तमप्रसाद खरेल
०७३/१/३	श्यामकाजी पिया
०७३/१/६	अम्बिकाप्रसाद गुप्ता
०७३/१/१०	सुरेश श्रेष्ठसमेत
०७३/१/२७	नारायणप्रसाद चौधरी

अभिषेक गिरी

सीताराम प्रसाई

गणेश लामा

■ रामबहादुर रावल

करिब ९ करोड ४४ लाख रुपियाँबराबरको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपसहित नेकपा माओवादी केन्द्रका सांसद ल्हारक्याल लामाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दा विशेष अदालतले ६ महिनामै टुंगयायो। ३० वैशाख ०७३ मा दायर मुद्दा ३० कात्तिकमै किनारा लाग्यो। जब कि, चार वर्ष पुराना साढे दुई सयभन्दा बढी मुद्दा त्यही अदालतमा विचाराधीन छन्।

लामाले विशेष अदालतका न्यायाधीशत्रय मोहनरमण भट्टराई, प्रभा बस्नेत र महेशप्रसाद पुडासैनीको इजलासले गरेको फैसलाबाट सफाइ पाए। अख्तियारले अवैध दाबी गरेको उनको सबै सम्पत्ति वैध ठहरियो। विशेष अदालत ऐन, २०५९ को दफा १६ अनुसार मुद्दा दायर भएको ६ महिनाभित्र भ्रष्टाचार मुद्दाको टुंगो गरिसक्नुपर्छ। ठीक ६ महिना पुगेकै दिन उनको मुद्दा फैसला हुँदा ऐनको प्रावधान त पालना भयो तर विशेष अदालतमै चार वर्षदेखि धाइरहेका अन्य मुद्दा पक्षहरूले भने लामाको फैसलाप्रति जिब्रो टोके। कारण थियो, हत्पत्ति कानुनले तोकेको म्यादभित्र मुद्दा नछिन्ने विशेष अदालत सांसद लामाको मुद्दा भने समयमै छिनिएको थियो।

विशेष अदालतमा विचाराधीन रहेका २ सय ६५ मुद्दामध्ये गैरकानुनी सम्पत्ति आर्जन, घूस, अनियमितता, सरकारी सम्पत्ति हिनामिना, सम्पत्ति शुद्धीकरणलगायत अभियोग रहेका र लामाको भन्दा पहिला दायर भएका मुद्दा नै एक सयभन्दा बढी छन्। यसमा नक्कली प्रमाणपत्रसम्बन्धी बाहेक अदालती प्रक्रिया र आवश्यक कागज-प्रमाण पुगिसकेर फैसलाका लागि परिपक्व भएका मुद्दा नै ७३ वटा छन्, जो लामाका भन्दा पुराना हुन्। फैसलाका लागि परिपक्व भइसकेका तर अदालतले पन्छाउँदै आएका ती मुद्दा नियमित पालो आउँछन्, पेसीमा चढ्छन् तर छिनिँदैनन्। किन ? विशेष अदालतका प्रवक्ता जगन्नाथ पौडेलसँग यसको स्पष्ट जवाफ छैन। उनी पुराना मुद्दालाई प्राथमिकता दिने गरिएको दाबी मात्र गर्छन्। "वार्षिक र मासिक कार्य प्रगतिको लक्ष्य तोकेका छौं," पौडेल भन्छन्, "सकभर पुराना मुद्दा किनारा गर्न सकिने आन्तरिक कार्यविधि पनि बनाएका छौं। १५ दिनभन्दा चाँडो पेसी तोक्न नसकिए पनि एक महिनाभन्दा ढिला पेसी नराखी मुद्दाको व्यवस्थापन गरेका छौं। कुन मुद्दामा के आदेश गर्ने र कुन मुद्दाको फैसला पहिला गर्ने भन्नेचाहिँ इजलास (न्यायाधीश) को स्वतन्त्रताको कुरा हो।"

ज-जसका मुद्दा छन्

सांसद लामाको मुद्दाको प्रकृतिसँग ठ्याक्कै मिल्ने मुद्दा हो, सुनसरी मोरङ सिँचाइ आयोजनाका पूर्वप्रमुख विनयकुमार सिंहको पनि। अभियोग थियो, सार्वजनिक पदमा रहँदा भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति राखेको। मुद्दा दर्ताको समयका हिसाबले लामाको भन्दा १ वर्ष ९ महिना २२ दिनले जेठो हो यो मुद्दा। प्रक्रियागत पूर्णताका हिसाबले पनि कुनै नयाँ लिखत, कागज वा प्रमाण आउन बाँकी छैन। बयान, वकपत्रका कामहरू पनि सबै सकिइसकेका छन्। तर, उनको मुद्दा नियमित पेसी चढ्छ, थन्किन्छ। अझै फैसला भएको छैन।

त्यसै गरी, सांसद लामाको भन्दा एक वर्ष पुराना मुद्दा हुन्, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरका अध्यक्ष डा भक्तमान श्रेष्ठ, नेपाल टेलिकमका वरिष्ठ प्राविधिक अधिकृत अनिलकुमार आचार्यविरुद्धका मुद्दा। अख्तियारले उनीहरूविरुद्ध गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा मुद्दा दायर गरेको छ। यी दुवै मुद्दा फैसलाका लागि परिपक्व भइसकेका छन्। सामान्यतः अख्तियारले मुद्दा दायर गरेपछि दुवै पक्षका बयान, वकपत्र, आवश्यक कागजात, प्रमाण, साक्षी बुझ्ने लगायतका काम सकिएपछि अदालत प्रशासनले मुद्दा फैसलाका लागि परिपक्व भएको निष्कर्ष निकाल्छ र नियमित पेसी चढाउँछ। प्रवक्ता पौडेलका अनुसार सामान्यतः पेसीमा चढेका मुद्दाको सुनुवाइका लागि १५ दिनदेखि एक महिनाको बीचमा पुनः पालो आउँछ। "एक महिनाभन्दा ढिलो त कुनै पनि मुद्दाको पेसी तोक्दैनौं। पुराना मुद्दालाई सकेसम्म १५ दिनभित्रै पेसीमा राख्छौं," पौडेल भन्छन्।

लामाको भन्दा निकै अघि दायर भएका गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठवटा मुद्दा परिपक्व भइसकेका छन्। अर्थात्, उनको जस्तै अभियोग बोकेर केशवराज भूर्तेल, सुरेश सिंह, कुमारबहादुर कटुवाल, शत्रुधनप्रसाद साह, विनयकुमार सिंह, डा भक्तमान श्रेष्ठ, अनिलकुमार आचार्य, ध्रुवकुमार उप्रेतीलगायत निरन्तर अदालत धाइरहेका छन् तर उनीहरूको मुद्दा कहिले किनारा हुन्छ भन्ने यकिन छैन। लामाको भन्दा अढाइ महिनाअघि दर्ता भएको थियो, भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा केशवराज भूर्तेलको



तस्बिर : अंगद ढकाल

ल्हारक्याल लामा



डा भक्तमान श्रेष्ठ

चक्रे मिलन

दीपक मनाङे

शैलेन्द्र श्रेष्ठ

अनियमितता, झुट्टा बिलभर्पाइ र हिनामिना

दर्ता मिति	अभियुक्त
०६९/९/१७	शेखरकुमार यादवसमेत ७
०७०/५/९	रामेश्वर यादवसमेत १७
०७०/०८/२८	सीताराम प्रसाईंसमेत ७
०७०/११/९	जिवेन्द्र झासमेत
०७१/१/३०	नर्मदा कट्टेल
०७१/४/२०	गोपालप्रसाद भण्डारी
०७१/५/३१	नागेन्द्रप्रसाद कुर्मी
०७१/७/१७	डा तारानाथ पोखरेलसमेत २
०७१/१०/१२	सुरेशकुमार थपलियासमेत ४
०७२/१०/१९	तीर्थराज भट्टराईसमेत
०७१/१२/२०	प्रचण्डमान श्रेष्ठसमेत २
०७२/२/२४	रामनरेश रायसमेत १४
०७२/१०/२२	आशमोहमद अन्सारी
०७२/१०/२४	शैलेन्द्रकुमार श्रेष्ठ
०७२/१०/२९	वासुदेव ओलीसमेत
०७२/११/१७	सनतकुमार बस्नेत
०७२/११/१९	राधाकृष्ण चौधरी
०७२/१२/२	विनोदकुमार राय यादवसमेत
०७२/१२/७	उत्तिमलाल मुखियासमेत
०७२/१२/१६	उपेन्द्र मण्डलसमेत
०७२/१२/२६	पूर्णभक्त तण्डुकार समेत

गैरकानुनी सम्पत्तिसम्बन्धी

दर्ता मिति	अभियुक्त
०७१/१२/२२	अनिलकुमार आचार्यसमेत २
०७२/११/११	केशवराज भूर्तेल
०७२/१०/२५	सुरेश सिंहसमेत
०७२/१०/२८	ध्रुवकुमार उप्रेती
०७२/१२/१९	कुमारबहादुर कटुवालसमेत
०७३/१/२७	शत्रुधनप्रसाद साहसमेत
०७१/४/८	विनयकुमार सिंहसमेत
०७२/११/२	डा भक्तमान श्रेष्ठ

सम्पत्ति शुद्धीकरणसम्बन्धी

दर्ता मिति	अभियुक्त
०७०/०२/०५	अञ्जुसिंह बस्नेत, पर्शुराम बस्नेत
०७०/०२/०५	दीपक मनाङे भन्ने राजीव गुरूङसमेत २
०७०/२/५	अभिषेक गिरीसमेत २
०७०/२/५	गणेश लामासमेत ६
०७३/१/२०	सुनील अग्रवाल

स्रोत : विशेष अदालत

मुद्दा । उनीहरूको मुद्दामा फैसला गर्न पनि कुनै कागजात, साक्षी, बकपत्र वा कानुनी प्रक्रिया पुऱ्याउन बाँकी छैन ।

गैरकानुनी सम्पत्तिसम्बन्धी नै अभियोग रहेका तर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले दायर गरेका मुद्दाहरूको अवस्था हेर्ने हो भने अझ असंगतिपूर्ण छ । ५ जेठ ०७० मा दायर भएका डन भनिने दीपक मनाङे, अभिषेक गिरी, गणेश लामा र पर्शुराम बस्नेतका मुद्दा पनि न्यायाधीशहरूले सकेसम्म पन्छाउँदै आएको देखिन्छ । मनाङेले पौने १४ करोड, गिरीले करिब २ करोड, लामाले २७ करोड, बस्नेतले साढे ११ करोड अवैध सम्पत्तिलाई चोख्याएर वैध बनाउन खोजेको अभियोगमा मुद्दा चलिरहेको छ । विशेष अदालतमा बहस गर्दै आएका वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती भन्छन्, “एकै पटकमा आदेश गर्दा हुनेमा पटकपटक गर्ने, एकपटक कुनै न्यायाधीशले हेर्न नमिल्ने भनिसकेपछि दोहोऱ्याइ-तेहऱ्याइ त्यही न्यायाधीशको इजलासमा पार्नेजस्ता नमिलेका धेरै कुरा छन्, सुनुवाइ व्यवस्थापनमा । यसले धेरै पुराना मुद्दा पनि समयमा फैसला हुन सकेका छैनन् ।”

ढिलाइका कारण

मुद्दाका पक्षहरू धेरै भएका र सकेसम्म आफूले फैसला गर्नु नपरोस् भन्ने ठानेका मुद्दाहरू पन्छाउने प्रवृत्ति न्यायाधीशहरूमा छ । हुन त अख्तियार, सम्पत्ति शुद्धीकरण विभागलगायत मुद्दा दर्ता गर्ने निकायले नै अभियोगपत्रसँगै अभियुक्तलाई पनि पक्रेर अदालतमा पेस नगर्नु मुद्दा किनारामा ढिलो हुने सबैभन्दा प्रमुख कारण हो । जस्तो कि, सशस्त्र प्रहरीका पूर्वमहानिरीक्षकहरूलाई अख्तियारले अभियोगसहित अदालतमा पेस गरेन । अदालतले नै अभियुक्त खोज्न थाल्दा झन्झटिलो प्रक्रियाका कारण मुद्दाको फैसला नै ढिलो हुँदै आएको छ ।

कतिपय मुद्दाका अभियुक्तलाई अभियोजन गर्ने निकायले नै पहिला तारेखमा छाडिदिन्छन् भने मुद्दा अदालतमा लैजाँदासम्म अभियुक्त लुकिसकेको वा विदेश भागिसकेको हुन्छ । त्यस्ता अभियुक्तलाई अदालतमा बोलाई बयान लिनु उनीहरूलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु निकै झन्झटिलो र लम्बेतान प्रक्रिया हुन्छ । त्यसमाथि मुद्दाको बोझ अत्यधिक हुनु, आधुनिक प्रविधि अपनाउन नसक्नु र मुद्दा व्यवस्थापनमा स्रोत-साधनको अभाव रहनुले पनि कानुनले तोकेबमोजिमको म्यादभित्र मुद्दा फैसला हुन नसकेको प्रस्टीकरण पनि अदालतका अधिकारीहरू दिन्छन् । तर, यी सम्पूर्ण प्रक्रिया पूरा भइसकेका मुद्दामा पनि दर्ता हुँदाको मिति र ज्येष्ठताका आधारमा नहुनुलाई भने चलखेलको परिणाम ठान्छन्, विशेष अदालतकै पूर्वअध्यक्ष गौरीबहादुर कार्की । भन्छन्, “मुद्दाहरू ज्येष्ठताकै आधारमा छिनिनुपर्छ । तर, यसमा धेरैथरी चलखेल हुन्छन् । न्यायाधीशहरूले चाहेमा यस्ता विसंगति रोक्न सक्छन् ।” ◆

पेसी तोक्दा नै 'चलखेल'

– **गौरीबहादुर कार्की**, पूर्वअध्यक्ष, विशेष अदालत

मुद्दामा प्राथमिकता पहिला दर्ता भएकालाई दिनुपर्छ । सामान्यतः दैनिक पेसी सूची पनि पहिला दर्ता भएका आधारमा नै तय गरिएको हुन्छ । न्यायाधीशले मुद्दा हेर्दा पनि सूचीको क्रम अनुसार नै हेर्नुपर्छ ।

तर, यसभित्र अनेक खेल हुन्छन् । वकिलहरू खेल्छन् । मुद्दाको पेसी तोक्दा नै ढिलो फैसला गराउने कि छिटो, कुन न्यायाधीशको इजलासमा पार्ने भन्नेसम्मका खेल हुन्छन् । आफूले नचाहेको न्यायाधीशकहाँ मुद्दा परेमा वा मुद्दा ढिलाइ गर्नुपरेमा कानुन व्यवसायी बिरामी परिदिन्छन् ।

जेठो मुद्दालाई पन्छाएर कान्छोलाई फैसला गराउनु छ भने त्यो दिन अरू जेठा मुद्दालाई पेसीमा नै राखिँदैन । जुन मुद्दालाई फैसला गराउनु छ, उसैलाई एक नम्बर बनाएर पारिन्छ । यस्तो अवस्थामा न्यायाधीशले थाहा पाएर वा नपाएरै भए पनि मुद्दा किनारा गर्छन् । दुई-तीन महिनाअघिदेखि नै खेल खेलिएको हुन्छ । सरकारी वकिललाई पनि स्थगित नगर्न ठीक पारिएको हुन्छ । फूलप्रसाद चढाउनुपर्ने ठाउँमा चढाइएको हुन्छ । यसरी मिलाएको कुरो आमजनतालाई थाहा हुँदैन । कोकोलाई मिलाएका छन् भन्ने कुरा बाहिरबाट देखिँदैन पनि ।

न्यायाधीशले चाहेमा यस्ता विसंगति कम गर्न सक्छन् । तर, समस्या के छ भने कतिपय न्यायाधीशहरू वकिलसँग शत्रुता साँध्न चाहँदैनन् । आफ्ना कमजोरीविरुद्ध कतै उजुरबाजुर नगरोस् भनेर पनि न्यायाधीशहरू सबैको प्रिय बन्न खोज्छन् । अनि, ज्येष्ठताका आधारमा मुद्दा छिन्न इजलास उदासीन बन्छन् ।

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो, जानकारी, परामर्श सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group
कान्तिपुर
The kathmandupost
साप्ताहिक
नेपाल
नारी
WWW.EKANTIPUR.COM
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

फेरि 'जनयुद्ध' !

सहरमा मजदुर र गाउँमा किसान तथा पिछडिएका वर्गको सहयोग लिँदै सशस्त्र संघर्ष गर्ने धम्की

माधव बस्नेत

'कमरेडहरू कुरा के भने प्रचण्ड त संशोधनवादी भई नै हाले । एमाले र उनमा केही फरक छैन । विप्लवजीले पनि जनयुद्धलाई निरन्तरता दिने सम्भावना छैन । उनी घुमीफिरी प्रचण्डसँगै एकता गर्न सक्छन् । त्यसैले जनयुद्ध गर्ने दायित्व अब हाम्रै काँधमा छ । तपाईंहरू सबै तयार रहनूस् । अब छिट्टै अर्को जनयुद्धमा होमिनुपर्छ । पुनः जनयुद्ध नगरी जनताले मुक्ति पाउने छैनन् । हामीसँग जनयुद्धको विकल्प छैन ।'

पुस अन्तिम साता चितवनमा 'आफ्ना'हरूसमक्ष नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्यले दिएको अभिव्यक्ति हो यो । यसअघि ६-८ असार ०७३ मा उनीद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रतिवेदनमा उल्लिखित अंश पढौँ । लेख्छन्, 'प्रतिक्रियावाद तथा दक्षिणपन्थी संशोधनवादको विरोध तथा भण्डाफोर गरौँ । नयाँ जनवादी क्रान्तिको तयारीको दिशामा अघि बढौँ ।'

यी दुई दृष्टान्तले वैद्य नेतृत्वको क्रान्तिकारी माओवादी फेरि 'जनयुद्ध'मा होमिन लागेको हो कि भन्ने छनक दिन्छन् । हुन त उनी मोहनविक्रम सिंह र नेत्रविक्रम चन्द नेतृत्वको तीन दलीय मोर्चाले गरेको कार्यक्रम होस् वा पार्टीभित्रका आन्तरिक प्रशिक्षण, वैद्यले पटक-पटक हतियारबद्ध आन्दोलन उठाउनुपर्ने बताइरहेकै छन् ।

उनी नेतृत्वको तीन दलीय मोर्चाले १६ पुसमा राजधानीको अल्फाबिटा कम्प्लेक्समा जलस्रोतसम्बन्धी एउटा गोष्ठी आयोजना गरेको थियो । त्यसमा पनि वैद्यले हतियार उठाउने प्रसंग निकाले । भने, "अब फेरि पनि हतियार उठाउनुको विकल्प छैन ।"

०५२ देखि ०६३ सम्म गाउँबाट सहर घेर्दै राज्यसत्ता कब्जा गर्ने भन्दै तत्कालीन माओवादीले दीर्घकालीन 'जनयुद्ध'को खाका अघि सारेको थियो । ठीक त्यही शैलीमा 'जनसेना'को निर्माण गरी आधार इलाका विस्तार गर्दै, सहरमा मजदुर र गाउँमा किसान तथा पिछडिएका वर्ग, क्षेत्र, समुदायको सहयोग लिँदै सशस्त्र संघर्ष गर्नुपर्ने व्याख्या गर्ने गरेका छन् वैद्यले । त्यसका लागि अर्थ र हतियारको ठूलै जोहो गर्नुपर्ने उनको ठम्याइ छ । वैद्य निकट क्रान्तिकारी माओवादीका एक सचिवालय सदस्यका अनुसार जनवादी क्रान्तिका लागि दीर्घकालीन जनयुद्धबाहेक विकल्प हुन नसक्ने निचोड सुनाउने गरेका छन् उनले । त्यसो भए वैद्य फेरि हतियार बोकेर हिंसात्मक 'जनयुद्ध'मा होमिन लागेका हुन् त ?

नेपालको कम्युनिस्ट आन्दोलनमा वैद्य मात्र एक यस्ता नेता हुन्, जो शास्त्रीय दर्शनमा सबैभन्दा बढी विश्वास राख्छन् । यसको अर्थ हो, हतियार उठाएर दीर्घकालीन जनयुद्ध नगरी नयाँ जनवादी राज्यसत्ता प्राप्त हुन सक्दैन । १० वर्षसम्म हतियार उठाएर ठूलो लडाइँ लडे पनि जनताले गाँस, बास, कपास, शोषण, विभेद, उत्पीडनलगायत यावत् समस्याबाट मुक्ति पाउन सकेनन् बरू सीमित नेताहरूको वर्ग रूपान्तरण भएको ठम्याइ छ, वैद्यको ।

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको एमाओवादीले बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्ने संशोधनवादी-विर्सजनवादी 'लाइन' लिएको भन्दै ५ असार ०६९ मा उनले पार्टी विभाजन गरेका थिए । जगजाहेरै छ, विभाजित माओवादी पनि लामो समय एकै ठाउँमा रहन सकेन । हतियारबद्ध आन्दोलनकै विषयलाई लिएर ७ मंसिर ०७१ मा औपचारिक रूपमा वैद्य नेतृत्वको पार्टी पनि फुट्यो । विभाजनताका वैद्यले प्रचण्डमाथि जे आक्षेप लगाएका थिए, वैद्यप्रति त्यही आरोपको बल फ्याँक्दै चन्द उर्फ विप्लवले आफू नेकपा-माओवादीबाट अलग भएको घोषणा गरे । ६ जेठ ०७३ मा महासचिव रामबहादुर थापाको नेतृत्वमा क्रान्तिकारी माओवादीभित्रको ठूलो पंक्ति प्रचण्ड नेतृत्वको माओवादी केन्द्रमै

'उत्ताउलो ढंगले हतियार उठाउँदैनौँ'

मोहन वैद्य

तपाईं नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले हतियार उठाउन लागेको हो ?

सामाजिक रूपान्तरणका लागि हतियारको भूमिका कस्तो हुन्छ भन्ने सैद्धान्तिक प्रश्न उठ्दा त्यो सार्वभौम (अनिवार्य) कुरा हो । हामी माओवादीले पनि १० वर्ष हतियार उठाएको जगजाहेरै छ ।

हामीले उठाएको हतियारले गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक-समावेशिताजस्तो मात्रात्मक परिवर्तन त भयो । तर, वर्ग व्यवस्था आएन । जुन शोषित-

समाहित भयो । त्यसपछि ६-८ असार ०७३ मा बचेखुचेका कार्यकर्ताको राष्ट्रिय भेला गरी पार्टीलाई निरन्तरता दिइरहेका वैद्यले पछिल्ला दिनमा हतियार बोकेर जंगल पस्ने कुरा बढी नै उठाइरहेका छन् । वैद्यसँग लामै सहकार्य गरेका चन्द नेतृत्वको नेकपा (माओवादी)का कार्यालय सचिव गुणराज लोहनी भन्छन्, "वैद्यले जुनसुकै कार्यक्रममा पनि हतियार उठाउने कुरा गरिरहनुभएको सुनिन्छ । उठाउने भएरै त त्यसो भन्नुभएको होला नि !"

पछिल्ला दिनमा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डले पार्टीका आन्तरिक कार्यक्रममा निरन्तर उठाइरहने कुरा हो-माओवादीहरूबीचको एकता । प्रचण्डले सबै धारका माओवादी नेतालाई माओवादी केन्द्रमै भित्र्याउने दाबी गरिरहेका बेला कुनै समय उनका राजनीतिक गुरुसमेत रहेका वैद्यले उनलाई एमालेसँग तुलना गर्दै आफ्नो नेतृत्वमा फेरि हतियार उठाउन उद्घोष गर्नु पक्कै पनि सामान्य होइन । तर, वैद्यले हतियार उठाउन अभिव्यक्ति दिएजस्तो सजिलो भने अवश्य पनि छैन ।

वैद्यको पाँच सदस्यीय कार्यालय टिममा सीपी गजुरेल र हरिभक्त कँडेल मात्र 'जनयुद्ध' लडेर आएका नेता हुन् । परि थापा र रामसिंह श्रीससँग ०७२ भदौमा मात्र एकता भएको हो । १९ सदस्यीय सचिवालयको हालत पनि यस्तै छ । सशस्त्र द्वन्द्वमा सहभागी भएर दर्जनौं मोर्चा लडेर आएका अनुभवी लडाकू कमान्डरहरू वैद्यसँग कोही पनि छैनन् । पार्टी विभाजन हुँदाखेरी नै उनलाई तत्कालीन आठै जना डिभिजन कमान्डरले साथ दिएका थिएनन् । डिभिजन सहायक कमान्डर उदयबहादुर चलाउने, गोरखा जेल ब्रेक गरेर चर्चा बटुलेकी ब्रिगेड कमिसार उमा भुजेल, लडाकूका ब्रिगेड कमिसार पदमबहादुर राईहरू चन्दको पथमै हिँडेका छन् । अन्य डिभिजन सहायक कमान्डर नेपबहादुर कुँवरलगायत पनि थापासँगै माओवादी केन्द्रभित्रै छिरे । यसले पनि हतियार उठाइहाल्न वैद्यलाई सजिलो छैन ।

वैद्यले बारम्बार हतियार उठाउने कुरा गरे पनि उनको पार्टीले फौजी तालिम भने सुरु गरेको छैन । वैद्यका लागि हतियार उठाउन ठूलो चुनौती के हो भने उनी आफैं उमेरले ७० वर्षका भइसकेका छन् । त्यसमाथि उनी संगठनात्मक कलामा भन्दा शास्त्रीय दर्शनमा पोख्त मानिन्छन् । अर्कोतिर 'जनयुद्ध' भन्ने शब्दप्रति नै घृणा र निराशा छ आमजनताको तहसम्मै । प्रविधिको विकासले 'सेल्टर' लिन पनि पहिलेको जस्तो सहज छैन । वैद्य आफैंले पनि तत्काल हतियार उठाउन चुनौती स्वीकार गरेका छन् । उनले आफ्नो प्रतिवेदनको पृष्ठ ११ मा लेखेका छन्, 'विश्व र नेपालमा पनि क्रान्तिका लागि यसबेला वस्तुगत अनुकूलताको तुलनामा आत्मगत प्रतिकूलता बढी छन् ।'

क्रान्तिकारी माओवादीका अर्का नेता सीपी गजुरेलचाहिँ यस्ता चुनौतीलाई पन्छाउन सकिने विश्वासमा छन् । भन्छन्, "नयाँ जनवादी क्रान्तिका लागि हतियारबद्ध आन्दोलनबाहेक विकल्प छैन भन्ने मात्र हाम्रो ठम्याइ हो । तर, अहिले नै सशस्त्र जनयुद्धमा होमिइहाल्ने भनेको होइन ।" 'जनयुद्ध' भनेपछि रमाउने कार्यकर्तालाई आफ्नो पक्षमा तान्न वा थुमथुम्याउनकै लागि 'जनयुद्ध' र हतियार जस्ता शब्द जप्नुपरेको पनि हुन सक्छ । ◆

मोहन वैद्य, पुष्पकमल दाहाल 'प्रचण्ड' र बाबुराम भट्टराई (बायाँबाट क्रमशः) रोल्पाको कुरेलीमा, ०५८ भदौ

उत्पीडित वर्गका लागि संघर्ष गरिएको थियो, त्यो वर्गका पक्षमा तात्त्विक उपलब्धि भएन । संसदीय व्यवस्थाका विरुद्ध लडिएकामा अलि सुधारिएको संसदीय व्यवस्था मात्र आयो । हाम्रा केही साथी त्यही आहालमा चुर्लुम्मै डुबे । यसर्थ, नयाँ जनवादी क्रान्ति हुन सकेन । त्यसका लागि मैले फेरि हतियार उठाउनु आवश्यक छ भनेको हुँ ।

कहिले उठाउनुहुन्छ त हतियार ?

फेरि हतियार उठाउनु आवश्यक छ भन्नुको अर्थ तत्कालै बोकेर हिँडिहाल्ने भनेको होइन । नयाँ जनवादी क्रान्ति राजनीतिक दृष्टिकोण र त्यही अनुसारको आन्दोलनबाट मात्र गर्न सकिन्छ । तर, समस्या कहाँ भने राजनीतिक आन्दोलनलाई मात्र सत्ताले सुन्दैन, असाध्यै हेप्छ । त्यसैले रूपान्तरणका निम्ति हतियार आवश्यक छ । कहिलेबाट बोक्ने, के-कसरी बोक्ने भन्ने कुरा परिस्थिति हेरेर निर्णय गर्ने हो । फेरि हतियार एक्लै उठाउने कुरा होइन । वातावरण मिलाएर हतियार उठाउनुपर्छ ।

१० वर्ष हतियार उठाउँदा सर्वसाधारण आजित र देश थिलथिलो भयो, फेरि हतियारकै कुरा ?

हतियार उठाउनु बाध्यता हो । प्रचण्ड संसदीय व्यवस्थाको संरक्षक भएर गए । विप्लवको ताल पनि त्यही छ । उनी सत्ता साझेदारी भएन मात्र भन्छन् । रूपान्तरणको कुरै गर्दैनन् । सर्वसाधारण जनतामाथि विभेद, शोषण, दुःख, पीडा बढेर गएको छ । विदेशी हस्तक्षेप त्यसै गरी बढेको छ । यस्तो प्रवृत्तिको विरोध गर्ने भनेको हतियारले नै हो । तर, हामी उत्ताउलो ढंगले हतियार उठाउँदैनौं र हतारिएर पनि जाँदैनौं ।



तस्करीको सुनले

हप्तामै करिब डेढ सय किलो सुन अवैध आयात भइरहेको खुलासा, रेमिट्यान्सबापत आउने विदेशी मुद्रामा उल्लेख्य गिरावट

सीआईबीद्वारा जफत गरिएको करिब ३४ किलो सुन, जो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै काठमाडौँ भित्रिएको थियो

ढुकुटीमा धक्का

मनबहादुर बस्नेत

पुस तेस्रो साताको सुरुमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै शारजहाँबाट ठूलो परिमाणमा सुन भित्रिँदै छ भन्ने सूचना आयो, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा । त्यसपछि ब्युरोले तत्कालै सादा पोसाकमा टिम परिचालन गरेर विमानस्थलमा निगरानी बढायो । २० पुसको राती करिब साढे ८ बजे सुन बोकेर आउने भनिएका दुई जना व्यक्ति संयुक्त अरब इमिरेट्सको शारजहाँबाट आएको

उम्किएका ठूला माछा

०७१ पुसदेखि माघसम्मको १५ दिने अवधिमा प्रहरीले सुन तस्करीका लगानीकर्तात्रय सुन व्यापारीहरू बालकृष्ण अग्रवाल, आकाशकुमार बज्राचार्य र सावरमल जोधानी भएको खुलायो । लगानीकर्ता, लगानीकर्ताका लागि काम गर्ने, मध्यस्थकर्ता र भरिया गरी तस्करीको चारवटा तह बनाएर संगठित तवरले चीनको तिब्बतबाट नेपालमा सुन ल्याउने र भारत पठाउने गरेको थियो, यो समूहले । १४ जनाको यो समूहमा तीन जना लगानीकर्ता, लगानीकर्ताका दुई सहयोगी, तीन जना मध्यस्थकर्ता र ६ जना भरिया थिए । प्रहरी अनुसन्धान तस्करको यो तहसम्म पुगेको यो नै पहिलो घटना थियो । त्यसैले मुद्दा बलियो बनाउन तत्कालीन सहायक महान्यायाधिवक्ता राजेन्द्र सुवेदीसहितको टिमसँग प्रहरीले पटकपटक छलफल गरेर संगठित अपराधमा मुद्दा चलाउन फाइल पठायो, सरकारी वकिलको कार्यालयमा । तर, नतिजा भने उल्टो भयो, सरकारी वकिलको कार्यालयले नै मुद्दा दर्ता गरिदिएन । १२ वैशाख ०७२ मा भूकम्प गएको मौकामा सरकारी वकिलको कार्यालयले 'वस्तुनिष्ठ प्रमाण नभेटिएका'ले संगठित अपराधमा मुद्दा चल्न नसक्ने भन्दै हाजिरी जमानीमा थप अनुसन्धान गर्ने बेहोराको पत्र लेखेको थियो ।

त्यो पत्र लेखेलगत्तै सबै आरोपित मुक्त भए । प्रहरीको फरार सूचीमा रहेका सावरमल १८ जेठमा ९२ लाख ५९ हजार रुपियाँ बिगो तिर्न विभागमा उपस्थित भए । तर, संगठित अपराधमा मुद्दा चलेको भए पाँचदेखि सात वर्षसम्म कैद सजाय हुन सक्थ्यो उनलाई ।

आठ महिनापछि महाशाखाले सुन तस्करीको घटनामा संगठित अपराधको मुद्दा चलायो, न्युरोडस्थित भाग्यलक्ष्मी ज्वेलर्सका सञ्चालक विक्रम मित्तल, विवेक मित्तल र कामदार भगीरथ चौधरीलाई । उनीहरू नौ किलो सुनसहित समातिएका थिए । यसपालि संगठित अपराधका रूपमा मुद्दा दर्ता त भयो तर स्थापित हुन सकेन । आरोपितहरू १० हजार रुपियाँ जरिवाना तिरेर जेलमुक्त भए । गत २२ वैशाखमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश तेजेन्द्रप्रसाद शर्मा सापकोटाले गरेको फैसला, जसका आधारमा ती अभियुक्त छुटे, मा भनिएको छ, 'यी प्रतिवादीहरूले बरामदी सुन चोरी निकासी वा पैठारी गरेको भन्न वादी नेपाल सरकारले सकेको र सो बमोजिम अभियोग दाबी लिन सकेको वा सोबमोजिमका सम्बद्ध प्रमाण पेस गर्न सकेको पाइँदैन ।'



सावरमल जोधानी

बालकृष्ण अग्रवाल

आकाशकुमार बज्राचार्य

एअर अरेबियाको विमानबाट ओर्लिए तर रित्तो हात । उनीहरूसँग लगेज थिएन । ती दुवै जना ट्याक्सी चढेर कोटेश्वर पुगे । प्रहरीका अनुसार कोटेश्वरमा सुन बोक्ने व्यक्तिको गर्लफ्रेन्डको घर थियो । राती १२ बजेसम्म प्रहरी टोली निगरानी राखेर फर्कियो । अनि, फेरि बिहान ५ बजे नै पुग्यो, कोटेश्वर ।

भोलिपल्ट अर्थात् २१ पुसको बिहान १० बजेतिर ती दुवै जना विमानस्थलतिर लागे । विमानस्थलभित्र छिरेको करिब तीन घन्टापछि कालो रङका दुईवटा सुटकेस गुडाउँदै निस्किए । अनि, पार्किङ क्षेत्रबाट ट्याक्सी चढेर बाहिरिए । विमानस्थलको गोल्डेनगेटबाट निस्किएर दायाँ मोडिनासाथै प्रहरीले एक जनालाई समात्यो, दिउँसो १ बजेर २१ मिनेटमा । अर्काचाहिँ ट्याक्सीबाट झरेर भागे । करिब ३४ किलो सुनसहित समातिनेमा थिए, बाँके जिल्ला घर भएका गोपालबहादुर शाही । उनी विमानस्थलबाट सुन भरिएका सुटकेस लिएर दिनबन्धु थापा र सन्तोष काफ्लेलाई पुर्‍याउन जाँदै थिए । प्रहरी कब्जामा रहेका शाहीले थापा र काफ्लेलाई सुन लिन बोलाएपछि उनीहरू डाइहाट्सुको टेरियस गाडीमा आइपुगे । त्यही बेला उनीहरू पनि समातिए ।

सीआईबीले पक्राउ परेकाहरूको बयान समेत लिन पाएको थिएन, ब्युरोका निर्देशक एवं प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवालको मोबाइलमा फोन आयो 'हेलो सर नमस्कार !'

'नमस्कार !'

'म एअरपोर्ट भन्सारबाट । सरहरूले समात्नुभएका व्यक्तिलाई भोलि (२२ पुस) अलि चाँडै बुझाइदिनोस् है । दिन छोटो छ । फेरि यता पनि प्रक्रिया लामै हुन्छ,' भन्सारका कर्मचारीले सिलवाललाई भने । भोलिपल्ट ११ बजेसम्म अभियोगीलाई भन्सारमा नपुर्‍याएपछि त्यहाँबाट फेरि सीआईबीमा सोधियो । त्यतिबेलासम्म सीआईबीले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट तीनै जना विरुद्ध संगठित अपराधमा मुद्दा चलाउने गरी ६० दिन हिरासतमा राखेर अनुसन्धान गर्ने मार्गप्रशस्त गरिसकेको थियो ।

वार्षिक १८ अर्बको तस्करी

समातिएकाहरूको बयानबाट नेपालमा अवैध सुनको डरलाग्दो कारोबार हुने गरेको तथ्य खुलेको छ । त्यस अनुसार पहेँलु धातुको यस्तो कालो धन्दा दुई वर्षदेखि चलिरहेको र हप्तामै करिब डेढ सय किलोसम्म सुन हवाई मार्गबाट मात्रै नेपाल छिरिरहेको छ । र, कारोबारीहरू यो सुन भारत पुर्‍याएर मनग्य मुनाफा कमाइरहेका छन् ।

पक्राउ परेकाहरूको बयान अनुसार यूएईबाट नेपालमा सुन पठाउने तीनवटा समूह सक्रिय छन् र तीनैवटाका अलग-अलग साझेदार नेपाल र भारतमा छन् । एकपटकमा ३० देखि ५० किलोसम्म सुन आउँछ । औसत ४० किलोकै हिसाब गर्दा पनि तीन खेपमा हप्ताको १ सय २० किलो सुन तस्करी भएर आइरहेको छ । डरलाग्दो त के भने सुनको यो आँकडा

तस्करी तथ्य

तस्करी-मैत्री नीति

भन्सार नियमावलीमा संशोधन गरी सरकारले सुराकी र प्रतिवेदकको खर्चमा कैंची चलायो । २० असार ०७३ मा राजपत्रमा सूचना प्रकाशित गरेर नियमावलीमा संशोधन गरी सुराकी कमिसन सिलिङ लगायो, सरकारले । जस अनुसार चोरी भएको मालवस्तु बिक्री गरेर आएको रकमको १० प्रतिशत वा १० लाख रुपियाँ जुन घटी हुन्छ, त्यही दिने कानुनी व्यवस्था छ । संशोधित नियमावलीको दफा ४७ को उपदफा ५ मा थपिएको छ- 'उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुन, चाँदी वा जवाहरातसम्बन्धी मुद्दामा सुराकी दिने र त्यस्तो मालवस्तु मानिससहित वा मानिसबाहेक पक्री पेस गर्ने व्यक्तिलाई पुरस्कार दिंदा त्यस्तो मालवस्तु लिलाम वा बिक्रीबाट प्राप्त भएको रकमको १० प्रतिशत वा १० लाख रुपियाँमध्ये जुन घटी हुन्छ, सोही रकम पुरस्कार दिनेछ ।'

त्यसअघि चोरी निकासी वा पैठारी गर्न लागेको सूचना दिनेलाई १५ प्रतिशत र प्रतिवेदकलाई २० प्रतिशत कमिसनको व्यवस्था थियो । सुराकी पुरस्कारको रकम राम्रो भएकाले प्रहरीमा तस्करीको सूचना पुग्थ्यो । तर, १० लाख रुपियाँको सीमा तोकिएपछि सुराकीले जोखिम मोल्न हिचकिचाउने गरेको प्रहरीको भनाइ छ । सुराकी रकम बढी भएकाले नै प्रहरी सक्रिय भएको ठानेर दुई नम्बरी स्वर्ण धन्दा गर्नेहरूले त्यो रकम घटाउने गरी नीतिगत परिवर्तन गर्न सक्षम भएको प्रहरीको निष्कर्ष छ ।

अपवाद तर...

२४ पुस ०६९ मा सीआईबीले पांच किलो सुनसहित दीर्घबहादुर सापकोटा र समीर बराकोटीलाई पक्राउ गऱ्यो । सुनसहित राजस्व अनुसन्धान विभागमा बुझाएपछि त्यो सुन आफ्नो भएको दाबीसहित पेम्बा दोर्जे पुगे । सापकोटा र बराकोटी छुटे । अहिले पेम्बा भने जेलमा छन् । तस्करीको सुन आफ्नो भएको दाबी गरेको यो नै पहिलो घटना हो । तर, यसबारे विभागले अनुसन्धान नै गरेन ।

प्रहरीभित्र विवाद

२३ साउन ०६९ मा कलंकीबाट वीरगन्ज पुऱ्याउन लाग्दा प्रहरीले पीताम्बर पासवानबाट एक किलो सुन समात्यो । वीरगन्जका प्रभु सर्राफले मगाएको बयान पासवानले दिएका थिए । पासवानले उक्त सुन विशालबजारस्थित १२१, १३१, १३२ नम्बरको पसलबाट ल्याएको बताएपछि सीआईबीको टोली पासवानलाई काठमाटी हिरासतमा राखेर फर्कियो । तर, महानगरीय प्रहरी परिसरले राती ११ बजे नै पासवानसंग सोधपुछ गऱ्यो र सुन ल्याएको पसलको पहिचान गऱ्यो । त्यसपछि परिसरले ती सुन पसलमा सादा पोसाकका प्रहरी परिचालन मात्रै गरेन, पसलधनीलाई सूचना दिएपछि सीआईबीको अनुसन्धान तुहिएको थियो ।

महिनामा ३६ क्विन्टलभन्दा माथि चढ्छ । ७ माघको मूल्य अनुसार काठमाडौंमा एक किलो सुनको अहिले ४७ लाख ३३ हजार रुपियाँ पर्छ । यस अनुसार महिनामा डेढ अर्ब रुपियाँ र वर्षमा १८ अर्ब रुपियाँभन्दा बढीको अवैध सुन नेपाल भित्रिन्छ ।

हवाई मार्गबाट अवैध सुन भित्र्याउने गिरोह फेला परेको नौ दिनपछि नै चीनबाट तस्करी गर्ने अर्को समूहलाई महानगरीय प्रहरी वृत्त बालाजुले १५ किलो सुनसहित समात्यो, १ माघमा । त्यही दिन महानगरीय प्रहरी अपराध महाशाखाले थानकोटबाट करिब पाँच करोड रुपियाँ बराबरको अवैध विदेशी मुद्रा बरामद गरेको थियो । प्रहरीले सुन किन्नकै लागि विदेशी मुद्रा चीन लैजान लागेको हुन सक्ने अनुमान गरे पनि त्यस्तो 'लिंक' फेला पारिसकेको छैन । "विदेशी मुद्रा पठाएर सुन ल्याउने परिपाटी पुरानै हो । यो पनि त्यही कारोबारको हुन सक्छ," महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनाल भन्छन् ।

गन्तव्य भारत

यूएईमा सुनको खरिद जति पनि गर्न र संसारमा जहाँ पनि लैजान छुट छ । त्यहाँ कर नलाग्ने भएकाले सुन सस्तो पनि छ । र, यही कारण त्यहाँबाट आएको सुन नेपाल भएर भारत पुगिरहेको छ । तस्करीको केही सुन नेपालमै पनि खपत भइरहेको छ ।

७ माघको मूल्य अनुसार भारतमा भन्दा यूएईमा प्रति १० ग्राम सुन चार हजार रुपियाँ सस्तो छ । त्यसैले तस्करी भएको करिब ९० प्रतिशत सुन भारत पुग्छ । भारत सरकारले हजार र पाँच सय दरका नोटमा प्रतिबन्ध लगाएपछि त्यहाँ सुनको माग उच्च छ । पहिले गैरकानुनी आर्जन लुकाउन हजार र पाँच सय दरका नोट जम्मा गरिन्थ्यो भने नोटबन्दीपछि भारतमा त्यसको बदला सुन किन्ने प्रवृत्ति व्यापक भएको छ । त्यही भएर भारतीयहरूले दोब्बर मूल्यमा पनि सुन खरिद गरिरहेका छन् । त्यसैले सुन भारत पुऱ्याउँदा नाफा उच्च छ ।

त्यहाँ सन् २०१२ मा सुनको वार्षिक माग आठ सय टन पुगेको थियो । यो अस्वाभाविक वृद्धिले चालू खातामै असर परेपछि भारत सरकारले सुन आयात निरुत्साहित गर्ने नीति लियो । त्यसयता सुन आयात वार्षिक ५ सय ८० टनभन्दा बढी नबनाउने नीति छ । नेपालमा भन्दा भारतमा सुन केही सस्तो भए पनि बजारको माग भने अत्यन्तै उच्च रहेको यही तथ्यांकले बताउँछ । त्यही कारण हो कि माग र आपूर्तिको यो खाडल पुर्न तस्करीको बाटोबाट सुन भारत पुग्छ ।

भारतीय बजारमा खपत हुने सुनबाट आएको भारतीय रुपियाँमा समेत कारोबारीहरूले नाफा कमाउँछन् । सुनचाँदी व्यवसायी संघका पूर्वअध्यक्ष तेजरत्न शाक्यका अनुसार अहिले भारु एक सय रुपियाँको नेपाली १ सय ६५ रुपियाँमा कारोबार भइरहेको छ । भारतसँगको व्यापार घाटा उच्च रहेकाले यहाँ भारुको माग पनि उच्च छ । नेपाल-भारत व्यापारको आयात-निर्यात अनुपात १:८ छ । त्यसमाथि नेपाल राष्ट्र बैंकले कारोबारको सीमा तोकिदिएकाले भारुको अभाव छ । त्यो अभाव यस्तै अवैध कारोबारबाट पूर्ति हुन्छ । कारोबारीहरूले अवैध ढंगले भित्रिएको यस्तै सुन बिक्रीबाट आएको भारु नेपालका व्यवसायीलाई बढी मूल्यमा बेच्छन् । यसरी दोहोरो फाइदा हुने भएपछि सुन कारोबारीहरू नै तस्करीको शृंखलामा संगठित गिरोह खडा गरेर लागेका हुन् ।

रेमिट्यान्समा भारी गिरावट

करिब दुई महिनाअघि नेपाल राष्ट्र बैंकका एक अधिकारी सीआईबीका डीआईजी सिलवालको कार्यकक्षमा देशको अर्थतन्त्रमा धमिरा लाग्दै गएको गुनासो लिएर पुगे । अवैध सुनको कारोबारका कारण मुलुकको अर्थतन्त्र

सानालाई ऐन

भर्खरै नुहाएर तेल लगाएको कपाल ठाड्ठाडा छन् । गाला र निधारसमेत तेल घसेर चिल्लो छ । तर, उनको अनुहारमा तेज पटक्कै छैन । २७ वर्षे भरभराउँदो उमेरका युवक निमा छिरिङ लामाको अनुहारमा चमक होस् पनि कसरी ?

३ असार ०७० को बिहान । सिन्धुपाल्चोक तातोपानीका निमालाई ट्रक चलाएर काठमाडौँ, कोटेश्वरमा आउनासाथै प्रहरीले पक्रियो, ३५ किलो सुनसहित । प्रतिकिलो दुई हजार रुपियाँ पाउने लोभमा सुन भरिया बनेका थिए, उनी । सुनधनी मोहन अग्रवाल, ग्याम्जो लामा र ट्रकधनी तातोपानीकै ओमबहादुर बज्राचार्यसमेत पक्राउ परे । चारै जनालाई राजस्व अनुसन्धान विभागले प्रतिव्यक्ति ३ करोड ७८ लाख रुपियाँ बिगो जरिवाना गर्‍यो । बिगो तिर्न नसकेपछि चारै जना जेल गए ।

तीनै जना सुन मालिकले विभागको फैसलाविरुद्ध राजस्व न्यायाधीकरणमा १७ नम्बरको निवेदन दिए । ज्ञातव्य रहोस्, मुलुकी ऐन अदालती बन्दोबस्तीको १७ नम्बर अनुसार मुद्दाको सुरुआती सुनुवाइमा तल्लो अदालत वा निकायले दिएको आदेश चित्त नबुझे त्यसलाई बदर गरिपाउन माथिल्लो अदालतमा पुनरावेदनसरह दिइने निवेदन हो यो । न्यायाधीकरणले ग्याम्जोलाई साधारण तारेखमा छोडिदियो भने बज्राचार्य र अग्रवालको कारबाही सदर गरिदियो । त्यसविरुद्ध विभागले सर्वोच्च अदालतमा पुनरावेदन दियो । सर्वोच्च अदालतले ३१ चैत ०७१ मा अग्रवाललाई साधारण तारेखमा र गाडी प्रयोग भएकाले बज्राचार्यलाई एक लाख रुपियाँ धरौटीमा मुक्त गर्न आदेश दियो । लगत्तै अग्रवाल निस्किए । बज्राचार्य भने अर्को सुन मुद्दामा समेत मुछिएकाले निस्कन सकेनन् ।

उनी १९ मंसिर ०६९ मा काभ्रेको धुलिखेलमा नौ किलो सुन जफतको मुद्दासमेत खेपिरहेका थिए । यो घटनामा समेत चालक जेल परे पनि उनी अदालतको आदेशबाट साधारण तारेखमा छोडिए, ८ पुस ०७२ मा । तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश देवेन्द्रगोपाल श्रेष्ठको संयुक्त इजलासले बज्राचार्यलाई छोड्न आदेश दिएको थियो । तर, भरिया निमा भने जेलमै छन् । बज्राचार्य र अग्रवालको निवेदन दर्ता गरेको न्यायाधीकरणले निमाको निवेदन दर्ता गरेन । "मेरो निवेदन लिनै मानेन । तर, मलाई यो काम गर्न लगाउनेलाई भने छोडिदियो । यो कस्तो न्याय हो ?" मन अमिलो पार्दै जेलमै भेटिएका उनी गुनासो गर्छन् ।

राजस्व अनुसन्धान विभागले मुद्दा जिल्ला अदालतमा दर्ता गरे पनि सुनुवाइ नभएकाले निमाको कैद भुक्तानको समय ठेगान लागिसकेको छैन ।

नराम्ररी प्रभावित भएको भन्दै राष्ट्र बैंकबाट ताकेता आएपछि सीआईबीले सुन ओसारपसारमा अनुसन्धान थाल्यो ।

गत भदौको पहिलो सातासम्म वाणिज्य बैंकहरूमा करिब चार सय किलो सुन थन्किएको थियो । तर, सुन बजारको रौनकमा भने कुनै कमी आएको थिएन । तस्करीको सुन सस्तोमा पाएपछि व्यवसायीहरूले त्यही प्रयोग गरेर आफ्नो व्यवसाय गुल्जार बनाएका थिए । अहिले बजारमा उच्च माग भएकाले बैंकहरूमा सुन थन्किएको त छैन । तर, अपुग माग तस्करीबाट आयातित सुनले धानिरहेको भने छ ।

सुन र अर्थतन्त्रबीच परस्पर सम्बन्ध हुन्छ । अझ सुन दुई नम्बरी बाटोबाट आयात हुने भएपछि यसले सोझै अर्थतन्त्रमा प्रभाव पार्ने बताउँछन्, नेपाल राष्ट्र बैंकका विदेशी विनिमय विभाग प्रमुख एवं निर्देशक भीष्म ढुंगाना । भन्छन्, "अवैध सुन कारोबारको असर विदेशी विनिमय र विप्रेषण (रेमिट्यान्स)मा पर्छ ।" उनको भनाइलाई राष्ट्र बैंकको तथ्यांकले पुष्टि पनि गर्छ । त्यस अनुसार प्रवासमा नेपालीहरूले कमाइरहेको विदेशी मुद्रा कारोबारीहरूले सुनको व्यापारमा प्रयोग गरिरहेका छन् । किनभने, विदेशबाट आउने रेमिट्यान्समा सुनको तस्करी बढेसँगै अर्थात् दुई वर्षअघिदेखि नै गिरावट देखिन थालिसकेको थियो ।

त्यसयता रेमिट्यान्सको वृद्धिदरमा नाटकीय गिरावट आएको छ । राष्ट्र बैंकको तथ्यांक अनुसार आर्थिक वर्ष ०७३/७४ को पहिलो पाँच महिनामा रेमिट्यान्स वृद्धिदर घटेर ६ प्रतिशतमा ओर्लिएको छ । जब कि, अघिल्लो वर्षको सोही अवधिमा यो वृद्धिदर १९.४ प्रतिशत थियो । दुई वर्षअघि १३.६ प्रतिशतले भएको वृद्धि त्यसपछिको वर्षमा आधा घटेर ७.७ प्रतिशतमा झरेको थियो ।

वैदेशिक रोजगारमा जानेको संख्या घट्नु र भारतीय अमौद्रिकीकरणलाई नेपालमा विप्रेषण वृद्धिदर कम हुनुको कारणका रूपमा लिएको छ, राष्ट्र बैंकले । यो देखिने कारण भने हुन सक्छ । भित्री कारण भने सुनको अवैध कारोबार नै हो, जसबारे राष्ट्र बैंकले अनुसन्धान नै गरेको छैन । "रेमिट्यान्स घट्नुको कारण सोह्रै आना अवैध ढंगले सुन तस्करी हुनु नै हो," राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्री भन्छन् । उनका अनुसार कामदारहरू बस्ने ठाउँमै पुगेर सुन तस्करका एजेन्टहरूले बढी दरमा नेपालका घरघरमा पैसा पुर्‍याउने सुनिश्चितता गरेर रकम संकलन गर्छन् र त्यो रकम सुन खरिदमा लगाउँछन् ।

राष्ट्र बैंकका निर्देशक ढुंगाना विप्रेषण वृद्धिदर घट्नुको कारणबारे अनुसन्धान नगरेको बताउँछन् । अर्थात्, अनुसन्धान नगरेकाले मात्रै विप्रेषण घट्नुको कारणमा सुन नपरेको हो । प्रहरी अनुसन्धानले भने ०७१ मा नै रेमिट्यान्सको अंश तस्करको हातमा पुग्ने खुलासा गरेको थियो । 'अक्टोपस अप्रेसन' नामक सुन तस्करीविरुद्धको अनुसन्धानबाट खाडी, मलेसिया, दक्षिण कोरियाजस्ता मुलुकमा काम गर्ने नेपाली श्रमिकहरूको रकम सुन तस्करीमा प्रयोग भएको भेटिएको थियो । "पैसा पठाउने वैधानिक प्रणालीलाई सहज नबनाए कामदारहरूको रकम तस्करको हातमा पुग्ने र यसबाट हुन्डी, रेमिट्यान्स तथा विदेशी विनिमयमा असर परिरहेकोबारे कुरा राखिएको थियो," अक्टोपस अप्रेसनको नेतृत्व गरेका एसएसपी पुष्कर कार्की त्यतिबेला राष्ट्र बैंकलाई दिइएको सुझावबारे बताउँछन् ।

'हामी पनि अचम्मित भयौं'

– **नवराज सिलवाल**

निर्देशक एवं डीआईजी, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)

सुन तस्करीका सहयोगी समात्ने तर मालिक उम्कने त होला नि फेरि, होइन ?

त्यस्तो हुँदैन । हामीले लगानीकर्तासम्म पत्ता लगाइसकेका छौं । मालिकलाई समेत समातेर कारबाही गर्नकै लागि संगठित अपराधको मुद्दामा अनुसन्धान गरिरहेका छौं ।

यसअघि संगठित अपराधमा मुद्दा चलाउँदा असफल भएको उदाहरण छ, अझ सुन बोक्ने मात्रै पक्राउ परेका छन् नि ?

धेरै कुरा प्रस्ट भइसकेको छ । हामी सुन तस्करी समूहको भित्री तहसम्म पुग्ने कोसिसमा छौं । संगठित अपराधमा मुद्दा स्थापित हुन्छ । सीआईबीले त्यो क्षमता प्रमाणित गर्नु छ ।

अहिले कुन तहसम्म पुग्नुभएको छ त ?

माथिल्लो तह नै पहिचान भइसकेको छ । अनुसन्धानमै भएकाले धेरै कुरा भन्न मिल्दैन । अर्थमन्त्री र गृहमन्त्रीले सीआईबी अनुसन्धान गर्न सक्षम छ भनेकाले हामीलाई 'ब्याकअप' भएको छ । त्यसैले सुनको ठूलो गिरोह यसबाट पत्तो लाग्छ । यति भनौं, अन्तर्देशीय सञ्जालको संलग्नता देखिन्छ ।

को–को संलग्न हुँदा रहेछन् यस्तो कारोबारमा ?

सुन ओसारपसार यो मात्रामा हुन्छ भन्ने हामीलाई पनि लागेको थिएन । यति ठूलो स्वरूप देखेर हामी पनि अचम्मित भयौं । यति ठूलो परिमाणमा हुने कारोबार पक्कै उच्च तहको मिलेमतोबिना सम्भव छैन । अब हामी त्यो संयन्त्रतिर अनुसन्धानलाई अगाडि बढाउनेछौं ।

त्यसमाथि नेपालीहरूले विदेशमा गरेको कमाइको करिब ४० प्रतिशत हिस्सा हुन्डीबाट नेपाल आउने गरेकाले पनि त्यो रकम सुन खरिद गर्न प्रयोग भएको अनुमान लगाउन गाह्रो पर्दैन । जब कि, ६ महिनाअघि राष्ट्र बैंकले १६ जिल्लाका ३ सय २० घरपरिवारमा गरेको विप्रेषणको बचत तथा लगानी प्रवृत्तिको अनुसन्धानमा कोरियाबाट ७० प्रतिशत विप्रेषण रकम हुन्डीबाट भित्रिरहेको खुलासा भएको थियो । यसको अर्थ हो, विप्रेषण आप्रवाहमा अनौपचारिक अर्थतन्त्रको बोलवाला बलियो छ । र, यसको ठूलो हिस्सा सुनको अवैध कारोबारमा पुग्छ ।

डलर हाहाकारको कारण

नेपाली बजारमा नगद डलरको अभाव समेत लामो समयदेखि छ । राष्ट्र बैंकसँग डलर सञ्चिति भए पनि नगद भने कम छ । अभाव भएपछि विदेश यात्रा गर्नेले २ हजार ५ सय डलर लैजान पाउने सुविधालाई घटाएर पाँच सयमा झारेको थियो, राष्ट्र बैंकले फागुन ०७० मा । यो सीमा हटे पनि डलर सहजता भने हटेको छैन । सुन तस्करी गर्ने समूहले हुन्डीमार्फत बाहिर पठाउने भएकाले नगद डलरको यति ठूलो हाहाकार भएको हो ।

सुन तस्करीको जालो नेपाल आएको विदेशी मुद्रासँग पनि जोडिएको छ । हुन्डी कारोबारीले बजारमा भएको नगद डलर जम्मा पारेर सुन आयातका लागि अनौपचारिक प्रणालीबाट विदेश पुऱ्याउने गरेका छन् । पर्यटकको संख्या घटेकाले बजारमा डलर अभाव भएको तर्क गरिन्थ्यो, विगतमा । तर, अघिल्लो वर्षको तुलनामा गएको वर्ष पर्यटकको संख्या ४० प्रतिशतले वृद्धि भएको छ । तैपनि, नगद डलरको अभाव घटेन । "सुन किन्नलाई यहाँ डलर जम्मा गर्ने र पठाउने गरिएको हुन सक्छ," नेपाल राष्ट्र बैंकका पूर्वकामु गभर्नर कृष्णबहादुर मानन्धर भन्छन्, "जुनसुकै माध्यमबाट होस् उनीहरूले डलरको जोहो गर्छन् ।"

जोखिममा अर्थतन्त्र

ठूलो मात्रामा सुनको अवैध कारोबार देखिनु र त्यसबाट विप्रेषण वृद्धिमा लागेको ब्रेक, नगद डलरको अभाव हुनु भनेको अर्थतन्त्र असन्तुलित हुनु हो । "उद्योगी, व्यापारीहरूसमेत दुई नम्बरी काममा लागे भने पक्कै पनि मुलुकको अर्थतन्त्र नकारात्मक मोडमा पुग्छ," पूर्वगभर्नर क्षत्री भन्छन् ।

सुन भारतीय बजारमा पुऱ्याउँदा अहिले प्रतिकिलो साढे पाँच लाख रुपियाँ फाइदा हुन्छ । यो दर तीन वर्षअघि साढे दुई लाख मात्र थियो । अन्य व्यापार र औद्योगिक लगानीबाट नाफा कमाउन मुस्किल परिरहेका बेला सुन तस्करीमा लगानी भइरहेको हुन सक्छ । सुन तस्करीलाई लक्षित गरेरै तिब्बतको ल्हासामा नेपाली र तिब्बती मिलेर सुन पसलहरू खुल्न थालिसकेको एक जना सुन व्यवसायी बताउँछन् ।

एकातिर सुनको अवैध कारोबार बढ्दै जाने र अर्कोतिर विप्रेषण आप्रवाह रोकिने तथा देशको डलरसमेत अवैध रुटबाट बाहिरिने क्रमले अर्थतन्त्र दुष्चक्रमा फस्न सक्छ । सुन, हुन्डी, विदेशी विनिमयको अहिलेको अवस्था हेर्दा देशमा समानान्तर अर्थतन्त्रको अभ्यास भइरहेको आभास मिल्छ । "सबै रकम अनौपचारिक अर्थतन्त्रमा सोहोरिएर भोलि पेट्रोलियम पदार्थजस्ता वस्तु किन्नै नसक्ने अवस्थामा मुलुक पुग्यो भने के गर्ने ?" राष्ट्र बैंकका पूर्वगभर्नर क्षत्री भन्छन्, "मुलुकले यो जोखिम कहिलेसम्म वहन गर्न सक्छ, थाहा छैन ।" ◆

गहन खोज, सटीक विश्लेषण, तार्किक विमर्श, स
अन्तरंग संवाद, रोचक रचना र सन्तुलित समा

ेपाली मनको गुञ्जन

प्रत्येक आइतबार

नेपाल

राष्ट्रिय साप्ताहिक

ात्य-तथ्यको पैरवी,
लोचनाको संयोजन

समग्र नेपाल, सम्पूर्ण चित्र

भैरव दुःखान्त

अरूलाई हँसाउने, आफू भने रोइरहने हास्यव्यंग्यकार

राजकुमार बानियाँ

टाढा टाढा एउटा गाउँमा
बाजेबराजु मरेकै ठाउँमा
म पनि अचानक अस्ति खसेको छु
त्यसैले आफू आफ्नै किरिया बसेको छु ।

ए कोही नआओ बोलाउन मलाई
मभित्र आफ्नै कोलाहल छ
निषेधै निषेधको कोरा बारी बसेको छु
आफ्नै वियोग वेदनाको हलाहल छ ।

आठ हरफे 'सुसाइड नोट' लेखेर १९ असोज ०३३ को मध्यराती गोकर्ण मन्दिरनेरको काठेपुलबाट वाग्मतीमा हाम फालेका थिए, विख्यात हास्य-व्यंग्यकार भैरव अर्याल । त्यस दिन बिहानै खिचापोखरीमा भैरवलाई पर्खिरहेका थिए, रोचक घिमिरे ।

स्वीस बस सर्भिसको पोखरा जाने दुइटा टिकट थियो रोचकको हातमा । तर, साढे ७ बजेसम्म साथी आइनपुगेपछि एक्लै हिँडे पोखरा । ६ दिनपछि फर्कंदा बाबुकृष्ण विष्टले सुनाए, 'भैरव बाजे त जानुभो सर !' रोचकले ठानेछन्, भैरव अर्को बसमा एक्लै गए । घर पुगेर लुगा फुकाल्न लाग्दा उनले १७ वर्ष संगत गरेका प्रिय साथी गुमाएको खबर पाए ।




टाढा टाढा एउटा गाउँमा
बाजे बाजु मरेकै ठाउँमा
म पनि अचानक अस्ति खसेको छु
त्यसैले आफू आफ्नो किरिया बसेको छु ।
ए न आओ कोही बोलाउन मलाई
मभित्र आफ्नो कोलाहल छ
निशेधै निषेधको कोरा बारी बसेको छु
आफ्नो वियोग-वेदनाको हलाहल छ ।

भैरव अर्याल (बायाँ) र उनको सुसाइड नोट

बाँचिराखेका भए भैरव अर्याल अहिले ८० वर्षका हुन्थे । नेपाली हास्यव्यंग्यका सर्वमान्य शिखर बनेका भैरवका रम्यरचना अहिले पनि असान्दर्भिक छैनन् । उनको सामाजिक-राजनीतिक कटाक्ष कला उत्तिकै सामयिक लाग्छ ।

"अरूका हास्यव्यंग्य पढ्दा हाँसो उठ्दैन, उल्टै रुन मन लाग्छ," भैरवका अर्का साथी नगेन्द्रराज शर्मा भन्छन्, "भैरव अर्याल अहिले पनि हास्यव्यंग्यमा एक नम्बरमै छन् । उनको उचाइमा कोही देखापरेका छैनन् ।"

भैरव कति दुर्लभ लेखक हुन् भने उनी आफ्ना समकालीनमा पनि उम्दा थिए । पछिल्लो छिमलका हास्यव्यंग्यकारमा पनि उनकै छाप छ । कतिसम्म भने, हास्य अभिनेता हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठले समेत भैरवकै हास्यव्यंग्य शैलीलाई नपछ्याइरहन सकेनन् ।

"मलाई मनपर्ने थुप्रै लेखक छन् । एभरग्रिनचाहिँ भैरव अर्याल नै लाग्छ," हरिवंश भन्छन्, "उनका व्यंग्यात्मक रचनाबाट प्रभावित भएर कला क्षेत्रमा लागेको हुँ । हास्यव्यंग्यका शीर्षपुरुष उनै हुन् ।"

पटके प्रयास

सबैलाई पेट मिचीमिची हँसाउन सफल लेखकले किन दुःखी भएर आत्महत्या गरे त ? भैरवको आत्महत्यालाई योजनाबद्ध नै मान्छन् शुभचिन्तक । भैरव गजबका हास्यकविता लेख्थे । तर, कवितापाठ गर्न सक्दैनथे । घाँटीको स्वर नली सुकेकाले नसालाई थिचेर बोल्नुपर्थ्यो । "प्रसिद्ध हास्यव्यंग्य कविलाई कार्यक्रममा बोलाउने नै भए," रोचक सम्झिन्छन्, "ऊ सकभर कार्यक्रममा जान चाहँदैनथ्यो । गए पनि अरूले रचना पढिदिनुपर्थ्यो । कतिपटक उसको रचना मैले पढिदिएको छु ।"

००९ सालमै अचानक स्वर भासिएको थियो भैरवको । स्त्रीको स्वरजस्तो मसिनो । पुराण बाचेर या पुरेत्याइँ गरेर छोराले जीविका चलाउला भन्ने सोचेको थियो परिवारले । त्यो पनि नभएपछि उनले अलग बाटो लिए ।

अमेरिकी सहयोगको शिक्षक तालिम लिएर पोखराको कन्धनीडाँडास्थित भवानी प्राविमा दुई वर्ष पढाए उनले । त्यहाँ उनी नारायणदत्त रानाभाट (पूर्वसभामुख तारानाथ रानाभाटका पिता)को घरमा बसेका थिए । वनभोज जाँदा आफ्ना एक विद्यार्थी दहमा डुबेर मरेपछि भावविह्वल भएर पोखरा छाडे र पासिखेल (साँखु)को इन्द्रायणी प्राविमा ०१३ देखि ०१५ सम्म पढाए ।

०१४ को कृषि प्रदर्शनीमा उनले प्रधानमन्त्री टंकप्रसाद आचार्यलाई विद्यार्थीसहित घेरा हालेर नाराबाजी गरे अनि स्कुल भवन बनाउन कबोल गराए । त्यसपछि उनी 'कम्युनिस्ट भैरव' कहलिए । त्यसभन्दाअघि त्यस क्षेत्रमा 'कांग्रेस बद्री' (बद्रीनाथ आचार्य) चल्तीमा थियो ।

०२० मा घाँटी दुख्ने पुरानो रोगले झन् सतायो उनलाई । डाक्टरको सल्लाह अनुसार उपचार गर्न दिल्ली जानुपर्ने भयो । दरबारका तत्कालीन जनसम्पर्क अधिकारी पूर्णप्रसाद ढुंगेलले सहयोग गरे । दिल्लीमा यदुनाथ खनाल राजदूत थिए भने सूर्यविक्रम ज्ञवाली सांस्कृतिक सहचारी ।

त्यतिबेला उपचारार्थ भैरवसित आफू पनि सँगै गएको रोचक सुनाउँछन् । "घाँटीका रोगीले

स्वैच्छिक चन्दाबाट गुठी

साहित्यिक क्षेत्रमा बलियो संस्था मानिन्छ, भैरव पुरस्कार गुठी । यसका सूत्रधार थिए, केदारमान व्यथित । उनले भनेका थिए, 'म गुठीलाई एक हजार दिन्छु ।' उनले त एक पैसा चुहाएनन् तर अरूले दिएको स्वैच्छिक चन्दाबाट भैरव पुरस्कार गुठी बन्यो ०४६ मा ।

स्थानीय गोपाल बराल, चक्रबहादुर ठकुरी आदिको नेतृत्वमा जोरपाटी चोकमा भैरव अर्यालको सालिक राखियो । जोरपाटी गाविसले दिएको जग्गामा भैरव स्मृति भवन बन्यो । गुठी अन्तर्गतका भैरव स्मृति पुरस्कार ५० हजार र भैरव प्रतिभा पुरस्कार २५ हजार रुपियाँ राशिका छन् । यसका संस्थापक अध्यक्ष रमेश विकल थिए भने रोचक घिमिरे नै तेस्रो कार्यकालका लागि अध्यक्ष छन् ।

हेटौँडामा साहित्य संगम र सिस्नुपानी नेपालले पनि भैरवको प्रतिमा र पुरस्कार राखेका छन् । "हाम्रो परिवारलाई सुरुमा खान-लाउनै समस्या भयो । तर, अहिले पुस्तकका आम्दानीमा कुनै लोभलालच गरेका छैनौँ, सबै गुठीमै जान्छ," भैरव-पुत्र दीपक अर्याल भन्छन्, "अब राशि थपेर ठूलो पुरस्कार बनाउने योजना छ ।"

भैरवका *काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री, दश औतार, टेढो ऐना*लगायत १४ वटा पुस्तक प्रकाशित छन् । अहिलेसम्म भैरव पुरस्कार केशवराज पिँडालीदेखि कृष्णमुरारि गौतम (चट्याङ मास्टर) १९ जनाले पाएका छन् भने भैरव प्रतिभा पुरस्कार १७ जनालाई दिइएको छ ।

चुरोट र रक्सीको अम्मली हुनु हुँदैनथ्यो । तर, भैरव परे चेनस्मोकर," उनी भन्छन्, "दिल्लीमा पनि उपचार हुन नसकेपछि निराश भए ।"

'दिल्लीकै जमुना नदीमा डुबुल्की लगाउने सुर थियो, बाबुराम पौडेलले छेके, बनारस पनि गंगामा हाम फाल्ने विचारले नै गएको थिएँ तर पुगेदेखि फर्कुन्जेल नै शिव भट्टराईले छाड्दै छाडेनन् र मौकै मिलेन । रक्सौलसम्म आउँदा पनि रेल दुर्घटना भइदेओस् भनेर कति चिताएँ, अहँ भएन । वीरगन्जदेखि काठमाडौँसम्म आउँदा पनि बसमा नचढेर थोत्रो ट्रक खोजेर त्यसमा



"हास्यव्यंग्य लेखाउन ढोकामा ताल्चा मारेर हिँडिदिन्थेँ ।"

– रोचक घिमिरे
भैरवका साथी

चढेर आएँ, त्यो पनि साबुतै आइपुग्यो । अझै कति सास्ती खानुपर्ने हो, किन मर्थे चाँडै !,' रोचक घिमिरेको पुस्तक *सम्झनामा फक्रिएका थुँगाहरू*मा भैरवको स्वीकारोक्ति छ, 'हेर मैले एउटा मान्छेले आफ्नो लम्बे जीवनमा भोग्न चाहने अनुभवजति भोगिसकेँ । दुःख-सुख, नाम-बदनाम, नोकरी-चाकरी, देश-विदेश र घर-बास आदि साराको अनुभव मैले पाइसकेँ ।'

तिनताका गोरखापत्र संस्थानमा पत्रकारिता पढ्न विदेश जाने कोटा आउँथ्यो । तर, अंग्रेजी जानेको छैन भनेर भैरवलाई कहिल्यै मौका दिइएन । त्यही झोँकमा उनले सरस्वती कलेजबाट अंग्रेजीमै स्नातक गरे ०२४ मा । ०२९ मा पूर्वी जर्मनी जाने मौका पनि पाए ।

त्यही मेसोमा उनले घाँटीको शल्यक्रिया पनि गराए । पहिले स्त्रीजस्तो मसिनो स्वर झन् धोद्रो भयो । जर्मनले 'गधाको स्वर हालिदिएको' गुनासो गर्थे भैरव । त्यसले उनमा चर्को मानसिक अवसाद ल्याइदियो ।

त्यसपछि अफिस, लेखन, परिवार र साथीभाइ कतै रमाउन सकेनन् भैरव । मानसिक दुर्बलतामा उनको सिर्जनशीलता स्वात्तै सुकेर गयो । जति जोडबल गरे पनि कलम चलाउन ज्यादै मुस्किल भयो । आफ्नै घरमा झ्यालबाट फाल हालेपछि मनोचिकित्सक विष्णुप्रसाद शर्माकहाँ पुऱ्याइयो ।

"जिन्दगीमा दुःख कसलाई छैन ? अपुग सबैलाई हुन्छ," *अभिव्यक्ति* पत्रिकाका सम्पादक नगेन्द्रराज शर्मा भन्छन्, "ठूला लेखकहरूमा सनक र पागलपन घुसेको हुन्छ । भैरव त्यसकै सिकार भएका हुन् ।" त्यतिबेला जगदीश घिमिरे, रोचक, भैरव र नगेन्द्रको बेग्लै मित्रमण्डली रहेछ । ०२१ मा भैरवको परिवार रोचकको घरमा डेरा बस्न थालेपछि त्यो अझै घनिभूत भयो ।

*गोरखापत्र*का तत्कालीन सम्पादक रामराज पौडेलले *पत्रकारिता* नामक आफ्नो पुस्तक मात्र होइन, भैरवलाई अरूका *जापान भ्रमण, नेपाली महिला* आदि पुस्तक पनि लेख्न लगाएको प्रत्यक्षदर्शी छन् । त्यतिबेला उनले भन्ने गरेका थिए, 'अरू रामभक्ति गर्छन्, मचाहिँ हराम भक्तिमा परेको छु ।' *मधुपर्क*मा लामो समय सम्पादक नारायणबहादुर सिंहलाई सघाए । फेरि उनका हाकिम हुन आइपुगे, केशवराज पिँडाली । उनी भन्न थाले, 'अरूको तालुमा आलु फल्छ, मेरो तालुमा तातो पिँडालु पो फल्यो ।'

भैरवको रचनामा कस्तो शक्ति थियो भने शिक्षक तालिम दिएका बाअ कनकदीपले भैरवको कविता आफ्नै नाममा छापेछन् । पुरुषोत्तम रिसालले पनि उनका कविता आफ्नो नाममा छपाएछन् *उदय*मा । कविता लेख्नभन्दा हास्यव्यंग्यमा धेरै मिहिनेत गर्थे भैरव । "कविता लेख्न भैरवलाई खासै गाह्रो थिएन, हास्यव्यंग्य लेख्न उनलाई पनि गाह्रो हुन्थ्यो," रोचक भन्छन्, "उनलाई डिस्टर्ब होला भनेर म डेरामा चुरोट, सलाई, बिस्कुट र कोपरा राखिदिन्थे र ढोकामा ताल्चा लगाएर छाडिदिन्थे ।"

शक्तिबल्लभ अर्यालको *हास्यकदम्ब*बाट सुरु भएको हास्यव्यंग्य साहित्यका अविजेय प्रतिभा हुन् भैरव । झर्रो र अनुप्रासमय भाषा अनि तीक्ष्ण व्यंग्य उनका विशेषता हुन् । उनी समाजका सर्जनजस्ता देखिन्छन् ।

"अब राशि थपेर ठूलो पुरस्कार बनाउने योजना छ ।"

– दीपक अर्याल
भैरवका जेठा छोरा

कमल दीक्षितको अगुवाइमा भैरव अर्याल र तारानाथ शर्माबीचको मिलापत्र ०२८, मदन पुरस्कार गुठी। गोपालप्रसाद भट्टराई, कमल दीक्षित, दाताराम शर्मा, भीमनिधि तिवारी र तारानाथ शर्माको बीचमा भैरव अर्याल (बायाँबाट क्रमश:)

साझा कथा, छ्याकन, साझा निबन्ध आदि कृतिमार्फत समालोचना विधामा समेत सुन्दर हस्ताक्षर छाडिदिएका छन् भैरवले। नेपाली समालोचना र भूमिका लेखन परम्परालाई उनले उतिबेलै कटाक्ष गरेका रहेछन्, 'नेपालमा समालोचना र भूमिकाको एक विशेष पद्धति छ। अनुहार हेरेर चिप्लो घस्नु यसको एउटा विशेषता हो भने दौरा हेरेर टिप्पणी गर्नु अर्को विशेषता।'

आधा दर्जन छोराछोरी

गोकर्ण, अर्जेल गाउँका होमनाथ उपाध्याय अर्जेलका छोराका रूपमा कुपन्डोलमा जन्मिएका थिए, भैरव। १३ वर्षकै उमेरमा साङ्ले खोलाकी शोभादेवीसँग घरजम गरेका उनको जीवन दु:खैदु:खमा बित्यो। नक्सालमा बद्रीनाथ आचार्यकहाँ बिहान-बेलुकी भात पकाएर दिउँसो रानीपोखरी संस्कृत पाठशालामा पढ्थे।

प्रथमा पास गरेलगत्तै उनले सम्पूर्ण मध्यमा दिने इच्छा गरे। तर, फारम भर्न नगदी १० रुपियाँ चाहिन्थ्यो। त्यसका लागि उनले तत्कालीन युवराज महेन्द्रलाई बिन्तीपत्र लेखे। नभन्दै एक घोडचढी सैनिक आएर उनको डेरामा २० रुपियाँको बन्दी खाम बुझायो। ००९ सालमा मध्यमा पास गरेकै साल उनलाई घाँटी दुख्ने रोगले समाइहाल्यो।

पिताले आत्महत्या गर्दा जम्मा आठ वर्षका थिए, दीपक अर्याल, ४८। तर, पिताको अनुहार र बानीबेहोरा उनलाई राम्ररी हेक्का छ। नाटक देखाउन लगेको हल्का सम्झना पनि छ। त्यतिबेला उनका दुई दिदी थिए भने दुई भाइ र एक बहिनी। सबभन्दा जेठी दिदीको उमेर १३ वर्ष थियो भने कान्छा भाइको उमेर दुई वर्ष।

भैरवका जेठा छोरा दीपक त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्रीय विभागका प्रमुख छन्। माइला छोरा प्रकाश पद्मकन्या कलेज पढाउँछन् भने कान्छा छोरा सौरभ २१ वर्षदेखि बेपत्ता छन्। यो भैरव परिवारको अर्को 'ट्रेजेडी' हो।

भैरवको निधनपछि पत्नी शोभादेवी (नन्दकुमारी)लाई राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन महाप्रबन्धक नवराज चालिसेले नोट गन्ने तथा जाँच्ने जागिर लगाइदिए। सेतो लुगामै उनी जागिरमा जान्थिन्। मासिक २ सय ५० रुपियाँ तलब आउँथ्यो। छोराछोरी कसैले स्कुल फि तिर्नुपरेन। शोभाको ०६८ कात्तिक ५ मा निधन भयो ७५ वर्षको उमेरमा।

भैरव परिवारमा लेखनप्रति चासो दिने उनकी नातिनी इशारा अर्याल मात्र हुन्। उनी अमेरिकामा अंग्रेजी साहित्यमा उच्च शिक्षा लिइरहेकी छन्। "५० वर्षअघिका रचना अहिले पनि समयसान्दर्भिक लाग्छ," बाबुको साहित्यमा दीपक टिप्पणी गर्छन्, "राजनीतिक र सामाजिक घोचपेचमा बेग्लै ताकत छ।" ◆

हास्यव्यंग्यका हस्ती

०१६ तिर *हालखबर* दैनिकमा 'हाँस्नु हुन्छ भने...' नामक स्तम्भ सम्पादक दाताराम शर्माले नै छद्मनाममा लेख्दा रहेछन्। भैरव अर्यालको गाउँका पियन थिए *हालखबर*मा। उनैमार्फत भैरवले दुइटा हास्य चुट्किला पठाएछन्, खोलापारिको पुरेतबाजेका नाममा। त्यसलाई मन पराएर छापिदिए दातारामले। एक रुपियाँ पारिश्रमिक पाए, बकम्फुस शर्माका नाममा नियमित लेखक भए।

पछि प्रुफरिडरको जागिर पनि पाए *हालखबर*मै। खासमा यो प्रकाशक रंगनाथ शर्माको प्रजातान्त्रिक महासभा नामक राजनीतिक दलका लागि ०१५ को आमनिर्वाचनमा गीत लेखेबापतको पुरस्कार थियो। भैरवले लेखिदिएका रहेछन्, 'हातको भोट हातमै खसाल, आफ्नो थिति आफैँले बसाल।'

०१५ देखि ०१८ सम्म *हालखबर*मा काम गरेपछि *गोरखापत्र*सँग जोडिएछन् भैरव। 'रोचक पुस्तक सदन'का लागि नेपाली भाषाका पुस्तक र पत्रिका बट्ुल्ने रोचक घिमिरेलाई *रचना* पत्रिका निकाल्न उक्साउने पनि भैरव नै हुन्। सुझाएछन्, 'तिमी किताब र पत्रिकामा यत्तिका खर्च गर्छौ, त्यो पैसाले हामी आफैँ एउटा पत्रिका निकालौँ।'

नाम पनि भैरवले जुराइदिए *रचना*। लेखरचना सम्पादन, सम्पादकीय लेखनदेखि प्रुफसम्मको काम पनि भैरवले गरे। सम्पादकको पगरी मात्र गुथे रोचकले। भैरव अर्यालका नाममा पहिलो हास्यव्यंग्य 'टी पार्टी' *रचना*को प्रवेशांक (पुस ०१८)मा छापियो।

नपत्याउँदो लेखन थियो उनको। चाँडै लोकप्रिय भइहाले। पत्रिकाको न्वारान गरिदिएको बदला भैरवको पहिलो हास्यव्यंग्य संग्रहको पाण्डुलिपिको नामकरण रोचकले गरिदिएछन्, *काउकुती*। तर, जगदम्बा प्रकाशनका कमल दीक्षितले 'रद्दी, स्तरहीन, उडन्ते र वाहियात' भनेर फिर्ता गरिदिए।

तत्काले मदन पुरस्कार गुठीमै कार्यरत बासुदेव लुइँटेल (भूतको भिनाजु) आफैँ प्रकाशक भएर पुस्तक बजारमा आयो। *काउकुती* कति चल्यो भने कौवा प्रकाशन नै खुल्यो। भैरव अर्याल, श्रीधर खनाल, रामकुमार पाँडे, बादेपा, श्याम गोतामे, दाताराम शर्मा, टेकवीर मुखिया लगायतको 'नवग्रह' नै बनाए लुइँटेलले। पछि भैरवको तारिफमा कमल दीक्षित पनि उभिए।

नुवाकोटदेखि ल्याक्मेसम्म

ट्रान्सजेन्डर अञ्जली लामाको संघर्ष र सफलताको यात्रा

गोकर्ण गौतम

तस्बिर सौजन्य : गौतम धिमाल

नेपाल टेलिभिजनमा *संघर्ष* नामक कार्यक्रम प्रसारण भइरहेको थियो । यौन अल्पसंख्यक र आफ्नो असली पहिचान खोजिरहेकाहरूको व्यथा समेटिएको उक्त कार्यक्रम हेरिरहेका नवीन बाइवाको आङ सिरिंग भयो । ओठ-मुख सुक्यो । आफूले भोगेको तर

कहिल्यै भेउ नपाएको कुरा जो देखिरहेका थिए। मनबाट निश्चिन्त भए, 'आफू पनि त्यस्तै हुँ, जस्तो टेलिभिजनमा देखाइरहेको छ।' तर पनि, छेवैको साथीलाई केही भन्नै सकेनन्। बरू, भित्रभित्रै पिल्सिए।

१३ वर्षअघिको कुरा हो यो।

अहिले उनै नवीन फेसनको दुनियाँमा चर्चाको केन्द्रमा छन्। तर, नवीन नाम भने बिरानो र पुरानो भइसकेको छ। उतिबेलाका नवीन अहिले अञ्जली लामाका नामबाट पूरा फेसनवृत्तमा 'हटकेक' बनेकी छन्। उनको सुन्दरताको जति तारिफ भइरहेको छ, त्यसभन्दा बढी छ, उनको साहस र संघर्षको कदर।

नेपालकी पहिलो ट्रान्सजेन्डर मोडलका रूपमा पहिचान बनाएकी अञ्जली जसै भारतको ल्याक्मे फेसन विकका लागि छनोट भइन्, एक्कासि अन्तर्राष्ट्रिय ख्याति चुलियो। नेपाल र भारत मात्र होइन, पश्चिमा मिडियाले पनि उनलाई महत्त्वसाथ ठाउँ दिइरहेको छ (हेर्नूस्, बक्स)। ग्ल्यामर उद्योगको नयाँ आयाम र दक्षिण एसियामा सीमान्तीकृत यौन समुदायमा आएको बदलाबको प्रतीकका रूपमा हेरिएको छ उनलाई।

आखिर नुवाकोटको गरिब परिवारमा छोराका रूपमा जन्मिएकी अञ्जलीले भारतको सबभन्दा प्रतिष्ठित फेसन सप्ताहमा आफ्नो कला पस्किने अवसर पाएकी छन्, त्यो पनि आरक्षण वा टीके प्रणाली होइन, खुला प्रतिस्पर्धा (अडिसन)बाट। चर्चित बलिउडकर्मी, सुपरमोडल र फेसन डिजाइनरहरूको बाक्लो उपस्थिति रहने ल्याक्मे फेसन विक त्यही प्लेटफर्म हो, जसबाट अर्जुन रामपाल, दीपिका पादुकोण, मलाइका अरोराजस्ता हस्तीले करिअर सुरु गरेका थिए। विख्यात सौन्दर्य प्रशाधन उत्पादक कम्पनी ल्याक्मे इन्डियाको प्रायोजनमा हुने यो फेसन सप्ताहलाई भारतकै प्रिमियम र्‍याम्प सो मानिन्छ। "ल्याक्मेमा र्‍याम्प वाक गर्ने मेरो सपना पूरा भएको छ। सम्भावनाको नयाँ ढोका पनि खुलेको छ," मुम्बईमा सोको तयारीमा व्यस्त अञ्जलीले सुनाइन्, "अझै लामो यात्रा तय गर्नु छ।" माघको तेस्रो साता हुने यो फेसन सप्ताहमा चर्चित डिजाइनरका आकर्षक पहिरनमा उनले 'क्याटवाक' गर्नेछिन्।

नवीन छोडेर अञ्जलीलाई आत्मसात् गर्नु आफैँमा एउटा क्रान्ति थियो भने नुवाकोटदेखि ल्याक्मेसम्मको यात्राचाहिँ संघर्ष र धैर्यको फल। पहिले पहिचानका लागि लडिन्, आफैँसँग र त्यसपछि समाजसँग। मोडलिङ करिअर उकास्न पनि उनको लिंग बाधक बनिदियो, प्रत्येक पाइलामा। उनकै शब्दमा, "चुनौती र अवरोधको पहाडले कहिल्यै छोडेन।"

अञ्जलीका बाबुआमा चाहन्थे, छोरी होस्। किनभने, चार छोरा भइसकेका थिए। पाँचौं सन्तान पनि छोरा नै जन्मिएपछि उनकी आमा डाँको छोडेर रोएकी थिइन्। नवीन हुर्कंदै गए। तर अचम्म ! शारीरिक बनोट र अंग केटाको थियो तर स्वभाव र चालढाल भने पूरै केटीजस्तै। बुबाभन्दा आमासँग नजिक हुने, स्कुलमा पनि केटी साथीसँग बढी घुलमिल हुने, केटीकै जस्तो पहिरन लगाउन मन लाग्ने। "नवीन त छोरीजस्तै छ भनेर साथीहरू जिस्क्याउँथे, गिल्ला गर्थे, घरमा चाहिँ गाली खानुपर्थ्यो," अञ्जलीले ती कठोर दिनहरू सम्झँदै भनिन्, "केटाजस्तै हुन खोज्थेँ तर अहँ ! सक्दै सक्दिनथेँ।" घरमा झर्को र फर्को मात्र, स्कुलमा साथीहरूबाट अपमान। न पढाइ राम्रो हुन सक्यो, न मनमा खुसी। बरू, आफूलाई किन यस्तो भएको होला भनेर सोच्दासोच्दै पागलजस्तै हुन्थिन्। त्यसैले त बल्लतल्ल एसएलसी पास गरेर काठमाडौँ छिर्दा उनी जेलबाट उम्केजस्तै फुरुंग थिइन्।

तर, उनलाई के थाहा, तावाबाट फुत्किए पनि अब झन् भुंग्रोमा पर्दै छु भन्ने। सहरमा झन् ठूलो अपमानको सिकार हुन थालिन्। घरबाट पैसा ल्याएर पढ्ने स्थिति थिएन, रेस्टुराँमा काम गर्न थालिन् तर जति राम्रो काम गरे पनि एक-दुई महिनामै साहूले निकालिदिन्थे। चाबहिलको पशुपति क्याम्पसमा भर्ना भइन्, कोही मिल्ने साथी भएनन्। कतिसम्म भने उनी शौचालय छिर्न लाग्दा पनि केटाहरू केटीतिर धकेलिदिन्थे। अञ्जली भावुक भइन्, "आफ्नो पीडा बाँड्ने कोही थिएन, बाहिर निस्कनासाथ अवहेलना मात्र सहनुपर्थ्यो। त्यसैले कोठामै रोएर बस्थेँ। मानसिक रूपमा अति कमजोर भएकी थिएँ।"

यति बेलासम्म जीवनका १८ वसन्त पार गरिसकेकी थिइन् तर आफ्नो वास्तविकताबारे अन्योल र अलमलमै थिइन्। सामाजिक यातनाको यही शृंखलाबीच 'भाग्यवश' उनले 'संघर्ष' कार्यक्रम हेर्न पाएकी थिइन्। त्यसपछि उनले आफू को हुँ भनेर हल्का छनक त पाइन्। तर, कहाँ जाने, कसलाई भन्ने, आफूजस्ता मान्छे कहाँ भेटिन्छन् ? केही पत्तो थिएन। त्यही क्रममा एक दिन रेस्टुराँको काम सकेर घर जाँदै थिइन्, बाटोमा केटीको कपडा र शृंगार गरेर हिँडिरहेका केटाहरू देखिन्, ठ्याक्कै टेलिभिजनमा देखाएजस्तै अनि ठ्याक्कै भित्री मनबाट आफूलाई गर्न मन लागेको भेष र हुलिया देखिन्। उनलाई आफ्नो प्रियजन मात्र होइन, भगवान् नै भेटेजस्तो महसुस भयो। हत्तपत्त उनीहरूसँग आफ्नो व्यथा सुनाइन्। आखिर त्यही क्षण, उनको जिन्दगीको प्रस्थानविन्दु बनिदियो। भोलिपल्टै उनीजस्तै यौन अल्पसंख्यकहरूको गैरसरकारी संस्था ब्लु डायमन्ड सोसाइटीमा पुगिन्। खासमा त्यहीँ उनको पुनःजन्म भएको थियो, नवीनबाट अञ्जलीको नयाँ नामसँगै केटीका रूपमा आफूलाई स्वीकारिन् पनि। सम्झिन्छिन्, "बच्चैदेखि केटीजस्तै हुने सपना पूरा भएको त्यो क्षण म कति खुसी भएँ, शब्दमा व्यक्त गर्न सक्दिनँ। त्यसपछि नै हो, आफ्नो जीवनसँग माया लागेर आएको।"

यता, नयाँ साथीहरूसँग निकटता बढ्यो, उता परिवारसँग दूरी। बिस्तारै गाउँघरमा हल्ला पुगेछ, नवीन केटीजस्तै भएर हिँड्न थालेको छ। दाइले फोन गरेर सोधे, उनले जे हो, त्यही भनिदिइन्। 'हाम्रा लागि आजदेखि मरिस्। कहिल्यै घर आउनु पर्दैन। तेरो जिन्दगी जिउनु,' त्यतिबेला दाइको मुखबाट खसेका वाक्यले उनलाई अझ पनि झस्काउँछ बेला-बेला। तैपनि, आफ्नो निर्णयप्रति उनलाई पश्चात्ताप छैन। किनभने, कम्तीमा पलपल मरेर बाँच्नु त परेन नि त्यसपछि।

प्लस टू पढिरहेकाले त्यही गैरसरकारी संस्थामा जागिर पनि पाइन्। साथीहरूको घेरा पनि फराकिलो भइरहेको थियो। उनीहरू अञ्जलीको उचाइ र शारीरिक बनोटको खुब तारिफ गर्थे। फेसन टीभी हेरिरहेको पल एउटा साथीले भनेछ, 'तिमी पनि मोडल बन।' उनी नढाँटी भन्छिन्, "मैले पहिलो पटक मोडल भन्ने

शब्द त्यही बेला सुनेको । मोडल कस्तोलाई भनिन्छ, केही थाहा थिएन ।" ऐनामा हेर्दा आफू राम्री छु जस्तो लाग्थ्यो तर मोडलिङमा छिर्ने कुनै ज्ञान थिएन उनलाई । सन् २००७ मा ब्लु डाइमन्ड सोसाइटीले मिस पिंक नामको सुन्दरी प्रतियोगिता आयोजना गऱ्यो । अञ्जलीले भाग नलिने कुरै भएन, ताज त जितिनन् तर क्याट वाक र 'पोज'का बारेमा धेरथोर थाहा पाइन् । मोडलिङप्रतिको चाह अझ बढ्यो । त्यही वर्ष उनीजस्तै ट्रान्सजेन्डर भाग लिन पाउने मिस इन्टरनेसनल क्वीन प्रतियोगिता आयोजना भयो, थाइल्यान्डमा । नेपालको प्रतिनिधित्व गर्ने अवसर पाइन् । त्यहाँ पनि विदेशी मोडलहरूले उनको तारिफ गरे, फुर्क्याइदिए । नेपाल फर्किएपछि *भाउ* नामक अंग्रेजी म्यागजिनले उनलाई आवरण बनायो, ट्रान्सजेन्डर मोडलका रूपमा । उनको व्यावसायिक मोडलिङ यात्रा यहीँबाट सुरु भयो ।

काठमाडौंबाट प्रकाशित हुने प्रायः सबै अंग्रेजीभाषी म्यागजिनको 'कभर'मा अञ्जली अटाइन् । फेसन सो र ऱ्याम्प मोडलिङहरूमा सहभागिता जनाउन थालिन् । ऱ्याम्प र फेसनसम्बन्धी प्रशिक्षण पनि लिइन् । प्रशंसा सबैले गर्थे तर काम कसैले दिँदैनथे । काठमाडौंकै गिनेचुनेको एउटा मोडलिङ एजेन्सीका सञ्चालकले त उनलाई ट्रान्सजेन्डर मोडलको भविष्य छैन भन्दै मोडलिङ नै छोड्नसम्म भनेछन् । हुन पनि एजेन्सीवालाहरू ट्रान्सजेन्डर भएको थाहा पाउनासाथ मतलब नै गर्दैनथे । तर, उनले हरेस खाइनन् । बरू, सुपरमोडल बनेर देखाउने कसम खाइन् आफैँसँग । "सपना देख्न जति सजिलो हुन्छ, पूरा गर्न त्यति नै मुस्किल," ५ फिट ८ इन्च अग्ली यी मोडलले सुनाइन्, "तर, म ट्रान्सजेन्डर भएकाले महामुस्किल झेल्नुपऱ्यो ।"



पाँच वर्षअघि भारतका चल्तीका डिजाइनर विशाल कपुरको डिजाइनमा फोटो सुट गरेपछि भने उनको मोडलिङ यात्राले केही रफ्तार लियो । तर, नेपालको चर्चित फेसन सप्ताह 'नेपाल फेसन विक'मा लगातार तीन वर्ष अस्वीकृत भइन् । अनुभव, हाइट, फिगर र अन्य दक्षता पर्याप्त भए पनि ट्रान्सजेन्डर भएकै कारण आफूलाई छनोट नगरिएको दाबी छ उनको ।

न मोडलिङको काम पाउँछिन्, न गिनेचुनेका ऱ्याम्प सोहरूले पत्याउँछन् । अब उनीसामु मोडलिङ मोह त्याग्नुको विकल्प रहेन । तर, मुम्बईका साथीले विदेशमा प्रयास गर्न सल्लाह दिइन् । किनभने, मोडलमा चाहिने अन्तर्राष्ट्रिय गुण सबै थियो उनीसँग । त्यही साथीको सहयोगमा अघिल्लो वर्ष ल्याक्मे फेसन विकमा अडिसन दिइन् । तर, फेल भइन् । विरक्तिएर नेपाल फर्किइन् । भन्छिन्, "अबचाहिँ मोडलिङ पूरै छाड्छु भन्नेमा पुगेकी थिएँ तर मोडलका रूपमा नाम कमाउन गरेको संघर्ष सम्झिएपछि अन्तरआत्माले मान्दै मानेन । त्यही भएर मंसिरमा फेरि मुम्बई आएँ ।"

यसपटक साँच्चै उनी कठोर निर्णय गरेर मुम्बई हानिएकी थिइन् । यताको जागिरबाट राजीनामा दिएकाले फर्केर के गर्ने केही टुंगो थिएन । अरू अवसरको ढोका पनि करिब बन्द थियो । किनभने, मोडलिङबाहेक अरू केही ज्ञान थिएन । त्यसैले 'गर या मर'को स्थितिमा मुम्बई पुगेकी थिइन् । फेसन उद्योगका सयौं मान्छेलाई *फेसबुक*मा म्यासेज गरिन्, इमेल लेखिन् । सानाठूला सबै फेसन सोमा सहभागी हुन थालिन् । पुसमा ल्याक्मेका लागि आवेदन दिइन् । खुसी हुँदै उनले सुनाइन्, "यसपटक भने भाग्यले साथ दियो, अत्यन्त कडा प्रतिस्पर्धाका बीच स्पटमै छानिएँ । त्यसयता त अन्तर्वार्ता दिन पनि भ्याइनभ्याइ छ । रातारात स्टार भएको महसुस हुँदै छ ।" कतिसम्म भने हिजो नेपालमा उनलाई देख्नासाथ ओठ लेप्राउनेहरू आज बधाई दिन थालेका छन् ।

जवानी ढल्कँदै गएपछि मोडलिङमा टिक्न मुस्किल हुन्छ । २५ वर्ष कटेपछि अक्सर मोडलहरू अर्को क्षेत्रतिर पाइला बढाउँछन् । तर, ल्याक्मेसम्म आइपुग्दा अञ्जली ३२ वर्ष भइसकेकी छन् । अर्थात् अवसरको ढोका खुल्न नपाउँदै मोडलिङको परम्परागत मानक अनुसार उनको उमेरले नेटो काटिसकेको छ । तैपनि, उनी आत्तिएकी छैनन् । ढुक्क छिन्, आफूलाई 'मेन्टेन' गऱ्यो भने मोडलिङका लागि उमेर बाधक बन्दैन ।

मोडलिङबाट नाम मात्र होइन, दाम पनि कमाउनु छ उनलाई । किन त ? "चार हजार डलर खर्चेर कृत्रिम स्तन राखेदेखि आफूलाई पूर्ण महिला भएको आभास भएको छ तर शरीरमा अझ पुरुष अंग छ," अञ्जली भावुक सुनिइन्, "त्यसैले अब मेरो एउटै सपना छ, थाइल्यान्ड गएर लिंग परिवर्तन गर्ने ।" यसका लागि झन्डै २५ हजार डलर चाहिन्छ । ♦

विदेशी मिडियामा अञ्जली

ल्याक्मे फेसन विकको १८ वर्षे इतिहासमा कुनै ट्रान्सजेन्डर मोडल छनोट भएको यो पहिलो घटना हो । त्यसैले पनि मिडियाले अञ्जलीलाई अचाक्ली प्राथमिकतामा राखेका हुन् । भारतीय मिडियामा छाएसँगै पश्चिमा मिडियामा पनि उनलाई 'आइकन'का रूपमा प्रस्तुत गरिएको छ । उनको सफलतालाई खास गरी नेपाल र भारतमा यौन अल्पसंख्यकलाई हेर्ने दृष्टिकोणमा आएको बदलावका रूपमा चित्रित गरिएको छ । *डेली मेल*को अनलाइन संस्करणमा लेखिएको छ, 'उनको उपस्थिति यौन अल्पसंख्यकको समुदायमा बृहत्तर स्वीकारोक्तिको प्रतीक हो । जहाँ कानुनमा अवसर र अधिकारको सुनिश्चितता भए पनि व्यवहारमा अक्सर निषेधजस्तै छ ।' *वासिङ्टन पोस्ट*को अनलाइन संस्करणमा पनि उनीबारे लामै फिचर पढ्न सकिन्छ । नेपाल र भारतमा बढिरहेको उनको स्टारडमलाई पछिल्लो वर्षमा दुवै देशका ट्रान्सजेन्डर समुदायमा आएको प्रगतिका रूपमा उल्लेख गरिएको छ । *हफिङ्टन पोस्ट*मा सोनम जोशीले उनको साहसको प्रशंसा गरेकी छन् ।

भारतको दैनिक अखबार *डीएनए*ले अञ्जलीलाई चेक रिपब्लिकका 'जेन्डर न्युट्रल' पिटर नित्कासँग दाँजेको छ । "यस्तो मायावी ब्रेक पाउन कठिन संघर्ष गर्नुपर्छ, अञ्जलीले पनि गरेकी छन्,' *डीएनए*मा भनिएको छ, 'तर, नेपालको ट्रान्सवुमनका रूपमा उनले तीन दशकमा भोगेको 'रिजेक्सन' सामान्य मान्छेले जीवनभर भोग्ने भन्दा धेरै छ ।" *टाइम्स अफ इन्डिया, इन्डिया टाइम्स, एबीपी न्युज*लगायतका भारतका प्रतिष्ठित मिडियामा पनि अञ्जलीबारेका सामग्री प्रकाशन/प्रसारण भएका छन् ।

दिल्ली सम्झौताविरुद्ध रामप्रसाद राई

भोगीराज चाम्लिङ

नेपालको पूर्वी पहाडमा राणा सेना र अड्डामाथि विजय गर्नुपर्ने कुनै ठाउँ बाँकी थिएन । ताप्लेजुङदेखि चरिकोटसम्म पूरै क्षेत्र मुक्त भएको थियो । पूर्व २, ३ र ४ नम्बर अनि धनकुटा जिल्ला किराती मुक्तिसेनाहरूको नेतृत्वमा मुक्त भएपछि रामप्रसाद राई किराती मुक्तिसेना लिएर काठमाडौँ हान्ने तयारीमा जुटे । यही अवस्थामा १ माघ ००७ मा नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइरालाले 'भारतका प्रधानमन्त्रीको आदेश' भन्दै 'सबै कार्यकर्ता र मुक्तिसेनाले भइरहेको सशस्त्र सैनिक कारबाही बन्द गरी नेपालमा शान्ति स्थापना गर्नमा सहायता' गर्न आह्वान गरे ।

मातृकाप्रसाद कोइरालाको युद्धविराम घोषणा पूर्व २ नम्बर रामेछाप, चरिकोट, सिन्धुली पुगेका मुक्तिसेनाले निकै पछि मात्र थाहा पाए । त्यसबखत सञ्चारको सुविधा नभएको र गाउँमा भएका रेडियो पनि राणाका बडाहाकिमहरूले जफत गरेकाले मुक्तिसेनाहरू नयाँ स्थितिबारे बेखबर थिए । पूर्व २ नम्बर युद्धविराम घोषणापछि मात्र १३ माघ ००७ मा रामेछाप, १५ माघमा मेलुङ, १६ माघमा चरिकोट र २१ माघमा सिन्धुली कब्जा गरिएको थियो । पूर्व २ नम्बर जिल्ला मुक्तिसेनाले पूरै विजय गरेको हप्ता दिनपछि २९ माघमा दिल्ली सम्झौता भएको थियो, जतिखेर मुक्तिसेना काठमाडौँ हान्ने तयारीमा थिए ।



२ नम्बर जिल्ला विजयपछि किराती मुक्तिसेना चरिकोटमा केन्द्रित भएको थियो । काठमाडौँतर्फ अघि बढ्नका लागि उनीहरू त्यहाँ केन्द्रित भएका थिए । पूर्वका विभिन्न मोर्चामा लडेका मुक्तियोद्धाहरूलाई संगठित गर्न रामप्रसाद राई भोजपुरतिर लागेका थिए । सिंहदरबार विद्रोहमा पूर्वका ती मुक्तिसेनाहरूले पनि भाग लिएका थिए । उता जनस्तरमा पनि तयारी सुरु भएको थियो । मुक्तियोद्धा मुक्तिप्रसाद चापागाईं भन्छन्, 'धुलिखेल, दोलखाका सहयोगीद्वारा काठमाडौँमा हुने लडाइँलाई चाहिने खाद्यान्न सामग्रीको व्यवस्था मिलाइसकिएको थियो । धुलिखेल, दोलखे साहूहरूले पनि भोजपुरे मुक्तिसेनाका लागि सबै खालका सहयोग गर्थे । त्यसमा सामाजिक कार्यकर्ता रत्नप्रसाद खरेल, कांग्रेसका बद्रीविक्रम थापा इत्यादि पनि कार्यरत थिए ।'

काठमाडौँका जनता पनि पूर्वबाट चरिकोट आइपुगेको मुक्तिसेनाको प्रतीक्षामा थिए । राणाहरूमा पनि खलबली मच्चिन सुरु गरेको थियो । जनमुक्ति सेनाको यही सन्त्रासले गर्दा राणाहरू आफ्नो वैभव र प्रभुत्वलाई निरन्तरता दिने गरी दिल्ली सम्झौताका लागि हतारिए । मुक्तिप्रसाद चापागाईं लेख्छन्, 'काठमाडौँमा पनि सम्पूर्ण जनता राणाविरुद्ध जुलुस प्रदर्शन गरी पूर्वी कमानको प्रवेशलाई उत्सुकताले प्रतीक्षा गर्दै थिए । हाम्रो मुक्तिवाहिनीका अगुवा दलले पनि काठमाडौँनजिक चरिकोट पुगी धुलिखेल आफ्ना प्रभावमा पारिसकेको थियो । अब ताप्लेजुङदेखि लडाकू दल समेटिँदै पश्चिमतर्फ बढ्ने र काठमाडौँमा चढाइ गर्ने आशंकाले राणामा खलबली मच्चिन थाल्यो । एकातिर राजा त्रिभुवन दिल्ली पं नेहरुको गेस्ट हुनु र अर्कातिर ज्ञानेन्द्रलाई राजगद्दीमा चढाइसकेकाले राणालाई पर्न गएको राजनीतिक पेचबाट फुत्किन पं नेहरुको चाकडी पुऱ्याउनु आवश्यक पर्न गयो ।'

जनमुक्ति सेना र नेपाली कांग्रेसभित्र एउटा तप्का दिल्ली सम्झौताको पक्षमा थिएन । यद्यपि, सम्झौताविरुद्ध मुखर रूपमा विद्रोह गर्ने पूर्वबाट रामप्रसाद राई अनि पश्चिमबाट केआई सिंह थिए । दिल्ली सम्झौतालाई धोका भन्दै राजनीतिक नेतृत्व कम्युनिस्ट पार्टीले गऱ्यो भने फौजी नेतृत्व पूर्वबाट रामप्रसाद राईले गरे, पश्चिमबाट केआई सिंहले गरे । तर, सिंहदरबार विद्रोह (८ माघ ००८)सम्म पुग्दा यसको नेतृत्व रामप्रसाद राईको रह्यो ।

दिल्ली सम्झौताबारे रामप्रसाद राईको मत के थियो भन्ने कुरा १९ चैत ००७ मा जीबी याक्थुम्बाको नेतृत्वमा प्रतिक्रान्तिकारीहरूको जेलबाट मुक्त गरिएपछि उनले दिएको छोटो भनाइमा अभिव्यक्त भएको छ । मेजर सन्तोषकुमार राईका अनुसार जेलमुक्त गरेपछि जीबी याक्थुम्बाले हात मिलाउन खोज्दा रामप्रसाद राईले भनेका थिए, 'हामीले प्राप्त गरेको शानदार विजयलाई हारमा परिणत गराउने ती राणा, भारतीय दलाल र देशकै दहीचिउरे व्यक्तिहरूको षड्यन्त्रपूर्ण प्रयासको हिसाबकिताब हामीले एकएक गरेर लिनुपर्छ । यो मेरो प्रण हो । मैले चरिकोटमा दिल्ली सम्झौताको खबर सुनेपछि भारतको दलाल लुटेरा राणा र उसका भरौटेहरू फेरि नेपाललाई सय वर्ष गुलाम बनाउन चाहन्छन् भनी नयाँ चाल र षड्यन्त्रलाई सार्वजनिक रूपमा त्यहीँ विरोध गरेको थिएँ । फलस्वरूप मलाई भोजपुर फर्किने बेलादेखि नै पक्रिने षड्यन्त्र रचिएको हो । म प्रण गर्दछु कि यी षड्यन्त्रकारीहरूलाई धराशयी नपारेसम्म हामीले सन्तोषको सास फेर्नुहुन्न ।'

यति बेला भन्न सकिन्छ, कथित त्रिपक्षीय दिल्ली सम्झौता 'गाई' थियो, जुन दुहेर भारतले अहिलेसम्म 'दूध' खाइरहेको छ । अहिलेसम्म पनि नेपालीहरू घाँस काटेर 'दिल्ली सम्झौता' नामको गाईलाई ख्वाइरहन बाध्य छन् । ◆

(भोगीराज चाम्लिङद्वारा लिखित *जननायक रामप्रसाद राई : माझकिरातको क्रान्तिदेखि सिंहदरबार विद्रोहसम्म* पुस्तकको सम्पादित अंश)

पृथ्वीनारायणको पानीखेदो



नेपालको इतिहासमा हिलिहाङ
लेखक : हर्कबहादुर योङहाङ (लिम्बू)
प्रकाशक : चोकफुङ इन्टरटेनमेन्ट
पृष्ठ : १३२
मूल्य : उल्लेख छैन

राजकुमार बानियाँ

हिलिहाङभन्दा 'हाइसाउन्डिङ' छन्, पृथ्वीनारायण शाह । हिलिहाङभन्दा 'हाइलाइट्स' पनि छन्, पृथ्वीनारायण शाह । पुस्तकको 'सबटाइटल' नै छ, *पृथ्वीनारायण शाहले युद्धमा हराउन नसकेका किरात लिम्बू राजा !*

*नेपालको इतिहासमा हिलिहाङ*मा तान्ने कुरा पृथ्वीनारायण मात्रै छन् । पुस्तक विमोचनको शुभसाइत पनि हिलिहाङ दिवस नभएर शत्रु (पृथ्वी)कै जयन्ती चाहियो । जगजाहेर छ, पृथ्वीनारायण सिंगो नेपालका प्रथम राजा हुन् भने हिलिहाङ लिम्बुवानका अन्तिम राजा ।

इतिहास र पहिचानको खोजीका क्रममा फेला परेका पात्र हुन्, हिलिहाङ । 'सत्रजिते राजा' उपनाम पाएका तिनै हिलिहाङको २ सय ४५ वर्ष पुरानो इतिहासको उत्खनन गरेका छन्, हर्कबहादुर योङहाङ (लिम्बू)ले । पृथ्वीनारायणले सत्रौँपटकसम्म निर्णायक जित हासिल गर्न नसकेपछि जालसाजीपूर्ण सन्धि गरी गोरखा राज्यमा विलय गराएको लेखकको जिकिर छ ।

पृथ्वीनारायण पक्षले सिमाङगढ वंशावली देखाएर 'गोर्खाली सेना (मगर) र लिम्बूहरू एउटै वंशका दाजुभाइ हुन्, दाजुभाइ लड्नु वंशनाशको खतरा हो र आपसमा मिल्नुपर्छ' भनेर सन्धि गराइएको पुस्तकमा उल्लेख छ । सन्धि अनुसार गोर्खाली राजा पृथ्वीनारायण शाह दाजु हुन्छन् भने हिलिहाङ राजा तथा उनका सन्तति भाइ । यसै गरी, हिलिहाङले लिम्बुवानको भूगोलको भोग गर्न पाउँछ तर भूगोलको कुत (कर) गोर्खालीलाई बुझाउनुपर्ने हुन्छ । पछि धोका ठानेर हिलिहाङ फेरि युद्धमा होमिन्छन् र सिक्किममा मारिन्छन् ।

लामो युद्धका दौरान कुनै पक्षले नहारेको अवस्थामा दुवै पक्षले दूरदर्शिता देखाएर सन्धि गरिनु स्वाभाविकै हो । तर, लेखकलाई यो गुलियो विषजस्तो लाग्छ । लेखकीय असहमति छ- हतियारले जित्न नसकेको राज्य सन्धिको जाबो हस्ताक्षरले कसरी जितिन्छ ? सन्धिलगत्तै लिम्बू जवानका लागि श्रीजंग गुल्म खोलिएको पुस्तकमा छ । 'पृथ्वीनारायण शाहले लिम्बूहरूलाई क्षत्री बनाउन एक डोको जनै पठाइदिएका थिए । तर, लिम्बूहरूले कुनै पनि हालतमा त्यसलाई स्वीकारेनन् । बरू, जनै नलाएको दण्ड दुई पैसा तिर्न राजी भएका थिए ।' (पृष्ठ १२)

पुस्तकका 'महानायक' हिलिहाङ गोर्खाली राजा पृथ्वीनारायण शाहका समकालीन देखिन्छन् । विसं १७८३ मा जन्मेका र १८२४ देखि १८४४ सम्म ३० वर्ष शासनभार सम्हालेका उनी मुयेनहाङ वंशका अठारौँ पुस्ता मानिन्छन् । त्यसताका पल्लो किरातमा दस लिम्बू र १७ थुम प्रशासनिक एकाइ रहेको इतिहास छ ।

हिलिहाङ बलियो हुनुको कारण भने सिक्किमे सैन्य सहयोग नै थियो । हिलिहाङकी फुपू थुङ्वामुक्माको रूपलावण्यबाट मोहित भएर सिक्किमे राजकुमार नामाग्यालले कान्छी पत्नी बनाएको, 'सङहिम' नामक नयाँ दरबारमा राखेको र त्यसबाटै सिक्किम नाम रहेको भनाइ छ । किरात भाषामा 'सङ' माने नयाँ हो, 'हिम' माने दरबार ।

विसं १८३१ मा लिम्बुवान र गोर्खाली सेनाबीच पान्थरको च्याङथापुमा पहिलो भीषण लडाइँ भएको लेखकको दाबी हावादारी लाग्छ । जबकि, अन्तिम लडाइँ नै १८३१ वैशाख २५ बिहान भएको र त्यसमा गोर्खाली सेनापति रघु राना र हिलिहाङ सेनापति काङशोरे मारिएको भनिएको छ । एकै महिना १७ थान लडाइँ कसरी भयो र कहिले कहिले भयो ? लेखकले पर्याप्त प्रमाण दिन सकेका छैनन् । 'सत्रजिते राजा' भन्दैमा पृथ्वीनारायणले हराउन नसकेको भन्ने आधार छैन ।

हिलिहाङको मात्र नभएर किरात शासनबारे पनि प्रशस्त खोजमूलक जानकारी छ पुस्तकमा । पुस्तकका अनुसार किरातहरू मेसोपोटामिया सभ्यताको जननी सुमेरका सुमेरियन हुन् । आजको मिश्र (इजिप्ट)को नाम नै किरात भाषाबाटै नामकरण भएको हो ।

'विस्तारवादी' पृथ्वीनारायणसँगै बाहुनको पानीखेदो गरिएको छ पुस्तकमा । 'हिन्दु आर्य र नेपाली समाज' अध्याय अनुसार बाहुनहरू भारतमा मुस्लिम आक्रमण सुरु भएपछि चौधौँ शताब्दीमा शरणार्थीका रूपमा पहाडी भूभागमा छिरेका हुन् । त्यसलगत्तै कानुनी रूपमै बाहुनले जस्तो गल्ती गरे पनि मार्न नपाउने नियम बन्यो । राजालाई श्री ५, बाहुनलाई श्री ६ भन्ने मान्यता स्थापित भयो ।

हिलिहाङ फाउन्डेसन खोलेर त्यस क्षेत्रको उन्नयनमा लागिपरेका लेखकले महत्त्वपूर्ण स्रोत सामग्री भने ब्रिटिस इन्डियाका आवासीय राजदूतका रूपमा २४ वर्ष नेपाल बसेका डा ब्रायन हाउटन हड्सनको पाण्डुलिपि (हड्सन पेपरको भोलुम ८४, पृष्ठ २४४)लाई मानेका छन् । हड्सन पनि आफ्ना दोभाषे जोभानसिंह लिम्बूको भर परेका देखिन्छन् ।

हिलिहाङ दरबारका ऐतिहासिक लिखत, लालमोहर, ताम्रपत्र, युद्ध सामग्री, निशान, झन्डाको आधार लिएर लेखिएको छ पुस्तक । तर, यसमा वर्णित कति कुरा 'फ्याक्ट' हुन् र कति कुरा 'फिक्सन' हुन् ? इतिहासकारहरू नै जानून् । लेखककै शब्दमा इतिहासको अर्थ र महत्त्व बेग्लै हुन्छ । इतिहास कुनै गीत-संगीतजस्तो होइन, जो सबैलाई मन परोस् । ◆

संगतिपूर्ण विसंगति

विमल आचार्य

राजधानीको एकाध घन्टाको पैदल दूरीमा थिएटर नै आधा दर्जन छन् । तर, मञ्चनका लागि नेपाली नाटक पाउनै गाह्रो भएको गुनासो छ, थियटरवालाहरूको । 'डान्सेक्सनले भरिपूर्ण त्रिकोणात्मक प्रेकथामा आधारित नेपाली कथानक चलचित्र' नै किन नहोस्, त्यस्ता झूर फिल्मको आलोचना होला तर त्यसमा थिएटर कलाकार छ भने छुन-चलाउन सक्ने समीक्षक को ? थिएटर कलाकारको भाउ यस्तो छ, जस्तो हाम्रातिर (सल्यान) 'दार्जीलिङका शिक्षकबाट पढाइ हुने' नभनीकन निजी स्कुल चलाउन असम्भव भएजस्तो । नाट्य कलाकार र नाट्य निर्देशक भकाभक जन्मिरहेको यो याममा नाट्य लेखकको भने अभाव छ । यही मेसोमा त्रिविका उपप्राध्यापक गोपालप्रसाद गैरे *विसंगतिवादी नाटक : सिद्धान्त र समीक्षा* पुस्तक लिएर झुल्केका छन् । नाटकको अनुपस्थितिमा नाट्य सिद्धान्तको उपस्थिति आफैंमा विसंगति हो ।

विसंगतिवाद उत्तरसिद्धान्त हो तर विश्लेषणका लागि उत्तरनाटक होइन, पूर्ववर्ती नाटकको सहारा लिनु परिरहेछ । पुस्तकमा विजय मल्लको *कोसँग जुधौँ* (०२८) र *भित्तेघडी* (०३४), पारिजातको *आफ्नो रात* (०२८), ध्रुवचन्द्र गौतमको *त्यो एउटा कुरा* (०३०) गरी जम्मा चार नाटकको अध्ययन-विश्लेषण गरिएको छ । मनबहादुर मुखिया, सरुभक्त, कुमार नगरकोटीलगायतका विसंगत नाटक यसमा समेटिएको छैन ।

नाटक दृश्य विधा हो । यस आधारमा हामीले प्रदर्शनरत/मञ्चनरत अवस्थाको अथवा त्यसको भिडियोको विश्लेषण गर्नुपर्ने हो । तर, साहित्यको लिखित रूप त कति पछि विकास-विस्तार भएको समयमा नाटकको दृश्य सामग्री पाउन मुस्किल हुने नै भयो । हुँदो हो त, यस्ता पुस्तकमा कागजको नाटक नभई मञ्च/पर्दाको नाटकको समीक्षा गरिँदो हो । र, नाटकका सबैजसो तत्त्व पात्र, अभिनय, रंगमञ्च, संगीत, प्रकाश, ध्वनिसंयोजन इत्यादिसमेतको निरीक्षण र विश्लेषण हुँदो हो । समीक्ष्य पुस्तकमा नाटकमा प्रयोग भएको संरचना र शिल्प, पात्रविधान, परिवेशविधान, सारवस्तु, रंगप्रस्तुतिगत शिल्प केलाइएको छ । अभिनयका आंगिक, वाचिक, आहार्य र सात्विक तौरका दृष्टिमा नाटकको मूल्यांकन गरिएको छ ।



विसंगतिवादी नाटक : सिद्धान्त र समीक्षा
लेखक : गोपालप्रसाद गैरे
प्रकाशक : ठाकुरनाथ पन्त स्मृति गुठी
पृष्ठ : २४४
मूल्य : ३०० रुपियाँ

पाश्चात्य अब्सर्डिटीले नैराश्य, अविश्वास, धोकाको ध्वनि बोल्छ । विश्वयुद्धपछिको बर्बादी र महाविनाशका कारण जन्मिएको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, औद्योगिक क्षतिले अनेकन् विकृति-विसंगति जन्मायो । यसबाट विश्व समुदाय नै उदास, हतार, निराशजस्तो देखियो । क्लेश र पीडाको अनुभवले जीवन र जगत्प्रति निस्सार र शून्यबोध गरे लेखक-दार्शनिकहरूले ।

फ्रेडरिक नित्सेले पापी र क्रूर अपराधीहरूलाई सुखी देखे भने सदाचारी र ज्ञानीलाई झनै कमजोर र असहाय बन्दै गएको । अनि, उनले 'ईश्वरको मृत्युको घोषणा' गरे । यस्तै अनीश्वरवादी दर्शन विसंगतिवादको दार्शनिक जग हो । अल्बर्ट कामुको *ला मिथ द सिसिफस*, स्यामुअल बेकेटका *वेटिङ फर गोदो* र *एन्डगेम*, फ्रान्ज काफ्काका *मेटामर्फोसिस* इत्यादिले विसंगतिवादी कलालाई विश्वव्यापी बनाइदिए । मार्टिन एसलिनले सन् १९६१ मा *थियटर अफ द अब्सर्ड*मार्फत विसंगति दर्शनको प्रथम विस्तृत व्याख्या गरे । पश्चिममा सन् १९४५ देखि १९६५ सम्म यो नाट्यधाराको जगजगी रह्यो ।

विजय मल्लको *कोसँग जुधौँ*मा रोगले आक्रान्त विक्रम अन्ततः 'शून्य महाशून्य' भनेर सकिन्छ । मल्लकै *भित्तेघडी*मा रेस्टुराँका विशृंखल, असम्बद्ध, असम्पृक्त गतिविधि छन् । पारिजातको *आफ्नो रात*मा श्रीमतीलाई छोडेर मस्तीमा बेपत्ता रहेर एकाएक चार वर्षपछि घर फर्केको पुरुष अहं छ । ध्रुवचन्द्रको *त्यो एउटा कुरा* मोजा नभेटिएपछि त्यसको खोजीबाट सुरु भई झिनामसिना अर्थात् जीवनका झ्याउमा रुमलिई कोठा खोज्ने समस्यामै टुंगिन्छ ।

लेखक गैरेले उल्लिखित चार नाटकसहित विसंगति-सिद्धान्तको प्रायोगिक व्याख्या गरेका छन् । व्याख्याका टुल्स पुरानै भएका कारण यो पुस्तक एउटा फर्म्याटीय समालोचना बन्न पुगेको छ । विषयगत हिसाबले विसंगत नाटकको वैचारिकी कमजोर हो । यसको सबल पक्ष शैली र प्रस्तुतिको नवीनता र रोचकता मात्र हो । गैरेले नेपाली विसंगत नाटकको व्याख्या त गरेका छन् तर यसका सबल र कमजोर पक्ष केलाएका छैनन् । मूल्यांकनका तहमा छैन समीक्ष्य पुस्तक ।

पुस्तकको प्राक्कथनको पहिलो वाक्य 'नाट्यसाहित्य प्रदर्शनकारी कलाविधा हो ।' अन्तिम निष्कर्ष अध्यायको पहिलो वाक्य पनि 'नाटक प्रदर्शनकारी कला हो ।' उही वाक्यबाट श्रीगणेशः र इतिश्री गरिएको यो दाइँ पुस्तक नेपालीमा विसंगतिवादी नाटक बुझ्न चाहनेका लागि सहायक सामग्री हो । समीक्ष्य पुस्तक चारवटा प्रतिनिधिमूलक नाटकका आधारमा विसंगति सिद्धान्त र त्यसको नेपाली प्रयोग केलाउन केन्द्रित र केही हदसम्म सफल छ ।

विसंगत नाटक ठोस, मूर्त र इतिवृत्तयुक्त हुँदैनन् तर यो पुस्तक भने ठीक विपरीत सुसंगत र फर्म्याटीय छ । यही यो पुस्तकको शक्ति हो, यही यो पुस्तकको सीमा पनि हो । ◆

संस्मरण



खगेन्द्र संग्रौला

त्रासको आकाशमा लालझन्डा

फासफुसे पुस महिनाको २३ गते ०७३ साल । बेलुकी ८ बजे म लमजुङ, खुदीमा पुगेको छु । लक्का जवान छँदा म अलिन्जेल रैथाने अमर हाई स्कुलको हेडमास्टर भएको थिएँ, ०२७ सालमा । पछि शाही 'नयाँ शिक्षा' आयो र हाई स्कुलको नाम अमर माध्यमिक विद्यालयमा अनुवादित भयो । यसो गम खान्छु, समय बित्न के बेर लाग्छ र ! मान्छे मूलाको छोटो जिन्दगी, म बूढो भएँ । मेरोभन्दा कतिकति लामो आयु भएको अमर माविले ५० वर्षको किशोर वयमा पाइला टेकेछ । शिक्षक, विद्यार्थी र रैथानेजन उमंगले फुरुंग हुँदै स्वर्ण महोत्सव मनाउन एक सुर, एक तालमा डटेका छन् । र, प्रेमिल हातहरूबाट सम्मानित हुन गुणग्राही जनहरूद्वारा सविनय डाकिएका छौँ हामी पूर्व प्रधानाध्यापकहरू । ५० वर्षमा हामी ११ जना प्रधानाध्यापक भएछौँ । रमाइलो कुरा, अहिले ११ मध्ये १० जनाको सुखद पुनःमिलन भएको छ । धन्य ५० वर्ष, धन्य स्वर्णिम महोत्सव ।

खुदी किनारको माया होटलमा जाडाले स्युस्यू काम्दै गाँस टिपेर म सिरकमा घुस्रिन बासमा भित्रिएको छु । साथमा दुई जना पूर्वप्रअ छन्- मुक्तिनाथ घिमिरे र कृष्णविलास अधिकारी । मुक्ति सर विद्यालयका संस्थापक उर्फ आदि प्रअ हुन् । समयको रोलक्रमले म परेँ तेस्रो र कृष्णविलास सर परे छैठौँ प्रअ । हामी तीन पूर्वप्रअको बास एउटै कोठामा छ । कोठा सुरुङ टाइपको छ । कोठाका दुई ओछ्यानबीच मेरो भाँटे ज्यान जेनतेन अटाउन पुग्ने खाली ठाउँ छ । ढ्याके ज्यानका धनी घिमिरे र अधिकारी दुई ओछ्यानबीच चेप्टिएर हल न चल हुने डर छ । भित्तामा लुगा झुड्याउने काँटीधरी कतै छैनन् । सिरानी छन् बेस्मारी बालुवा कोचेर बनाएजस्ता, कडा न कडा । बाहिर खुला आकाशमुनि बनेको चर्पीको चुकुल चेट् भएको छ । वस्तुको स्तर र इज्जत स्थानसापेक्ष हुने रहेछ । र नै त, माया होटल खुदी बजारको तारे होटलमा पर्छ । मान्नुपर्छ, बडो प्रेमले प्राप्त भएको यो तारे होटलको सुविधामा हामीलाई मनग्गे सुबिस्ता छ ।

काठमाडौँदेखि बाटाभरि माइक्रो भ्यानले हल्लाएर जर्जर जीउ थिलथिला भएका दुई थकित पूर्व बूढा सुत्नु के छ, फुस्स निदाइहाले । म भने जागै छु । छेवैका खुदी र मर्स्याङ्दीको समवेत सुसाइले मलाई अतीतका सम्झनाहरूतिर डोऱ्याउँछ । आफ्नै इतिहासका पन्ना पछिल्तिर पल्टाउँदै मेरो न्यास्रिएको मन ०२७ सालमा पुग्छ । म देख्छु, खुदीको जनजीवनको रंगमञ्चको अभिनयमा मुख्यतः पाँच जना रैथाने पात्र छन् । विद्यालय सञ्चालक समितिका झाँक्की सभापति खगेन्द्रजंग गुरुङ । रिपट लेखक प्रधानपञ्च टुकमान थापा । अद्वैतमार्गी गफास्टकद्वय गंगाराम र सागर श्रेष्ठ । र, मलाई भात खुवाउने ममतामयी हात्तीआमा । उसो त यो रंगमञ्चमा पूरक पात्रको भूमिकामा हामी दुई जना बाहिरिया पनि छौँ । देब्रे ढल्कुवा भोजपुरे मास्टर खगेन्द्र पूर्वेली र देब्रे ढल्कुवा म पान्थरे मास्टर खगेन्द्र संग्रौला । मैले खुदी टेक्दा पूर्वेली त्यहीँ थिए । विचारका वागी पूर्वेली किञ्चित लहडी र निकै झाँक्की थिए । विचारको इतर वृत्तमा उनी भयानक शत्रु मानिन्थे । कति ठाउँमा त बाटो हिँड्दैमा उनीमाथि ढुंगामुढा ओइरिन्थे । जान्न खोजेँ, उनीसँग आखिर त्यत्रो रिस किन ? जडी कुरो मलाई भएन ।

अँ, यो रंगमञ्चका केन्द्रीय पात्र परे खगेन्द्रजंग गुरुङ । असलमा खुदीको सेरोफेरोका यावत् गतिविधिका कम्पन-केन्द्र उनै त हुन् । उनै हक्की र झडंगे खगेन्द्रजंग । उनै गर्जनमय एवं रहस्यमय खगेन्द्रजंग । यो शाही कठोर कालमा एकातिर उनी खराखरी लाल वामपन्थको पैरवी गर्छन्, अर्कातिर उनी राजसभा स्थायी समितिका सदस्य छन् । छाँटले उनमा भुइँमान्छेप्रति समभाव र करुणा म लेस मात्र पनि देख्दिनँ । तैपनि, उनी अमुर्त विद्रोह र क्रान्तिको गर्जन यसरी गर्छन्, खुदीमाथिको पहरो थर्किन्छ । उनको काठमाडौँ जाइ-आइ चलिरहन्छ । राइफल बोक्ने एक जना उनको अघि लाग्छ । र, उनका पछि लाग्छ मानिसहरूको लम्बेतान लर्को । ठाउँठाउँमा उनलाई नोटका माला पहिराइन्छन् । त्यो सब देख्छु र चकित हुँदै म तर्कना गर्छु- यी लाल वामपन्थी क्रान्तिकारी हुन् कि रैथाने राजा ? यी जो उनको छायाँझैँ उनको पछिपछि लुखुर-लुखुर हिँडिरहेका छन्, यी को हुन् र किन त्यसरी हिँडेका हुन् ? उनीप्रतिको सहज श्रद्धाभावले डोरिएर वा हीनभावनाग्रस्त दास मनोवृत्तिले घिसारिएर वा उनको डरले थर्कमान भएर ? यसरी तर्कना गर्छु र म पक्क परेर उनको ठाँटबाँट हेर्छु ।

प्रधानपञ्च टुकमान थापा छन् फेरि अर्कै अजीवका जीव । खुदी बजारको सिरानमा उनको पञ्चे अड्डा छ । अड्डा भन्नु के छ, टुकुक्क एउटा छाप्रो छ । न कण्ठमा वाणी, न ओठमा मुस्कान, न अनुहारमा कान्ति- टुकमान झुत्रे अड्डामा ठुस्स परेर बसेका देखिन्छन् । उनी प्रायः कसैसँग हाइहेलो गर्दैनन् । न त उनी कसैसँग वार्तालाप नै गर्छन् । उनको पद छ सत्ताको रैथाने नोकररूपी प्रधानपञ्च, मान्छे छन् यस्ता बकै नफुटेजस्ता । उनी जुम्सा छन् । उनी लास्टै टीठलाग्दा छन् । तैपनि, हाम्रा लागि उनी डरको महानतुल्य छन् । किन ? किनभने, उनी रिपट लेख्छन् ।

खुदी बजारमा म खासखुस सुन्छु- टुकमान दिनको कम्तीमा पनि एक-दुइटा रिपट लेख्छन् र सत्ताका ख्यामित्हरूछेउ पठाउँछन् । रिपटमा उनी के लेख्छन् ? उनी यस्तो लेख्छन् भनी म गाइँगुइँ सुन्छु– 'तीन खगेन्द्रले सेरोफेरोको जीवन, जल, जमिन र जंगल सारा चीजलाई लाल-लाल बनाएर खुदीको आकाशमा लालझन्डा फहराउन लागेका छन् । प्रभु, खुदीको भूमि लाल प्रलयको सँघारमा छ ।' म यो पनि सुन्छु, रिपट लेख्न कथ्यको खाँदो पर्दा उनी कल्पनाको उडान भर्छन् । कल्पनाको उडानमा उनी यस्तो रिपट लेख्दा हुन् भनी म लख काट्छु- 'एउटा चुस्स दाह्रीजुँगा पालेको, कपाल छरपस्ट भएको, अँध्यारमुखे, दुब्लो, झलक्क हेर्दैमा कम्निस्टजस्तो लाग्ने मान्छे आयो र खगेन्द्रलाई भेटेर गयो । यसको चाल निको छैन, ख्वामित् !'

अद्वैतमार्गी गंगाराम र सागर श्रेष्ठ छन् टुकमानका ठीक उल्टा । ती बोल्छन्, बोल्छन् र बोलिरहन्छन् । पुष्टकारी पाक-परिकारकाले गोजेरो टन्न भरेर ती सन्तोषका उपदेश दिन्छन् । भोकाहरूलाई ती भन्छन्- 'लोभ नगर, तीर्खा नमान । आफूसित जे छ, त्यसैमा चित्त बुझाओ । आफूसित जे छैन, त्यसको तृष्णा नगर । नपाइने कुरा चिताउनु व्यर्थमा दुःख बिसाउनु हो । बस्, सन्तोषम् परमम् सुखम् ।' यी गफास्टक अद्वैत रैथाने परिवेशमा हुनुसम्म अलोकप्रिय छन् । यिनका कान छलेर मानिसहरू यिनलाई क्षितिशचन्द्रको पुच्छर भन्छन् । र भन्छन्- 'यी हरिपले धूर्त वचनले लाटासिधा गरिबहरूलाई गाँजेर आफ्ना द्रव्यपूजक गुरुलाई बोराका बोरा पैसा टक्र्याए ।' निज गंगा र सागर मसँग रुष्ट छन् । यो रोषको कारण छ । धर्म र अध्यात्मका नाममा चलेको तिनको धन्दालाई नांगेझार पार्न मैले कुनै कसर बाँकी राखेको छैन । र, म सुन्छु- यी गफास्टक अद्वैत पनि टुकमानकै भाकामा रिपट लेखेर पठाउँछन् । कसलाई ? सायद अस्तित्वहीन भगवान्लाई ।

"एउटा चुस्स दाह्रीजुँगा पालेको, कपाल छरपस्ट भएको, अँध्यारमुखे, दुब्लो, झलक्क हेर्दैमा कम्निस्टजस्तो लाग्ने मान्छे आयो र खगेन्द्रलाई भेटेर गयो । यसको चाल निको छैन, ख्वामित् !"

अनि, हात्तीआमा ? हात्तीआमा मेरी आमापछिकी प्रिय आमा । उनको लोग्ने छैन । ऊ सौता हालेर मलाया छाउनीमा हरायो । तीन भाइ छोरा पनि उतै कतै अलप भए । साथमा एक मात्र सहारा उनको कान्छो छोरो छ । ज्यान हत्केलामा राखेर ऊ मर्स्याङ्दीमा जाल हान्छ । दुःखजिलो गरी पेट पाल्ने धन्दा दुखिया चिया पसल छ । हात्तीआमा दिनदिनै गुनासो गर्छिन्- 'बाबु, चिया खाने आधाजसो चोरहरू पैसै तिर्दैनन् ।'

हाई स्कुलको दशा दयनीय छ । सरकारी सहायता एक पैसो छैन । मासिक शुल्क नाम मात्रको छ । पुग्दो संख्यामा मास्टर छैनन् । कहिले त मैले स्याँस्याँ र फ्याँफ्याँ गर्दै एकै पिरिडयमा तीनवटा कक्षा भ्याउनुपर्छ । जब तलब थाप्ने बेला आउँछ, मास्टरहरूका ओठ-तालु सुक्छन् । विद्यालयका नानाओली झैझमेला, परिवेशमा व्याप्त रहस्यमय लाल गर्जन, चाकरीमुखी रिपट र कपटकारी अर्तीले जब मनमा तनाव पैदा गर्छन्, चित्त शान्त गर्न म हात्तीआमाको छाप्रोमा लुसुक्क छिर्छु । म किताब लिएर एक कुनामा बस्छु । चिया पिउँछु । साँझपख यदाकदा राँकेको रन्कोले कान तताउँछु । कहिले त ढिब्रीको गाजलु उज्यालोमा राती १२/१ बजेसम्म पढेर काठे पिराको सिरानी लगाएर गुन्द्रीमा लमतन्न सुत्छु । पछि ब्यूँझिँदा चाल पाउँछु, हात्तीआमाले मलाई आफ्नो मजेत्रो ओढाइदिइछन् ।

हामी तीन खगेन्द्रका चित्तका अन्तरमा खुदी भेगमा लालझन्डा गाड्ने इच्छा नभएको होइन । तर, गरेको खास केही छैन । न भुइँमान्छेहरूसँग अटुट र जीवन्त सम्पर्क छ, न कतै भेला र प्रशिक्षणको चाँजोपाँजो छ, न संगठन गर्ने धुन छ । केही छैन । छ त केवल तीन खगेन्द्रको लिन्ठिंग उपस्थिति छ । खगेन्द्रजंग पञ्च-कांग्रेसलाई थर्काउन गर्जन-तर्जन गर्छन् । खगेन्द्र पूर्वेली 'हामीले यो माटोमा फुक्काफाल हिँड्न पाउनुपर्छ' भनेर छाती पिट्छन् । म पढाउनु र पढ्नुसिबाय केही गर्दिनँ । म यसै पनि पदीय पिन्जराको कैदी भएको छु । पदीय मर्यादाले मलाई चित्तको भाव खुलस्त पोख्न दिँदैन । अचम्म लाग्छ, हामीले केही ठोस कर्म नै नगरी रैथाने शाही सत्ता किन यसरी हल्लिएको ? वैचारिक र नैतिक रूपले हदै टाट पल्टिएर ?

हाम्रा तीन जोर हातबाट लालझन्डा फहराउने हल्ला चैते डढेलोझैँ फैलिन्छ । र, त्यसको प्रतिध्वनि पर-परसम्म गुन्जिन्छ । एक दिन सदरमुकाम बैँसीसहरतिरबाट एउटा झुन्ड खुदी आउँछ । सत्ताका द्वारपालेहरूको झुन्ड हो त्यो । झुन्डको अगाडि अञ्चलाधीश दानबहादुर शाक्य छन् । तिनका पछाडि छन् इज्जतदार कांग्रेसी महलबाट प्रलोभनको आहालमा खसेर पञ्चांग्रेस बनेका दुई जीव- वाचाल श्रीकान्त अधिकारी र लोखर्केको पुच्छरजस्ता जुँगा भएका लेखनाथ अधिकारी । लाजमर्नु कुरा छ, तीन वाममार्गी खगेन्द्रलाई कुल्चिन यी पञ्चांग्रेस अञ्चलाधीशका शरण गर्छन् । ती आउँछन् । ती हामीलाई विद्यालयमा लाल राजनीति गरेको फत्तुर लाउँछन् । र, यो लालक्रीडा गर्न नछाडे हामीलाई पक्रिने र थुन्ने ध्वाँस दिएर ती लाग्छन् मनाङतिर उकालैउकालो ।

त्यसउपरान्त खुदीमा छद्मभेषी सुलसुलेको बिगबिगी हुन्छ । म जता जान्छु, कोही न कोही पछि लागेकै हुन्छ । अब मैले फुक्काफाल भई कतै जानु नहुने भो । डेरा-विद्यालय, विद्यालय-डेरा, बस् खुदीको भूगोलमा मेरो निसासलाग्दो जीवनवृत्त यत्तिमै कैद हुन्छ । एक दिन विद्यालयमा सञ्चालक समितिको बैठक चल्दै छ । एक शुभचिन्तक-सूत्र कुद्दै आएर भन्छ- लौ है दाज्यै, प्रहरीको टुकडी यता आइरहेछ । पक्राउबाट जोगिन हामी मर्स्याङ्दी किनारको झ्यासझाडीतिर बेत्ताडले कुद्छौँ । पछि थाहा हुन्छ, नभन्दै त्यो टुकडी हामीलाई पोको पार्न आएको रहेछ । अब गर्ने के ? अब लाग्ने हो बाटो । पोका-पन्तुरा बोकेर सुलसुलेका आँखा छल्दै म बाटो लाग्छु । खाली हात र किञ्चित् उदास ।

अहिले ४७ वर्षपछि म फेरि खुदीमा छु । स्वर्ण महोत्सवमा मलाई सम्मान र मेजमान उपलब्ध छ । परिवारजन आफूदेखि बिच्किएर एक्ला भएका दुःखी खगेन्द्रजंग काठमाडौँमा रहेछन् । ती खुदी आएनन् । खगेन्द्र पूर्वेलीको कतै खुटपत्तो छैन । हात्तीआमा बितेर खुदी खोलामा कतिकति पानी बगिसकेछ । जुग पल्टियो । बूढो पञ्चायत ढल्यो र पञ्चायतकै पछि लागेर ढल्यो जर्जर राजतन्त्र पनि । रिपट लेखक टुकमान, पञ्चायतका अवशेष, जीवितै रहेछन् । जीवितै तर एकदम फुकीढल । खुदीमा म अहिले मुक्त छु । जता मन लाग्यो उतै जान, जे मन लाग्यो त्यो भन्न मलाई छूट छ । यो मुक्त वातावरणको सिर्जनामा नेपाली लालवामको ठूलो हात छ । लमजुङे सांसद जमीन्द्रमान घले मेरो भारी तारिफ गर्दै भन्छन्- यी बूढाहरूले ऊबेला वामचेतनाको बीउ छरेका थिए, त्यही बीउमा टुसाएर हामी झागिन पायौँ । यो कथन केवल प्रतीकात्मक सत्य हो । झर्रो सत्य के हो भने सत्ताका चौकीदारहरूले तीन खगेन्द्रलाई खुदीबाट खेदे । यी जो खेदिए जनसाधारणका दृष्टिमा ती खुलदुलीका विषय र सहानुभूतिका पात्र बने । र, त्यही खुलदुली र सहानुभूतिको भूमिमा वाम चेतनाले फाटफुट जरा गाड्यो । धन्य हुन् ती वामद्वेषी जीवहरू, जसले तीन खगेन्द्रलाई खेदेर खुदी ओरपर वाम चेतना उम्रिने सानै भए पनि ड्याङ बनाइदिए । ◆

एलजीको एन्ड्रोइड घडी

एलजीले निकट भविष्यमै दुई फरक मोडलका स्मार्टवाच बजारमा ल्याउँदै छ । ती दुई स्मार्ट वाच एलजी वाच स्पोर्ट र एलजी वाच स्टाइल चाँडै नै बजारमा आउँदै छन् । यी स्मार्ट वाच बनाउनका लागि एलजीले गुगलसँग सहकार्य गरेको थियो । र, यी स्मार्ट वाच गुगलको एन्ड्रोइड अपरेटिङ सिस्टमबाट सञ्चालित हुनेछन् । संसारभर अहिले स्मार्ट वाचको क्रेज पनि बढ्दो छ । यसैबीच आउन लागेका यी दुई स्मार्ट वाचले राम्रो व्यापार गर्ने अपेक्षा गुगल र एलजी दुवैले गरेका छन् ।

एलजी वाच स्पोर्ट र वाच स्टाइल दुवैमा चार जीबीको आन्तरिक मेमोरी रहनेछ । वाच स्पोर्टमा ७ सय ६८ एमबी क्षमताको र्‍याम रहनेछ भने वाच स्टाइलमा ५ सय १२ एमबीको र्‍याम छ । डिस्प्ले स्क्रिन पनि वाच स्टाइल (१.२ इन्च)को तुलनामा वाच स्पोर्ट (१.३८ इन्च)कै ठूलो छ । यी दुवै घडी वाटर र डस्टप्रुफ पनि रहनेछन् ।

यसका साथै एलजीका यी दुवै घडीमा जीपीएस, वाइफाइ र ब्ल्युटुथ पनि छन् । मुटुको अवस्थाबारे जानकारी दिन यी स्मार्ट वाचमा हार्ट रेट सेन्सर पनि जडान गरिएको छ । यसको मूल्य दुई सयदेखि ३ सय ५० डलरका बीच रहने अनुमान छ ।

एभरनोटमा नयाँ अपडेट

एभरनोट स्मार्टफोन ट्याबलेट वा ल्यापटपमा नोट बनाउनका लागि प्रयोग गरिने निकै उपयोगी एप हो । यसमा नोट बनाउँदा टेक्स्ट, फोटो, जुनसुकै वेब कन्टेन्ट वा भ्वाइस कन्टेन्टलाई प्रयोग गर्न सकिन्छ । टचप्याडमा हातैले लेखिएका टेक्स्टलाई पनि नोटका रूपमा राख्न मिल्छ । विद्यार्थी, व्यापारीलगायत जुनसुकै पेसाका व्यक्तिलाई चलाउन सजिलो र उपयोगी हुने गरी एभरनोट डिजाइन गरिएको थियो । तर, यसमा केही भद्दा फिचर भएका कारण यो एप त्यति लोकप्रिय हुन सकेको थिएन, जति सोचिएको थियो ।

भर्खरै मात्र रिलिज भएको एभरनोटको अपडेटले पुराना कमजोरीलाई हटाउने प्रयास गरेको छ । यो अपडेटबाट एभरनोट फेरि एकपटक नोट एपमध्ये सबैभन्दा लोकप्रिय एप बन्ने सम्भावना देखाएको छ । तर, यो अपडेट अहिले आईओएसका लागि मात्रै आएको छ । छिट्टै नै एन्ड्रोइडका लागि पनि यो अपडेट उपलब्ध हुने अनुमान छ ।

एभरनोटको आईओएस अपडेटले प्रयोगकर्तालाई नोट बनाउँदा अझै धेरै फन्ट स्टाइल र कलर प्रयोग गर्न मिल्ने बनाएको छ । साथै, नोटमा मिडिया कन्टेन्टजस्तै टेक्स्ट, फोटो, जीआईएफ इमेज, अडियो कन्टेन्ट आदिको प्रयोगलाई पनि अझै सहज बनाएको छ । त्यस्तै नोटमा सर्च गर्ने फिचरलाई पनि सहज बनाइएको छ ।

एचटीसीको स्मार्टफोन

एचटीसीले यस वर्षको पहिलो स्मार्टफोनका रूपमा एचटीसी यू अल्ट्रा बजारमा ल्याएको छ । स्मार्टफोन बजारमा एचटीसी नाम चलेको ब्रान्ड हो । यू अल्ट्राको विशेषता भनेको यसको क्यामेरा हो । यो स्मार्टफोनमा रियर क्यामेराभन्दा बढी क्षमताको सेल्फी क्यामेरा छ । यसको रियर क्यामेरा जम्मा १२ मेगापिक्सेलको छ भने सेल्फी क्यामेरा १६ मेगापिक्सेलको छ ।

५.७ इन्चको डिस्प्ले भएको यो स्मार्टफोनमा एन्ड्रोइडको ७.० अर्थात् नुगाट अपरेटिङ सिस्टम छ । यू अल्ट्रा चार जीबी र्‍यामसहित ६४ वा १ सय २८ जीबी आन्तरिक मेमोरी क्षमतामा आउँछ । फोर जी सपोर्ट गर्ने यो स्मार्टफोनमा दुईवटा सिम प्रयोग गर्न मिल्छ । यसको मूल्य ७ सय ५० डलरबाट सुरू हुन्छ ।

फेसबुकको मिडिया रणनीति

फेसबुकले आफ्ना प्रयोगकर्ता जोगाइराख्न अनेक रणनीति प्रयोग गर्दै छ । पछिल्लो पटक *फेसबुकले* सुरू गरेको *फेसबुक* जर्नालिजम प्रोजेक्ट पनि यही रणनीतिको एक पाटो हो । यो प्रोजेक्टमार्फत फेसबुकले मिडियासँग राम्रो सम्बन्ध बनाउनुका साथै भविष्यमा मिडिया हाउस र *फेसबुकबीच* सहकार्यको आशा पनि गरेको छ ।

मिडिया हाउससँगको सहकार्यलाई *फेसबुकले* यो प्रोजेक्टमा ठूलै स्थान दिएको छ । मिडियासँग मिलेर *फेसबुकले* नयाँ तरिकाबाट सूचना दिने प्रविधि विकास गर्न खोज्दै छ, जसबाट स्थानीय समाचारलाई पनि प्रभावकारी माध्यमबाट श्रोतामाझ पुर्‍याउन सकियोस् । यो सहकार्यले मिडियाका पाठकको संख्या पनि बढाउने अपेक्षा गरिएको छ ।

त्यस्तै यो प्रोजेक्टले पत्रकारहरूलाई बदलिँदो प्रविधिबारे जानकार बनाउने अपेक्षा पनि गरिएको छ । यसका लागि *फेसबुकले* पत्रकारका लागि त्यससम्बन्धी प्रोडक्टका बारेमा आवश्यक तालिम पनि गराउनेछ । यसबाट मिडियालाई समाचार सम्पादनमा पनि निकै सहयोग पुग्नेछ ।

फेसबुक जर्नालिजम प्रोजेक्टको अर्को महत्त्वपूर्ण उद्देश्य भनेको जनतामाझ न्युज लिटरेसी बढाउनु पनि हो । अहिलेको ठूलो समस्याका रूपमा देखिएको फेक न्युजलाई नियन्त्रण गर्न पनि यो प्रोजेक्ट महत्त्वपूर्ण कदम हुने अनुमान छ ।



टाटाले ल्यायो नयाँ एसयूभी कार

टाटाको नयाँ सबअर्बन युटिलिटी भेहिकल (एसयूभी) गाडी टाटा हेक्सा भारतमा लन्च भएको छ । टाटा हेक्सामा ६ जनाका लागि आरामदायी सिट छ । भारतमा हेक्साले टाटा आरियालाई विस्थापित गर्ने अनुमान छ । टाटा आरिया सात सिट क्षमता भएको कार हो ।

हेक्सामा २ हजार २ सय सीसीको डिजेल इन्जिन छ, जसले १ सय ५३ ब्रेक हर्सपावरको अधिकतम शक्ति निकाल्छ । यो कारमा ६ गियरको गियरबक्स छ । चालक र यात्रुको सुरक्षालाई ध्यानमा राख्दै टाटा हेक्सामा ६ वटा एयरब्याग पनि राखिएको छ । एयरब्यागले गाडी क्र्यास हुँदा चालक र यात्रुलाई चोट लाग्नबाट जोगाउँछ ।

यो कारमा आधुनिक गाडीमा हुने एन्टिलक ब्रेकिङ सिस्टम, हाइड्रोलिक ब्रेक एसिस्ट, पार्किङ सेन्सरजस्ता थुप्रै फिचर पनि छन् । एसयूभी गाडी पिच र अफरोड दुवै बाटोलाई ध्यानमा राखेर डिजाइन गरिएको छ । यसै कारण टाटा हेक्सामा अफरोडका लागि २० सेन्टिमिटरको ग्राउन्ड क्लियरेन्स पनि छ । ६० लिटर क्षमताको फ्युल ट्यांक भएको हेक्साले औसतमा १५ किलोमिटर प्रतिलिटर माइलेज दिने अनुमान छ । आकर्षक डिजाइन भएको टाटा हेक्साका ६ वटा भेरिएन्ट उपलब्ध छन् । र, यसको मूल्य १२ लाख भारतीय रूपियाँबाट सुरू हुन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

खेतको भिटामिन

सुरविन्द्रकुमार पुन

रूकुमको माइकोटमा सोत्तर बोकेर घर फर्कंदै गरेका महिला । यहाँको वनमा मंसिरदेखि फागुनसम्म सोत्तर सोर्न खुला गरिन्छ । यसबेला गाउँका महिला समूह-समूह बनाई वन पुगेर सोत्तर ल्याउन व्यस्त हुन्छन् । सोत्तरबाट बन्ने प्रांगारिक मल नै यहाँ खेत-बालीमा हालिन्छ । रासायनिक मलको बढ्दो प्रयोगलाई विस्थापित गर्न सोत्तर त माटोको भिटामिन नै हो । ◆

गुमनाम पथमा नम्रता

अन्तरालबाट डेब्यु हुँदा नम्रता सापकोटाको भुइँमा खुट्टो थिएन । नयाँ कलाकारको भीड भए पनि रिलिजअगाडि फिल्मले चर्चा बटुलेको थियो । तर, जसै फिल्म रिलिज भयो, न नम्रताको चाह पूरा भयो, न निर्माताकै । फलतः *अन्तरालपछि* उनलाई चलेका ब्यानरले पत्याएनन् । *ब्रास्लेटमा* रमेश उप्रेतीसँग स्क्रिन सेयर गर्ने मौका पाए पनि माखो मरेन । स्वदेशी बजारमा १६ करोड रुपियाँ व्यापार गरेर रेकर्ड राखेको *छक्का-पन्जामा* पनि नम्रताको अभिनय थियो भन्ने धेरैलाई थाहा नहोला । हुनु पनि कसरी ! एकातिर दीपकराज गिरी, केदार घिमिरे, जितु नेपाल, बुद्धि तामाङजस्ता हास्य कलाकारको हुल, अर्कातिर प्रियंका कार्की र वर्षा राउतजस्ता गिनेचुनेका हिरोइन । अनि त नम्रतातिर नजर डुलाउने कसले ? त्यसैले त *छक्का-पन्जा* सुपरहिट हुँदा पनि उनको मुहारमा मुस्कान नाचेको छैन । बरु, गुमनाम पथमा रहेको चर्चा चल्न थालेको छ । ◆

सिर्जना सपना

नाटकमा सिर्जना सुब्बाले जति नाम कमाएकी छन्, फिल्ममा त्यसलाई निरन्तरता दिन सकेकी छैनन् । सायद टिपिकल हिरोइन लुक्सकी नहुनुको प्रभाव पनि होला यो । भलै, लुटको सहायक भूमिकाले उनलाई धेरथोर चर्चा दिलायो । त्यसपछि उनको फिल्मी करिअरले गति लिने विश्वास गरिएको थियो । किनभने, लुटपछि नाटकबाटै आएका सौगात मल्ल, दयाहाङ राईलगायतका अभिनेता व्यस्त भए तर सिर्जनाका लागि खास फलदायी हुन सकेन । डब्बु क्षत्री निर्देशित *राहदानी* पनि आए/गएको दर्शकले पत्तै पाएनन् । यसरी फिल्मी यात्रा अलमलमा परेका बेला उनको मुख्य भूमिका रहेको फिल्म *डाइङ क्यान्डिल* २८ माघमा प्रदर्शन हुने भएको छ । विदेशी फेस्टिभलमा तारिफ कमाइसकेकाले पनि उनी उत्साही देखिएकी छन् । नरेशकुमार केसी निर्देशित यस फिल्मले फिल्ममा चम्कने सिर्जनाको सपना पूरा होला त ? ◆

तस्बिर : लक्ष्मीप्रसाद ढाकुमी

शब्दले जोगाएन साख

सौगात मल्ल मिहिनेती र प्रतिभाशाली अभिनेता हुन् भन्नेमा सायदै कसैको विमति होला । हुन पनि पात्रलाई पर्दामा जीवन्तता दिन सौगात साँच्चै माहिर छन् तर, दुर्भाग्य ! उनको मुख्य भूमिका रहेको फिल्मले बक्स अफिसमा औसत कलेक्सन पनि गर्दैन । *षड्ङग, फन्को, लुकामारीले* न निर्माताको गोजी भर्‍यो, न दर्शकलाई रिझायो । यही कोटीमा मिसिएको छ, *शब्द* पनि । २८ पुसमा प्रदर्शित यस फिल्ममा सौगातबाहेक अरू चिनिएका कलाकार थिएनन् । त्यसैले उनको काँधमा ठूलो जिम्मेवारी थियो । प्रमोसनमा सक्रिय भए पनि । तर, यसले पनि उनको साख जोगाउन सकेन । उदेकलाग्दो कुरा यो छ, फिल्म जति फ्लप भए पनि सौगातको बजार रत्तिभर घटेको छैन । बरू, बढेको बढ्यै छ । ♦

आइटममा सीमित

लिड हिरोइनका रूपमा करिअर सुरू गरेकी हुन्, माला लिम्बूले । फिल्म थियो, *वान वे* । तर, सुरज सुब्बा 'नाल्बो' निर्देशित यो फिल्म दर्शकमाझ प्रिय भइदिएन । पहिलो गाँसमै ढुंगा भेटेकाले हुनुपर्छ, *वान वे* रिलिज भइसक्दा पनि उनी अभिनीत दोस्रो फिल्म रिलिज हुन सकेको छैन । भलै, म्युजिक भिडियोमा भने कामुक मालाको भाउ ह्वात्तै बढेको छ । त्यसमाथि उनी नृत्यमा पोख्त भएकाले डान्सिङ नम्बरको पहिलो रोजाइ हुन् उनी । र पनि, उनी दंग देखिन्नन्, कारण उनको चाह त फिल्मकी हिरोइन हुने हो । विडम्बना ! उनको आइटम डान्स रहेको *रातो घर*समेत प्रदर्शन हुन सकेको छैन । यो पीडा बुझेरै होला, निर्देशक दिनेश राउतले *पर्द*मा मालालाई नचाएका छन् । 'काले दाइ...' बोलको गीतमा उनले निश्चल बस्नेतसँग कम्मर मर्काएकी छन् । उसो त *पर्द*मा मालाको आइटम मात्र होइन, छोटो भूमिका पनि छ । तर, नम्रता श्रेष्ठका अगाडि मालालाई कसले भाउ दिने ? ♦

तस्बिरहरू : महेश प्रधान

फिल्म ● *लभ सासा*

सुकिला–मुकिलाको सरल प्रेमकथा

आजको पुस्ता विश्वव्यापीकरणको साक्षी मात्र होइन, सक्रिय सदस्य पनि हो । प्रविधि र सामाजिक सञ्जालको तीव्र विकासले हामीलाई पहिलो विश्वकै तहमा पुर्‍याएको छ, सूचना र परिवर्तनको पहुँचको सवालमा । तर, छोराछोरी जति शिक्षित र परिपक्व होऊन्, विवाहमा परिवारको रोजाइ (हस्तक्षेप ?) हुन्छ, प्रेम त अक्सर इन्कार नै गरिन्छ । एकातिर उन्मुक्त स्वन्तत्रता, अर्कातिर सीमित सीमा रेखा । फिल्म *लभ सासा*मा यही फरक माहोलमा रुमल्लिएका युवकयुवतीको मनोविज्ञानलाई उनिएको छ, खास गरी विवाहको लहरो समाएर । घटनाभन्दा पात्रलाई प्रधानता दिइएको छ । तर, कतिपयलाई ती पात्रको कथा जीवनको लयभन्दा धीमा पनि लाग्न सक्छ ।

अस्ट्रेलियामा पढेकी सासा (केकी अधिकारी) नेपाल फर्कनुको एउटै कारण हो, घरजम गर्नु । त्यो पनि आमाले रोजिदिएको केटासँग । संयोगले उनको भेट प्रेमवियोगले तड्पिरहेको फोटोग्राफर प्रल्हाद (कर्म)सँग हुन्छ । प्रल्हादको चोट भुलाउन सासा उनीसँग समय बिताउन थाल्छिन् तर मन न हो, बिस्तारै एकअर्कालाई औधि माया गर्न थाल्छन् । तर, सासाको त व्यापारी सिद्धार्थ (आशिष शाह)सँग 'इन्गेजमेन्ट' हुने पक्का भइसकेको छ । यस्तो बेला अधिकांश आनीबानी, सोच र व्यवहार मिल्ने प्रल्हाद-सासाको सम्बन्धले कुन मोड लेला ? फिल्मको कथा यसकै वरपर घुमेको छ ।

प्रल्हाद र सासाको भेटबाहेक फिल्ममा खास 'ट्वीस्ट' छैन । तैपनि, सुरुबाटै आफ्नो कथामा दर्शकलाई 'इन्गेज' गराउन पटकथाकारसमेत रहेका निर्देशक प्रचण्ड सफल छन् । यसका लागि उनले मुख्य पात्रबीचको सम्बन्ध र अन्तर्द्वन्द्वको सहारा लिएका छन् । विवाह अर्कैसँग हुने टुंगो भइसकेकी सासाको प्रल्हादप्रतिको समर्पण अनि प्रल्हादको सासाप्रतिको प्रेम बडो आत्मीय लाग्छ । ठूलो उपलब्धि र चमकधमकभन्दा स-साना कुरामा खुसी हुने दुवैको स्वभावले दर्शकको मन जित्छ । ल्वाङ, सिड्नी वाल घडी, 'भैलिनी आइन...' गीत, खोलाको प्रसंग आदिलाई प्रतीकात्मक रूपमा समाहित गरिएको छ, पटकथामा ।

*लभ सासा*को सबैभन्दा सशक्त पक्ष हो, संवाद । मौलिक र जनजिब्रोमा झुन्डिएका शब्दहरूलाई रसिलो र स्वाभाविक शैलीमा लेखिएको छ । कति संवादले मुटु बिझ्छ, कतिले ओठमा मुस्कान ल्याउँछ । तर, कतिपय सन्दर्भमा निर्देशक दृश्य भन्दा संवादमा बढी भर परेको भान हुन्छ, खास गरी सिद्धार्थ र कर्मको चरित्रीकरणमा ।

प्रल्हाद र सासाका उपकथालाई महत्त्व दिइएको छैन । उनीहरूका पृष्ठभूमि पनि पर्दामा खास देख्न पाइन्न । अझ प्रल्हादको त सीमा (ऋचा शर्मा)सँग अफेयर टुटेको बाहेक अन्य पारिवारिक सम्बन्धलाई पूरै बेवास्ता गरिएको छ । सिद्धार्थको ताल पनि त्यही हो । यसरी सहायक पात्र र उपकथाको अभावमा *लभ सासा*को कथा बेला-बेला जगबिनाको घरझैं कमजोर महसुस हुन्छ । भलै प्रल्हाद र सासाको जबर्जस्त रसायनबाट यसको पुर्ताल गराउने प्रयास देखिन्छ, निर्देशकको । पछिल्लो २० मिनेटमा अलि हतारिएर कथालाई अगाडि बढाइएको छ । जे होस्, प्रचण्डले आफ्नो पहिलो फिल्म *भिसा गर्ल*को कथावाचनको 'लिगेसी'लाई यसमा पनि पछ्याएका छन् ।

कास्टिङ र कलाकारको अभिनय उत्तिकै सराहनीय छ । प्रायः नाटकीय र 'लाउड' अभिनयमा रमाउँदै आएकी केकी *लभ सासा*मा स्वाभाविक शैलीमा प्रस्तुत भएकी छन् । कर्मको हाउभाउ र भावभंगीमाबाटै बुझिन्छ, उनको अन्तर्द्वन्द्व । आशिषको भूमिका पनि छोटो तर मीठो छ । लेखक बुद्धिसागरको केमियो नाटकीय लाग्छ । 'कथा तिम्रो मेरो...', 'बरी लै..' गीत सुमधुर छ । खिचाइ र सम्पादनले पनि कथाको बहावलाई बिगारेको छैन, बरू जीवन्तता दिएको छ ।

कथित मसलाबाट मुक्त तर मन छुने प्रेम कथाका पारखी *लभ सासा* हेर्दा निराश हुनु पर्दैन । किनभने, यसमा हरेक युवकयुवतीले कुनै न कुनै रूपमा आफूलाई पाउँछन् ।

॥ गोकर्ण गौतम

पोखरामा साहित्य महोत्सव

बुकवर्म फाउन्डेसनले बर्सेनि आयोजना गर्दै आएको साहित्य महोत्सवको छैटौं शृंखला १४ देखि १७ माघसम्म पोखरामा हुँदै छ । यसपालिको महोत्सवमा प्राध्यापक केदारभक्त माथेमाले कि-नोट स्पिच दिनेछन् भने ध्रुवचन्द्र गौतम मुख्य अतिथिका रूपमा सहभागी हुँदै छन् । महोत्सवमा भारतीय चर्चित लेखक उदय प्रकाश, रामचन्द्र गुहासमेत सहभागी हुनेछन् । "साहित्य महोत्सव नाम दिए पनि हामीले यसमा समाजका सबैजसो जल्दाबल्दा विषयमा बहस चलाउने गरेका छौं," आयोजक निरज भारी भन्छन्, "यसपालि विगतभन्दा नयाँ विषय र वक्ता हुनेछन् ।" थुप्रै लेखक, कलाकार, राजनीतिज्ञ, अर्थशास्त्री, समाजशास्त्रीको सहभागितामा खुला बहस हुने साहित्य महोत्सव गत वर्षदेखि पोखरामा आयोजना गर्न थालिएको हो । ◆

अचानक

'कृषकको साथी हो उल्लू'

उल्लू पनि संरक्षण गर्ने चरा हो भन्दा सबै अचम्म पर्छन् । जापान र अफगानिस्तानमा उल्लूलाई निक्कै चलाख र बुद्धिमान चरा भनेर चिनिन्छ । त्यस कारण चलाख र विद्वान्लाई उल्लूको संज्ञा दिइन्छ । तर, नेपालमा कसैलाई होच्याउनु वा गिज्याउनु छ भने उल्लू भनेर बोलाइन्छ । तर, त्यही उल्लू भनेर बोलाइने लाटोकोसेरो संरक्षणको अभियानमा लागेका छन्, **राजु आचार्य** । कतिपयले उनलाई 'उल्लू सर' पनि भन्छन् । कृषकको साथीका रूपमा चिनिने लाटोकोसेरो विभिन्न कारणले मारिन र अवैध व्यापार हुन थालेपछि आचार्यले नेपालमा पहिलो पटक नौ वर्षदेखि संरक्षणको अभियान चलाउँदै आएका छन् । विश्व लाटोकोसेरो कोष बेलायतका नेपाल प्रतिनिधिसमेत रहेका उनले सचेतना अभियानलाई गाउँ-गाउँसम्म पुऱ्याउन उत्सव गर्दै आएका छन् । उनै आचार्यसँग गरिएको कुराकानी :

लाटोकोसेरोको महत्त्व के छ ?

यो कृषकको राम्रो साथी हो । लाटोकोसेरोको एउटा परिवारले फुल पारेर बच्चा हुर्काउँदा चार महिनासम्ममा तीन हजार मुसा खान्छ । मुसा उसको प्रमुख आहार हो । कृषिमा आश्रित हाम्रो मुलुकमा बालीनाली उत्पादन बढाउन सहयोग पुऱ्याउँछ । यसको आहारा सर्प, भ्यागुता, माछा, कीरा-फट्यांग्रा र छेपारो जहाँ पाइन्छ, त्यो क्षेत्रको वातावरण राम्रो छ भन्ने बुझिन्छ । त्यसैले स्वास्थ्य वातावरणको सूचक पनि हो ।

उत्सव किन मनाउनुहुन्छ ?

अहिलेदेखि लाटोकोसेरोको संरक्षणमा लागिएन भने यसलाई जोगाउन गाह्रो हुन्छ । त्यही भएर बढीभन्दा बढीलाई कसरी सचेतना गर्ने भन्ने सोचेर उत्सव मनाउन थालिएको हो । फेरि नेपालीहरू कला संस्कृतिमा बढी रमाउने हुँदा यो नै प्रभावकारी माध्यम हुन्छ भनेर पाँच वर्षयता उत्सव मनाउन थालिएको हो । बढी मान्छे जम्मा हुने त्यही उत्सवमा लाटोकोसेरोका महत्त्व भन्न सकियो भने प्रभावकारी हुने ठानेर अभियान चलाइएको हो ।

कसरी आयो उत्सवको अवधारणा ?

सानोलाई लाटोकोसेरो र ठूलोलाई हुचिल भनिन्छ । विभिन्न कुरीति र अन्धविश्वासले लाटोकोसेरो मार्ने र बेचबिखन बढ्न थालेपछि यसको संरक्षण अभियान चलाउन ढिलो गर्नुहुन्न भन्ने लाग्यो । यो लोप भयो भने समाज, किसान सबैलाई असर पुऱ्याउँछ भनेर उत्सव मनाउन थालिएको हो ।

उत्सवमा के गर्नुहुन्छ ?

लाटोकोसेरोको महत्त्व र फाइदाबारे चेतना बाँड्छौँ । लाटोकोसेरोले समाज र कृषकलाई पुऱ्याउने लाभबारे वृत्तचित्र, लघु नाटक र तस्बिर प्रदर्शनी गर्छौं । लाटोकोसेरोका फाइदाबारे गीत-संगीतबाट सचेतना, आवाजबाट कसरी चिन्ने र लाटोकोसेरो रोबोट प्रदर्शन गर्छौं । लाटोकोसेरोबारे निबन्ध, चित्रकला र वतृत्वकला प्रतियोगिता गर्छौं । अस्थायी म्युजियम नै बनाएर प्रदर्शन गर्छौं ।

कहाँ कहाँ हुन्छ यस्तो उत्सव ?

संसारका तीनवटा मुलुकमा मात्र लाटोकोसेरो उत्सव हुन्छ । अमेरिकामा शिक्षामा बढी केन्द्रित गरिन्छ, इटालीमा मनोरञ्जनसँगै शिक्षालाई महत्त्व दिएर मनाइन्छ भने नेपालमा शिक्षा, संस्कृति र मनोरञ्जनलाई केन्द्र बनाएर उत्सव गरिन्छ । नेपालको उत्सव हेर्न दक्षिण अफ्रिकाबाट बर्सेनि लाटोकोसेरो संरक्षणकर्मी आउँछन् । दक्षिण अफ्रिकामा त बालीनालीमा लाग्ने कीरा-फट्यांग्रा नियन्त्रण गर्न सरकारले लाटोकोसेरोको गुँड राख्न अनुदान दिन्छ, जुन उत्पादन बढाउन निक्कै सहयोगी बनेको छ ।

उत्सवको कस्तो प्रभाव छ ?

मान्छेहरू सचेत बनेका छन् । प्रत्येक साताजसो लाटोकोसेरो उद्धार गरेका समाचार आउन थालेका छन् । सुरक्षा निकाय पनि लाटोकोसेरोको ओसारप्रसार गैरकानुनी र दण्डनीय हो भनेर सचेत बनेका छन् । धादिङमा दुई हेक्टर सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण क्षेत्र भनेर घोषणा गरिएको छ । नवलपरासीको अमलटारीमा खेतमा लाटोकोसेरो गुँड लगाएर राख्न थालिएको छ । बिस्तारै समाजले बुझ्न थालेको छ ।

मनोज पौडेल/तौलिहवा

नोटबुक

रवि मानन्धर

शौच सन्दर्भ

एक मित्रलाई भेट्न चक्रपथमा पेट्रोल पम्पअगाडि उभिरहेको थिएँ । कलंकीतिरबाट हुत्तिँदै आएको बस मेरोअगाडि रोकियो । बसको ढोकाबाट एक अधबैंसे गोरो वर्णका पुरूष हतारहतार बाहिर निस्किए । भित्रबाट कसैले जोडले फालेको हुनुपर्छ, उनको पछिपछि एउटा ठूलो ब्याग हुत्तिँदै धूलो उडाउँदै मेरो नजिकै भुइँमा बज्रियो । उनी ब्याग घिसार्दै ल्याएर एकछिन 'हेर्दिनू है' भन्दै नजिकै भित्तातर्फ फर्केर शौच गर्न थाले । अँध्यारोले खासै राज जमाइसकेको थिएन । बाटोमा हिंड्नेहरू उनलाई देखेर लजाउँदै थिए । कोहीचाहिं कस्तो पात्तिएको मान्छे भनेर गाली गर्दै थिए ।



यो पारा देखेर मलाई पनि रिस उठ्यो । मनमनै उनलाई गाली गर्ने उपयुक्त शब्द सोच्दै थिएँ । तर, मैले कुरो झिक्नु पहिल्यै सुरूवालको तुना कस्दै उनले आफ्नो भनाइ सिध्याए । उनको कुरा सुनेपछि मलाई उनीसँग होइन, उनी आएको बससँग रिस उठ्यो । डाइबिटिजका बिरामी उनी सजिलो होस् भनेर महँगो भाडा पर्ने टुरिस्ट बसमा आएका रहेछन्, पोखराबाट । बाटोमा दुई बोतल पानी पनि दिएको रहेछ । तर, पिसाब फेर्नका लागि दुई ठाउँमा मात्र रोकेछ । उनले नागढुंगाको उकालो चढ्नुअघि नै बस रोकिदिन आग्रह गर्दा पनि चालक र सहचालक दुवैले अलि अगाडि रोक्छौं भन्दै कलंकी नै ल्याइपुर्‍याएछन् । उनको गुनासो थियो, 'पिसाब फेर्न नरोक्ने बसले पानीचाहिं किन दिएको ? खाएपछि निकाल्न पनि पर्छ भन्ने बसवालालाई थाहा छैन कि कसो !'

उनको गुनासो ठीकै पनि हो । तर, स-सानो दूरीमा रोकी-रोकी हिंड्दा बस गन्तव्यमा पुग्न ढिलो हुन सक्छ । बरू, बसभित्रै शौचालयको व्यवस्था गर्ने र शौच गरेको पैसा लिने व्यवस्था गर्दा राम्रो होला कि ! कि कसो ?

अस्पतालको भाइबर सेवा

प्रसंग केही समयअघिको हो । घर बनाउने क्रममा फलामको काम गर्दै गरेका मिस्त्रीको गोडामा चोट लागेछ । ठेकेदारले 'छिटो आउनूस्' भनेर खबर गरेपछि अफिस हिंडेको म फनक्क फर्किएँ । गोडाको बूढी औंलामा प्लास्टिक बेरेर बसेका उनलाई हतारहतार स्वयम्भू चक्रपथनजिकैको मनमोहन मेमोरियल अस्पताल पुर्‍याएँ ।

आकस्मिक कक्ष पूरै खाली थियो । डाक्टर/नर्सहरू तयारी अवस्थामा थिए । टिटानसको सुई दिने, एक्सरे लिनेदेखि घाउ सफा गर्नेसम्मका काम फटाफट भए । अब पालो थियो, काटिएको ठाउँमा टाँका लगाउने । टाँका लगाउनै लागेका चिकित्सकले हाड चर्किएको वा काटिएको हुन सक्ने शंका गरी पुनः एक्सरे मागे । एक्सरेमा देखिएको सानो सेतो धर्सो हाडमा लागेको चोट हो वा होइन भन्ने विषयमा त्यहाँ रहेका चिकित्सकबीच व्यापक छलफल भयो । अन्ततः हाडजोर्नी विशेषज्ञलाई देखाउनुपर्ने निधो भयो । हाडजोर्नी विशेषज्ञ अस्पतालमा थिएनन् । फोनबाट खबर भयो । केही मिनेट कुर्नुपर्ने भयो ।

केही मिनेट भनिएको समय एक घन्टा, दुई घन्टा हुंदै १ बजेतिर अस्पताल पुगेको हाम्रो घडीमा ५ बज्यो । अब हामीलाई भन्दा त्यहाँ रहेका चिकित्सकहरूलाई छटपटी हुन थाल्यो । हामी काउन्टरमा देख्ने गरी बसेका थियौं । एक चिकित्सकले अलि टाढा गएर फोनमा कुरा गरेलगत्तै हामीसँग एक्सरे मागेर लाइटबक्समा राखेर फटाफट फोटो खिच्न थाले । फोटो खिचेपछि उनले आफ्नो मोबाइलको कि-प्याडमा औंला चलाउँदै भने, 'फोटो पाउनुभो ? हेर्नूस् है, मैले भाइबरमा पठाएको छु ।' उताबाट के भनियो, सुनिएन । केहीछिनमा उनै चिकित्सकको मोबाइल बज्यो । छोटो कुराकानीपछि हामीलाई हाडमा कुनै चोट नलागेको जानकारी दिइयो र टाँका लगाएर भोलि फलोअपमा आउन भनियो । बिरामीचाहिं अस्पतालमा बस्न नपरेकाले खुसी थिए । मलाई भने भाइबरबाट लिएको सेवामा विश्वास लागिरहेको थिएन ।

भोलिपल्ट फलोअपमा एक्सरे हेरेपछि पनि हड्डीमा चोट नलागेको प्रमाणित भयो । चार खेप ड्रेसिङ र केही दिनको आरामपछि मिस्त्री तगडा भए । शंका लागेर के गर्नु, निको भएपछि भाइबर सेवा पनि मान्नै पर्‍यो । जय मनमोहन भाइबर सेवा !

बजारमा नचल्ने हजार

अचेल बैंकहरूका एटीएमबाट पाँच सय रूपियाँभन्दा तलका नोट निस्कँदैनन् । अझ कतिमा त पाँच सयको नोट नै राखिएको हुंदैन या सकिएको हुन्छ । एटीएमबाट निकालिएको हजारको नोट बोकेर सामान किन्न गयो, १ सय ५०, दुई सयसम्मको सामान किन्दा पनि पसलेहरू त्यो नोट साटेर सामान दिनुभन्दा बरू सामान नै नलगे नलगोस्जस्तो व्यवहार गर्छन् । कोही मोबाइलको रिचार्ज कार्ड भिडाएर साट्ने लोभ देखाउँछन् । यसरी बिहान-बिहानै धेरैपटक हजारको नोट बोकेर म मात्र होइन, अरू पनि थुप्रै भौंतारिरहेको भेटेको/देखेको छु । भारतमा त मोदी सरकारले हजार र पाँच सयका नोटमा प्रतिबन्ध लगाएर त्यहाँका जनताले दुःख पाएका छन् नै, हामीले हजार र पाँच सयको नोट चल्दा पनि दुःख पाउनुपरेको छ । बैंकले हजारको नोट मात्र दिने, पसलेहरूले हजारको नोटै नलिने । फसादै फसाद ! ◆

NEPAL'S NO.1 FOOTWEAR BRAND
SHIKHAR
हाम्रो परिवार, शिखर परिवार . . .
SHIKHAR
१५%* छुट
कमालको
चप्पल र जुत्ता
धमालको
नयाँ वर्ष २०१७ को
शुभ-अवसरमा
शिखर शुको कुनैपनि
जुत्ता वा चप्पलको खरिदमा
पाउनुहोस् १५%
नगद छुट ।
यो योजना पुष १८ गतेसम्म शिखर शुको शोरूममा मात्र लागू गरिएको छ ।
An ISO 9001:2008 Certified Company
Shikhar Shoe Industries Pvt. Ltd., Ranibari - 3, Kathmandu, Nepal
For Trade Inquiry: New Road, Guccha Tole, Tel: 01 4252234, 01 4259133, Mob: 9801015827
www.shikharshoe.com I www.facebook.com/shikharshoe I Email: shikharshoe@gmail.com

LG
Life's Good
Divide And Conquer Your Laundry
NEPAL'S NO.1 WASHING MACHINE
WASH TWO LOADS AT THE SAME TIME
LG TWINWash™
KEYADV/LG/2073
DD MOTOR Direct Drive Motor 10 YEAR WARRANTY
True Steam™ Allergy Care For Your Health
Fast & Clean with TurboWash™
World's first MOTION DD DirectDrive
reddot award
IDEA INTERNATIONAL DESIGN EXCELLENCE AWARDS
Front Load Washing Machine
21&3.5 Kg F2721STWV_ T2735NTWV
10 Kg WD-1410TS
10 Kg F1410SPRE
9.0 Kg F1409NPRW
8.0/4.0 Kg WD-1486ADP3 Washer & Dryer
8.0 Kg WD-1480TDT
7.5 Kg WD-1275QDT
7.0 Kg WD-1270SL
6.5 Kg F1296WDL24
6.0 Kg F-10B8NDL25
Top Load Washing Machine
13 Kg WF-T1371DD
10.5 Kg WF-T1054MJ
8.0 Kg WF-T80DR Jet Spray
8.0 Kg WF-T80FS Jet Spray
7.5 Kg WF-T75SF
7.0 Kg WF-T70SF
7.0 Kg WF-T7064
9.0 Kg TT-100R3S
6.5 Kg P-7255R3F
CG ELECTRONICS
CG Digital Park, Satungal, Kathmandu
Tel: 01-5108105 (D) 5108101(Ext. 795)
Email: p.bhandari@chaudharygroup.com
www.chaudharygroup.com
LG LIFESTYLE SHOPPE (LG Exclusive Company Showroom)
Gorkha Complex, Minbhawan, KTM, Tel: 01-4106530, 4106652
Civil Mall, Sundhara, KTM, Tel: 01-4253974, 4254025
Jawalakhel, Lalitpur, Tel: 01-5546612, 5546218
Kantipath, Kathmandu, Tel: 01-4218116
Chabahil: 01-6205707, 01-4461234
CG DIGITAL www.cgdigital.com.np
Ravibhawan: 01-4281749, 4276049
Bhatbhateni: 01-4431837, 4411269
Kumaripati: 01-5008772, 5008771
Hattigauda: 01-4376815
www.facebook.com/LGNepal
Open 7 days a week, 10:00 am - 7:30 pm
ISO9001:2008 CERTIFIED COMPANY
Marketed in Nepal by CG Impex Pvt. Ltd.
For Corporate Inquiry please call : 9851158580
For Dealership Enquiry, please call: Kathmandu Valley - 9841463855 Outside Valley - 9855020900
2 HRS 1 DAY 1 HR
Toll Free No. 166 00 100 211
For Ncell & UTL Contact: 01-4100141
LG Greencycle
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८